आदिवासी जनजाति आयोग

सातौं वार्षिक प्रतिवेदन

आ.व. २०८२/०८३

आदिवासी जनजाति आयोग
पुल्चोक, ललितपुर, नेपाल
२०८३

आयोगका पदाधिकारी



माननीय रामबहादुर थापामगर
अध्यक्ष



माननीय डा. मीनबहादुर श्रीस
सदस्य



माननीय रीना राना
सदस्य



माननीय शरण राई
सदस्य



माननीय सूर्यबहादुर गुरुङ
सदस्य



श्री तीर्थराज राई
सचिव

आदिवासी जनजाति आयोग

सातौं वार्षिक प्रतिवेदन

(२०८२-०८३)



आदिवासी जनजाति आयोग

पुल्चोक, ललितपुर, नेपाल

फोन: (+९७७)-१-५४२४७८८, ५४२००५८

इमेल: info@inc.gov.np

आदिवासी जनजाति आयोगको सातौं वार्षिक प्रतिवेदन-२०८३

प्रकाशक	:	**आदिवासी जनजाति आयोग** **पुल्चोक, ललितपुर, नेपाल**
प्रकाशन प्रति	:	**२२०० प्रति**
फोन नं.	:	**०१-५४२४७८८**
वेवसाइट	:	www.inc.gov.np
इमेल	:	info@inc.gov.np

सर्वाधिकार	:	**© आदिवासी जनजाति आयोग**

नोटः यस पुस्तकबाट कुनै अंश वा तथ्यांक साभार गर्दा स्रोत आदिवासी जनजाति आयोगको प्रतिवेदन २०८३ उल्लेख गर्नुपर्नेछ।

आदिवासी जनजाति आयोग
INDIGENOUS NATIONALITIES COMMISSION
पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

मितिः २०८३।०६।२९

विषयः सातौं वार्षिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

सम्माननीय राष्ट्रपतिज्यू,

राष्ट्रपतिको कार्यालय,

महाराजगञ्ज, काठमाडौं।

आदिवासी जनजाति आयोगले आर्थिक वर्ष २०८२।८३ (२०८२ श्रावण १ देखि २०८३ आषाढ मसान्तसम्म) सम्पादन गरेका कार्यहरुको गतिविधि र नेपाल सरकारले कार्यान्वयन गर्नुपर्ने सिफारिसहरु समेत राखी तयार गरिएको बार्षिक प्रतिवेदन नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीयज्यू समक्ष प्रस्तुत गरेका छौं।

भवदीय,

सुर्य बहादुर गुरुङ	शरण राई	रीना राना	मीन बहादुर श्रीस	रामबहादुर थापा मगर
सदस्य	सदस्य	सदस्य	सदस्य	अध्यक्ष

टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : info@inc.gov.np

आभार

आदिवासी जनजाति समुदायले आफ्नो हक अधिकार संरक्षण र सम्बर्द्धनका लागि गरेको लामो संघर्षको परिणामस्वरूप संविधानको धारा २६१ बमोजिम स्थापित संवैधानिक निकाय आदिवासी जनजाति आयोगले संविधान र आदिवासी जनजाति आयोग ऐनलगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको परिधिभित्र रही आदिवासी जनजाति समुदायका हक अधिकार सम्बन्धित सरकारी तथा गैरसरकारी निकायबाट कार्यान्वयन भए नभएको अनुगमन, मूल्याङ्कन र विभिन्न कार्यक्रम (अध्ययन अनुसन्धान) गर्दै आएको छ । यो आयोगको संवैधानिक तथा कानुनी दायित्व हो ।

संविधान र कानुनको पालना एवं समुदायप्रतिको उत्तर दायित्वको बोध गर्दै आयोगले गरेको कार्यक्रम सम्बन्धित सबैलाई सुसूचीत गर्न र संविधानको धारा-२९४ बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश गर्न आयोगद्धरा यो वार्षिक प्रतिवेदन तयार गरिएको हो । यो प्रतिवेदन नियमित गरिने कार्य मात्रै नभएर आयोग र आदिवासी जनजाति समुदायको महत्वपूर्ण ऐतिहासिक दस्तावेज पनि हो । आयोगले वर्षभरी गरेका कार्यक्रमको फेहरिस्त मात्रै नभई प्रतिवेदनमा आयोगले वर्षभरी आदिवासी जनजाति समुदायको हक अधिकार कार्यान्वयनको अनुगमनका क्रममा सामना गर्दा संवैधानिक, कानुनी, आर्थिक, प्रशासनिकलगायतका बाधा अड्चनका विषयलाई सरकारले गर्नु पर्ने कामलाई सिफारिसको रूपमा प्रतिवेदनमा समावेश गरिएको छ । यो आयोगले गरेको महत्वपूर्ण कार्यको प्रतिफल हो । आयोगको सिफारिस आयोग आफैले अध्ययन अनुगमन तथा मूल्याङ्कन गरी प्राप्त तथ्य तथ्याङ्क र प्रमाणको आधारमा तयार गरिएको हो ।

आदिवासी जनजाति समुदायको लागि प्रचलित कानुनले व्यवस्था नगरेको तर संविधानको अक्षर र भावनाले आत्मसात् गरेको विषयलाई पनि आयोगले कार्यान्वयन गर्नका लागि सरकारलाई सिफारिस गर्न सक्ने आयोगको संवैधानिक तथा कानुनी अधिकार छ । आदिवासी जनजातिको परम्परागत दर्शन र प्रचलनलाई संविधान र कानुनले कुण्ठित गरेको छ भने संविधान र कानुनका त्यस्ता विषयलाई संशोधनका लागि सरकारलाई सिफारिस गर्ने अधिकार आयोगको संबैधानिक अधिकार हो । यसर्थ, आयोगको सिफारिस महत्वपूर्ण हुन्छ । यही मूल्य र मान्यतामा आधारित भएर आयोगले वार्षिक प्रतिवेदनमा आदिवासी जनजातिका हक अधिकारसम्बन्धी विभिन्न विषयका सिफारिस गर्दछ र गर्दैआएको छ ।

प्रतिवेदनको प्रकाशन कार्य सम्पादनसँग जोडिएको र सम्पादन कार्य प्राविधिक भएकोले यसको लागि धेरैको सल्लाह, सुझाव र योगदान आवश्यक हुन्छ । यो प्रतिवेदन प्रकाशन आयोगको संस्थागत भएपनि सम्पादनका प्राविधिक पक्षहरू वैयक्तिक पनि हुन्छन् । प्रतिवेदन तयार गर्न आवश्यक विषयदेखि सिफारिससम्मका सामग्री उपलब्ध, संयोजन र मार्गनिर्देशन गर्नुहुने आदिवासी जनजाति समुदायका जातीयसंस्था, नेपाल सरकार र आदिवासी जनजाति विज्ञलाई धन्यवाद व्यक्त गर्दछु ।

यो प्रकाशनका लागि सम्पादन कलाका विज्ञ र व्यवसायिक सीप र दक्षता भएका व्यक्तिबाट नभई आयोगले आफैभित्रका ज्ञान, श्रोत र सीपलाई प्रयोग गरेर सम्पादन तथा प्रकाशन गरेको हो । प्रतिवेदनमा भएको त्रुटीप्रति आयोग आफै जिम्मेवार हुने जानकारी गराउँदै आयोगको यो सातौं तथा हाम्रो कार्यकालको अन्तिम प्रतिवेदन तयारीमा योगदान दिनुहुने आयोगका माननीय सदस्य र कर्मचारी सबैलाई धन्यवाद दिन चाहन्छु । आगामी दिनमा तयार गरिने आयोगको प्रतिवेदन आदिवासी जनजाति समुदायको हक अधिकार प्राप्तिमा अझ ससक्त र सहयोगी हुने आशा गर्दछु । धन्यवाद ।

रामबहादुर थापामगर
(अध्यक्ष)
आदिवासी जनजाति आयोग

२९ असोज २०८३
पुल्चोक, ललितपुर

प्रतिवेदनको कार्यकारी सारांश

नेपालका आदिवासी जनजाति समुदायले आफ्नो गौरवमय इतिहास, पहिचान र अधिकारका लागि गरेको संघर्ष र बलिदानको उपलब्धी स्वरूप संविधानको धारा २६१ बमोजिम स्थापित आदिवासी जनजाति आयोगले संविधान र आदिवासी जनजाति आयोग ऐन, २०७४ अनुसार आर्थिक वर्ष २०८२।०८३ मा सम्पाद गरेका महत्वपूर्ण कार्यको विवरण र नेपाल सरकारले कार्यन्वयन गर्नुपर्ने सिफारिस सहित संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश गर्न तयार गरिएको आयोगको वार्षिक प्रतिवेदनको कार्यकारी सारांश यसप्रकार छः

यस प्रतिवेदनको परिच्छेद-१ मा आदिवासी जनजाति समुदायले आफ्नो हक अधिकार प्राप्तिको लागि गरेको संघर्षको पृष्ठभूमिसहित आयोगको परिचय, गठन, काम, कर्तव्य, अधिकार र आयोगको सांगठनिक स्वरूपको बारेमा संक्षिप्त रूपमा उल्लेख गरिएको छ ।

परिच्छेद-२ मा नेपाल सरकारद्वारा सूचीकृत ६० आदिवासी जनजाति समुदायको संक्षिप्त परिचयसहित जनसंख्या, शैक्षिक अवस्था, उनीहरूको मातृभाषाको अवस्था, सम्पन्नताको विवरण, विकास सूचकांकको आधारमा बर्गिकरण र आदिवासी जनजातिको संवैधानिक तथा राष्ट्रिय अन्तर्राष्ट्रिय अधिकार र ती अधिकार सम्बन्धी नेपालको संविधान, कानुन र अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र घोषणापत्रमा भएको अधिकार बारे संक्षिप्तमा उल्लेख छ । नेपालको कुल जनसंख्याको ३४.८७ प्रतिशत आदिवासी जनजातिको जनसङ्ख्या १ करोड १ लाख ६८ हजार ८ सय ४४ छ । तथ्याङ्क अनुसार ७० लाख ७ हजार २७ जना अर्थात ६८.९ प्रतिशतले आ-आफ्नो मातृभाषा बोल्दछन् । औसतमा आदिवासी जनजातिको साक्षरता दर ७८.२ देखिए पनि डोल्पो आदिवासी समुदायको साक्षरता दर ४८.२ मात्र छ जुन नेपालको औषत ७६.२ भन्दा २८.१ प्रतिशत कम हो । आदिवासी जनजातिको अधिकार सम्बन्धी सङ्युक्त राष्ट्रसङ्घीय घोषणापत्र लगायतका अन्तर्राष्ट्रिय कानुनलाई नेपाल सकारले अनुमोदन गरी सर्वोच्च अदालतले समेत परमादेश र फैसला गरिसक्दा पनि नेपाल सरकारले कार्यान्वयन नगरेकोले आदिवासी जनजाति समुदाय आफ्नो हक अधिकारबाट वञ्चित भएको छ ।

परिच्छेद-३ मा आदिवासी जनजातिको राजनीतिक प्रतिनिधित्व उल्लेख छ । गणतन्त्रपछि गठन भएको २०६४ को संविधानसभामा मात्रै आदिवासी जनजातिको पूर्ण समानुपातिक प्रतिनिधित्व ३५.९४ प्रतिशत थियो तर गणतन्त्र कार्यान्वयनपछि नीति निर्माणको उच्च निकाय संघीय संसदमा आदिवासी जनजातिका प्रतिनिधित्व निरन्तर खस्कँदो छ । २०७९ मा निर्वाचित प्रतिनिधिसभामा आदिवासी जनजातिको ३० प्रतिशत थियो तर जेनजी आन्दोलन पश्चात २०८२ फाल्गुनमा सम्पन्न मध्यावधि निर्वाचनमा आदिवासी जनजातिको प्रतिनिधित्व २४.७ प्रतिशत मात्र छ । समावेशी नामले परिचित राष्ट्रियसभामा हाल आदिवासी जनजातिको प्रतिनिधित्व ११.५ प्रतिशत मात्र छ । संघीयता कार्यान्वयन गर्ने प्रदेशसभामा ३३.२७ प्रतिशत र स्थानीय सरकारमा प्रतिनिधित्व ३५.९८ प्रतिशत छ ।

यस प्रतिवेदनको परिच्छेद-४ मा सार्वजनिक निकायमा आदिवासी जनजातिको प्रतिनिधित्वलाई विश्लेषण गरिएको छ । आयोगको अध्ययन (२०८१) अनुसार विगतको तुलनामा केही बढेपनि विधायिका निर्मित कानुनको कार्यान्वयन गर्ने स्थायी सरकार मानिएको निजामती सेवामा आदिवासी

जनजातिको प्रतिनिधित्व १६.९ प्रतिशत र, शिक्षक सेवामा ११.३ प्रतिशत मात्र छ । यो तथ्याङ्कले समावेशी लोकतन्त्र कार्यान्वयनको दुई दशकको अभ्यासमा पनि आदिवासी जनजाति समुदाय किनाराकृत अवस्थामै रही समावेशी राज्य निर्माण हुन नसकेको तथ्य र तथ्यांकले देखाएको छ ।

आदिवासी जनजाति आयोग ऐनको दफा१२ (२)मा आयोगको प्रदेश कार्यालय स्थापना गर्ने प्रावधान भएपनि आयोगको कार्यालय स्थापनामा सरकार उदासिन भएकोले प्रदेशस्तरमा आयोगको काम प्रभावकारी हुनसकेको छैन । संवैधानिक प्रावधान अनुसार हरेक वर्ष प्रदेश प्रमुखलाई वार्षिक प्रतिवेदन पेश गरेपनि प्रदेशसभामा आयोगको प्रतिवेदनमाथि आयोगको पदाधिकारीसहित आजसम्म छलफल हुन सकेको छैन । आयोगले आफ्नो सीमित श्रोत साधान र समयको बाबजुद हरेक प्रदेशमा आफ्नो गतिविधि गर्दैआएको छ । प्रदेशमा गरिएको कार्यक्रमको प्रदेशगत विवरण प्रतिवेदनको परिच्छेद-५ मा उल्लेख गरिएको छ जहाँ आदिवासी जनजातिको जनसंख्या, भाषा, संस्कृतिको अवस्था र राजनीतिक प्रतिनिधित्वको विश्लेषण गरिएको छ ।

प्रतिवेदनको परिच्छेद-६ मा आयोगको कार्यसम्पादन र मूल्याङ्कन तथा आयोगमा परेका महत्वपूर्ण उजुरी र आयोगले गरेका महत्वपूर्ण कार्यहरूको विवरण समावेश छ । आयोगमा परेका उजुरीमध्ये आर्थिक, प्रशासनिक तथा गहन अध्ययनको दृष्टिकोणले समय नपुगी स्थगन भएका तर कार्य प्रगतिमा भएका ८ बाहेक अन्य उजुरीलाई आयोगले समाधान गरेको र आयोगले गरेको अन्य महत्वपूर्ण कार्यको विवरण उल्लेख गरिएको छ ।

परिच्छेद-७ मा आयोगले यस आफ्नो कार्य सम्पादानको सिलसिलामा देखे भोगेको कठिनाई र आदिवासी जनजाति समुदायको सुझाव अनुसार नेपाल सरकारले कार्यन्वयन गर्नु पर्ने २० वटा सिफारिस उल्लेख गरिएको छ । र, विगतका प्रतिवेदनमा सम्माननीय राष्ट्रपतिज्यूमार्फत् नेपाल सरकारलाई कार्यान्वयनको लागि गरिएको ८४ वटा सिफारिस र त्यसको कार्यान्वयनको अवस्थाबारे उल्लेख छ । सिफारिसमध्ये केहीको आँशिक कार्यान्वयन भएपनि ९० प्रतिशत सिफारिसको कार्यान्वयन नभएको र सिफारिस कार्यन्वयनको लागि संघीय सरकारका प्रधानमन्त्री र सबै प्रदेशका मुख्यमन्त्रीलाई समेत ताकेता गरिएको छ ।

परिच्छेद-८ मा आयोगले आफ्नो कार्यसम्पादन गर्दा सामना गरेको कानुनी तथा संवैधानिक, प्रशासनिक र आर्थिक समस्या र ती समस्याले ल्याएको चुनौती र आगामि कार्यदिशा बारे उल्लेख गरिएको छ । ज्यादै न्यून आर्थिक तथा भौतिक र मानवीय समस्या नै आयोगको मुख्य समस्या र आयोगको सिफारिस सरकारले कार्यान्वयन नगर्दा संविधान र कानुनप्रदत्त हकअधिकार आदिवासी जनजाति समुदायले उपभोग गर्न नपाएर राज्यलाई समुदायले अपनत्व नलिँदा राज्य र समुदायबीच हुने असामन्जस्यता समन्वयन गर्नुपर्ने चुनौती देखिएको छ ।

प्रतिवेदनको अन्त्यमा विभिन्न अनुसूचीहरूमा आयोगले गरेका मुख्य कार्यक्रम, सभा, समारोह र अन्तर्राष्ट्रिय सम्बन्धमा भएका समझदारी पत्र एवं प्रेस विज्ञप्ति र महत्वपूर्ण कार्यक्रमका तस्विरहरू समावेश गरी प्रतिवेदनलाई पूर्णता दिइएको छ ।

विषय – सूची

परिच्छेद - एक

आदिवासी जनजाति आयोगको परिचय **१**

१.१ पृष्ठभूमि १
१.२ आयोगको गठन १
१.३ काम कर्तव्य र अधिकार २
१.४ आयोगको संगठन संरचना तथा दरवन्दी २
१.५ प्रतिवेदनसम्बन्धी व्यवस्था ३

परिच्छेद-दुई

आदिवासी जनजातिको परिचय **४**

२.१ पृष्ठभूमि ४
२.२ आदिवासी जनजातिको परिचय/परिभाषा ५
२.३ नेपालका आदिवासी जनजातिको अवस्था ६
२.४ आदिवासी जनजाति समुदायको जनसंख्या विवरण ६
२.५ आदिवासी जनजाति समुदायको मातृभाषा ८
२.६ आदिवासी जनजाति समुदायको साक्षरताको अवस्था १०
२.७ आदिवासी जनजाति समुदायको सम्पन्नताको विवरण १२
२.८ परिवार अनुसारको सम्पन्नताको पञ्चमक विवरण १४
२.९ आदिवासी जनजाति समुदायको वर्गीकरण १६
२.९.१ लोपोन्मुख समूह १६
२.९.२ अति सीमान्तकृत समूह १६
२.९.३ सीमान्तकृत समूह १७
२.९.४ सुविधा वञ्चित समूह १८
२.९.५ उन्नत समूह १९
२.१० आदिवासी जनजाति समुदायको संवैधानिक अधिकार २०
२.११ आदिवासी जनजाति अधिकार सम्बन्धी कानुनी व्यवस्था २१
२.१२ आदिवासी जनजातिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनी व्यवस्था २२

परिच्छेद-तीन

आदिवासी जनजाति समुदायको राजनीतिक प्रतिनिधित्व **२३**

३.१ पृष्ठभूमि २३
३.२ बि.सं. २०१५ सालदेखि २०८२ सालसम्म संविधान सभामा आदिवासी जनजातिको प्रतिनिधित्व २३

परिच्छेद- चार

सार्वजनिक निकायमा आदिवासी जनजातिको प्रतिनिधित्व ५५

४.१ पृष्ठभूमि ५५
४.२ निजामती सेवा ५५

४.३ शिक्षक सेवा ५७
४.४ नेपाली सेना ५७
४.५ नेपाल प्रहरी ५८
४.६ सशस्त्र प्रहरी बल नेपाल ५९
४.७ समावेशी विज्ञापनमार्फत सिफारिस भएका आदिवासी जनजाति ६१
४.८ आर्थिक वर्ष २०८०/८१ मा सिफारिस भएका आदिवासी जनजाति उम्मेदवार ६१
४.९ अध्ययनमा समावेश सार्वजनिक निकायमा आदिवासी जनजातिको समग्र प्रतिनिधित्व ६४
४.१० अध्ययनको निश्कर्ष ६४

परिच्छेद -पाँच

प्रदेशगत विवरण **६६**

५ .१ पृष्ठभूमि ६६
कोशी प्रदेश ६७
मधेश प्रदेश ७७
बागमती प्रदेश ८२
गण्डकी प्रदेश ८९
लुम्बिनी प्रदेश ९७
कर्णाली प्रदेश १०२
सुदूरपश्चिम प्रदेश १०६

परिच्छेद -छ

आयोगको मुख्य मुख्य कार्यहरु ११०

परिच्छेद -सात

आयोगले गरेका सिफारिस र कार्यान्वयनको अवस्था ११९

परिच्छेद-आठ

आयोगको समस्या, चुनौति र आगामी कार्यदिशा १३३

अनुसूची - १: आ.ब. २०८२/८३ को खर्चको फाटवारी (व.उ.शी. नं. २२८०००१३) **१३८**
अनुसूची - २: आ.ब. २०८१/८२ को खर्चको फाँटवारी (व.उ.शी. नं. २२८०००११४) **१४२**
अनुसूची - ३: आ.व २०८२।८३ का लागि स्वीकृत कार्यक्रम १४३
अनूसुची- ४: चीन र नेपालबीच भएको समझदारीपत्र १४४

थप अनूसुचीहरु १४६
अनुसूची ५: केही महत्वपूर्ण कार्यक्रमका तस्वीरहरु १५७

आदिवासी जनजाति आयोगको परिचय

१.१ पृष्ठभूमि

नेपालका आदिवासी जनजाति समुदायलाई तत्कालीन शासकले राज्यको नीति निर्माण र कार्यान्वयनको मूलधारबाट किनाराकृत गरी सामाजिक, धार्मिक, सांस्कृतिक, भाषिक, आर्थिक तथा राजनीतिक दृष्टिकोणबाट पछाडि पारे । उनीहरुलाई दोस्रो दर्जाको नागरिक बनाई लामो समयसम्म उत्पीडनमा पार्दै आए । वि.सं. २००७ सालको प्रजातन्त्रको शुरुवातसंगै आदिवासी जनजातिले आफ्नो भाषा, धर्म, संस्कार तथा संस्कृति संरक्षण र सम्बर्द्धनको लागि विभिन्न संघ संस्थाहरु खोल्न शुरु गरे तर स्वतन्त्ररुपमा संचालन गर्न पाएनन् । पञ्चायती शासनकालमा आदिवासी जनजाति अगुवाले सेतामगुरालीको नामबाट आफ्नो समुदायको हक अधिकार प्राप्तिको लागि विभिन्न अभियान संचालन गरे तर प्रतिबन्धको कारण उल्लेखनीय उपलब्धी हासिल गर्न सकेनन । वि.सं. २०४६ सालको प्रजातन्त्र पुनरबहालीपश्चात आदिवासी अगुवाले आदिवासी जनजातिका मुद्दालाई अगाडि बढाउन वि.सं. २०४७ सालमा नेपाल जनजाति महासंघ स्थापना गरे । उक्त महासंघको नेतृत्वमा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा विभेदको अन्त्य, सामाजिक न्याय र समान प्रतिनिधित्वको लागि आफ्ना माग उठाए । अन्तर्राष्ट्रिय जगतमा पनि आदिवासीले आफ्ना माग उठाउन थाले पश्चात संयुक्त राष्ट्र संघको महासभाले आदिवासी जनजातिको हक अधिकार सुनिश्चितताको लागि अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धि (१९८९) नं. १६९ , जैविक विविधता सम्बन्धी महासन्धि १९९२, अभौतिक सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि २००३ र आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) २००७ समेत पारित गरे । उक्त महासन्धिलाई नेपाल सरकारले अनुमोदन र घोषणापत्रको कार्यान्वयन गर्ने प्रतिबद्धता गरेको छ । यी महासन्धि तथा घोषणापत्र कार्यान्वयन गर्न आदिवासी जनजाति समुदायको राज्यको हरेक निकायमा समानुपातिक प्रतिनिधित्व सुनिश्चतताका लागि समानुपातिक समावेशी सिद्धान्त अबलम्बन गर्न अन्तरिम संविधान २०६३ मा संवैधानिक व्यवस्था भयो ।

संविधान सभाबाट संविधान निर्माण गर्ने प्रक्रिया अगाडि बढेसँगै आदिवासी जनजाति समुदायको हक अधिकार सुनिश्चितताका लागि आदिवासी जनजाति समुदायले विभिन्न आन्दोलन गरे । उनीहरुले उठाएका मागलाई सम्बोधन गर्न २०६५ भदौ ५ गते तत्कालीन सरकार र आदिवासी जनजाति महासंघबीच २० बुदे सम्झौता सम्पन्न भयो । सम्झौताको बुँदा नं. ५ मा आदिवासी जनजाति समुदायको हक अधिकार संरक्षण र सम्बर्द्धनको लागि संवैधानिक निकाय, आदिवासी जनजाति आयोग गठन बारे उल्लेख गरिएको छ । आदिवासी जनजाति समुदायसँग भएको सम्झौतालाई आत्मसात गरी नेपालको संविधान (२०७२) को धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था गरिएको छ ।

१.२ आयोगको गठन

संविधानको धारा २६१ कार्यान्वयनको लागि संवैधानिक परिषदको सिफारिसमा सम्माननीय राष्ट्रपतिद्वारा मिति २०७७ माघ २१ गते आयोगको अध्यक्ष र सदस्यहरु नियूक्त गरी आदिवासी जनजाति आयोगको गठन भयो । आयोगको गठन पश्चात आदिवासी जनजाति आयोग ऐन, २०७४ र नियमावली, २०७९ बमोजिम आदिवासी जनजातिको समग्र अध्ययन अनुसन्धान, नीतिगत सुधार, आदिवासी जनजातिको हक अधिकार उल्लघंनको उजुरी तथा छानबिन,

आदिवासी जनजातिको संवैधानिक तथा कानुनी अधिकार सम्बन्धित निकायले कार्यान्वयन गरे नगरेको अनुगमन गरी सरकारलाई सिफारिस गर्दै आएको छ । आयोगले वार्षिक रुपमा गरेको कामको विवरण र नेपाल सरकारले कार्यान्वयन गर्नुपर्ने विभिन्न विषयको सिफारिस सहित ५ वटा प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरेको छ । प्रतिवेदन मार्फत तीन तहका सरकारलाई आदिवासी जनजातिको हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्न नीति तथा कानुन तर्जुमा गरी लागू गर्न सिफारिस गरिएको छ ।

१.३ काम कर्तव्य र अधिकार

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ बमोजिम आयोगको प्रमुख काम ,कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः-


1. आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत ,कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
2. उनीहरुको हक हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि सरकारलाई सिफारिस गर्ने,
3. आदिवासी जनजाति नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा र अनुगमन गर्ने,
4. आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,
5. आदिवासी जनजाति समुदायको भाषा, लिपि, संस्कृति, परम्परा, साहित्य कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
6. आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप ,प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्धन गरी व्यावसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने,
7. आदिवासी जनजाति समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयनको लागि सरकारलाई सिफारिस गर्ने ,
8. आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
9. आदिवासी जनजाति समुदायको थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
10. आदिवासी जनजाति समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण र सम्वर्द्धनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
11. आदिवासी जनजातिको उद्गम स्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना ,वस्तु र स्थलहरुको संरक्षण र सम्वर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
12. आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

१.४ आयोगको संगठन संरचना तथा दरवन्दी

संविधानको धारा २६१ र आदिवासी जनजाति आयोग ऐन, २०७४ बमोजिम आदिवासी जनजाति आयोगमा अध्यक्ष र चार जना सदस्यहरु रहने व्यवस्था छ। आयोगको स्वीकृत संगठन संरचना अनुसार आयोगका अध्यक्ष र सदस्यको मातहतमा सचिव र सचिवको मातहतमा अन्य कर्मचारीहरु रहने व्यवस्था छ । आदिवासी जनजाति आयोग ऐन, २०७४ बमोजिम आयोगबाट भएका निर्णय कार्यान्वयन तथा प्रचलित कानुन बमोजिमका व्यवस्थापकीय कार्यहरु

सम्पादन गर्नको लागि प्रशासन, योजना तथा अनुगमन शाखा र अधिकार प्रवर्द्धन तथा सशक्तीकरण इकाई गरी २ वटा शाखाहरु रहेका छन् । आयोगको संगठन संरचना र दरवन्दी तेरिज निम्न बमोजिम छ :

आदिवासी जनजाति आयोगको संगठन संरचना



क. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अन .प्रथम श्रेणी) सरहको प्रत्येक पदाधिकारी/सदस्यहरुलाई एक जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गरिएको ।

ख. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणी विहिन) प्रत्येक पदाधिकारी/सदस्यहरुलाई एक जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गरिएको ।

ग. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने कार्यालय सहयोगी (श्रेणी विहिन) दुई जना सदस्यहरुलाई एक जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गरिएको ।

घ. स्वीपर १ जना सेवा करारमा नियुक्ति गरिएको ।

(नोट: नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।०८।३० गतेको निर्णय अनुसार आयोगको कर्मचारी सम्बन्धमा संशोधित संगठन संरचना)

१.५ प्रतिवेदनसम्बन्धी व्यवस्था

संविधानको धारा २९४ मा आयोगले गरेको कामकारवाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । प्रस्तुत प्रतिवेदन राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत संघीय संसद समक्ष पेश गर्न लगाउने छ । आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा २२ मा आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वार्षिक प्रतिवेदन बुझाउने कानुनी व्यवस्था उल्लेख छ ।

आदिवासी जनजातिको परिचय

२.१ पृष्ठभूमि

प्राचीन कालदेखि निश्चित भूगोलमा बसोबास गर्दै आएका आ–आफ्नै मौलिक संस्कार, संस्कृति, मातृभाषा, थातथलो, प्रथा जनित लिखित वा अलिखित परम्परा इतिहास भएका जाति वा समुदाय आदिवासी जनजाति हुन् भनी परिभाषा गरिएको छ । आदिवासी जनजाति समुदाय सामूहिक प्रणालीमा विश्वास गर्ने भएकोले आ–आफ्नो जातीय समुदायको छाछुट्टै सामूहिक प्रणालीको व्यवस्था रहेको पाइन्छ । जसअनुसार मगरको भेजा, थारुको बरघर, तामाङको चोहो, नेवारको गुठी, गुरुङको नाल सभा, राईको यायोक्खा, लिम्बुको याक्थुङ चुम्लुङ र शेर्पाको न्ववा लगायत सामुदायिक तथा परम्परागत संस्था हुन् । पृथ्वीनारायण शाहको राज्य एकीकरण अभियान पश्चात आदिवासी जनजातिका सामूहिक पद्दतिलाई समाप्त पारियो । नेपाली समाज भित्र उच्चनीच वा ठूलो र सानोमा विभाजन गरी एकल जातको आधारमा शासन गर्दै आए । जंगबहादुर राणाले जारी गरेको मुलुकी ऐन, १९१० मा जात व्यवस्थालाई कानुनी मान्यता दिई आदिवासी जनजाति समुदायलाई मासिने र नमासिने मतवालीमा विभाजन गरी पहिचानको अस्तित्व नै लोप गराइयो । पहिचानको आवाज उठाउने कैयौं आदिवासी जनजाति अगुवा मारिए ।

आदिवासी जनजाति समुदायलाई बहिष्करणमा पारी जातीय भेदभावमा आधारित कानुनी व्यवस्था गरिएकोले उनीहरु उत्पीडनमा परे । हुकुम बमोजिम निश्चित व्यक्ति वा थरका समूहले मात्र सेवा सुविधा पाउने व्यवहारले आम नेपाली जनता प्रताडित हुन पुगे । निरङ्कुस राणा शासन व्यवस्थाको विरुद्धमा आवाज उठाउने धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, दशरथ चन्द र शुक्रराज शास्त्री वि.सं. १९९७ सालमा शहीद हुनु पर्यो । तत्कालीन शासन व्यवस्थाको विरुद्दमा नेपाली जनताको असन्तुष्टिलाई सम्बोधन गर्न प्रयासस्वरुप वैधानिक कानुन २००४ जारी भएता पनि लागू हुन सकेन । वि.सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलन पछि अन्तरिम शासन विधान २००७ जारी भए तर जातीय विभेद कायम नै रह्यो । वि.सं. २०१५ सालको नेपाल अधिराज्यको संविधानमा केही मौलिक हकको व्यवस्था गरितापनि राजाले २०१७ सालमा संसद विघटन गरी राजाको एकतन्त्रीय शासन व्यवस्था लागू गर्न नेपालको संविधान २०१९ जारी गरे । वि.सं. २०२० भदौ १ देखि लागू हुने गरी मुलुकी ऐन, २०२० जारी गरी जातीय भेदभाव वा छुवाछुतको व्यवस्था हटाइयो तर व्यवहारमा हट्न सकेन । संघ संस्था दर्ता ऐन, २०३४ सालमा ल्याइए पनि जातीय हक अधिकार संरक्षण र सम्बर्द्धनको लागि संघ संस्था खोल्न अघोषित रुपमा प्रतिबन्ध थियो ।

वि.सं २०४६ सालको जनआन्दोलनपछि 'नेपाल अधिराज्यको संविधान २०४७' ले वाक स्वतन्त्रता, संघ संस्था खोल्न पाउने नागरिक अधिकारको व्यवस्था गर्यो । यही अधिकारको उपयोग गरी आदिवासी जनजातिले आफ्नो भाषा, धर्म, संस्कृति, संस्कार र परम्पराको संरक्षण तथा सामाजिक न्यायका लागि नेपाल जनजाति महासंघको नेतृत्वमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको अवधारणा अगाडि बढायो । तत्पश्चात २०५२ सालमा सरकारले प्राध्यापक सन्तबहादुर गुरुङको संयोजकत्वमा पाँच सदस्सीय कार्यदल गठन गर्यो । उक्त कार्यदलको सिफारिसमा "राष्ट्रिय जनजाति विकास समिति, २०५४" गठन भयो । आदिवासी जनजातिको परिभाषा, हक अधिकार र आदिवासी जनजाति सूचीकरण सहित "आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८" जारी भयो । उक्त ऐनमा आदिवासी जनजातिको परिभाषा र ५९ जातिलाई सूचीकरण समावेश गरिएको छ । वि.सं. २०७७।२।५ मा राना थारुलाई समेत थप गरी हाल ६० आदिवासी जनजाति समुदाय सूचीकृत छ ।

२.२ आदिवासी जनजातिको परिचय/परिभाषा

आदिवासी जनजाति समुदायको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा विभिन्न प्रकारले अर्थ र परिभाषा गरिएको छ । नेपालको सन्दर्भमा आदिवासी जनजाति भन्नाले "आफ्नो मातृभाषा, परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमका जाति वा समुदाय सम्झनु पर्दछ" (आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८) ।

"आदिवासी जनजातिलाई कुनै भूगोल, देश वा स्थानमा पहिलेदेखि बसोबास गर्दै आएको जाति, आदिम निवासी, आदिम जाति भन्ने सम्झनु पर्दछ" (नेपाली बृहत् शब्दकोष) ।

"आदिवासी जनजाति" भन्नाले आयोगको सिफारिसमा नेपाल सरकारले तोकेको जाति वा समुदाय सम्झनुपर्छ (आदिवासी जनजाति आयोग ऐन, २०७४) ।

अन्तर्राष्ट्रिय श्रमसम्बन्धी महासन्धि नं. १६९ अनुसार आदिवासी जनजाति भन्नाले निम्न विशेषता भएको समुदायलाई जनाउँछः

(क) आफ्नै सामाजिक, सांस्कृतिक सङ्गठन, आर्थिक अवस्था, राष्ट्रिय जातिको समूहभन्दा पृथक जीवनपद्धति भएको, जीवनयापनका आफ्नै पद्धति, भाषा संस्कृति भएको, आफ्नै परम्परा र प्रचलन अथवा विशेष कानुनी मान्यता भएको, ऐतिहासिक निरन्तरता, क्षेत्रीय सम्बन्ध या भूमि (उनीहरूको पुर्खाले बसोबास गरेका देश वा प्रदेश) भएको र विशिष्ट सामाजिक, आर्थिक, सांस्कृतिक संस्था, जो उनीहरूले आंशिक वा पूरै आज पनि बचाएर राखेका छन् । (आइएलओ १६९)

(ख) आदिवासी जनजाति अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (सन् २००७) ले आदिवासी जनजातिको परिभाषा नगरेपनि आदिवासी जनजाति अधिकारको व्याख्या र उसको पहिचान, विशेषता उल्लेख गरेको देखिन्छ । आदिवासी जनजाति भनेको यो घोषणापत्रमा भएका अधिकारको भागिदार हुने उल्लेख गरेको छ । घोषणापत्र अनुसार निम्न विशेषता भएको समुदायलाई आदिवासी जनजाति जनाउँछः

(क) आफ्नै विशिष्टता र भौगोलिक क्षेत्र या भूमि भएको,

(ख) प्राकृतिक स्रोत साधनमाथि आफ्नो पकड नभएको,

(ग) निश्चित क्षेत्रमाथि ऐतिहासिक निरन्तरता, औपनिवेशिक, सांकृतिक तथा भाषिक विशेषता र राजनीतिको साथै कानुनी पहिचान भएको, र

(ङ) राज्यद्धारा सीमान्तकृत पारिएको ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र विभिन्न सन्धि तथा महासन्धि र संयुक्त राष्ट्रसंघीय घोषणापत्रको अर्थ र आशय अनुसार निश्चित भूभागमा ऐतिहासिक कालदेखि बसोबास गर्दै आएका, आफ्नै विशिष्ट पहिचान, मौलिक भाषा, संस्कार, संस्कृति तथा थातथलो भएका समुदायलाई आदिवासी जनजाति समुदाय भनिएको देखिन्छ । नेपालको सन्दर्भमा पूर्वि नेपालको पाँचथर, ताप्लेजुङ र तेह्रथुम लगायतको जिल्ला लिम्बु समुदाय, सुदूरपश्चिमको दार्चुलाको कालापानी टिङकर क्षेत्रका व्यासी समुदाय, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखल्ढुंगा र रामेछापका किराँत राई

र सुनुवार, पाल्पा, गुल्मी, स्याङ्जा, रुकुम, रोल्पा क्षेत्रका मगर, मनाङ, लम्जुङ, कास्कीका गुरुङ, काठमाडौ उपत्यकाका नेवार, काठमाडौ वरिपरी जिल्लाका तामाङ, तराईका थारु, धिमाल, राजी, राजवंशी, मण्डल, मेचे तथा राना थारु, हिमाली क्षेत्रका शेर्पा समुदायलाई आदिवासी जनजाति भनिएको छ । यी समुदायहरुको आ-आफ्नै प्रकारको भाषा, संस्कार, संस्कृति, परम्परा प्रथा जनित अभ्यासहरु रहेका छन् ।

२.३ नेपालका आदिवासी जनजातिको अवस्था

नेपालको कूल जनसंख्या २,९१,६४,५७८ मध्ये आदिवासी जनजाति समुदायको जनसंख्या १,०१,६८,८४४ अर्थात् ३४.८७ प्रतिशत देखिन्छ । आदिवासी जनजाति मध्ये धेरै जनसंख्या भएको मगर समुदायको संख्या २०,१३,४९८ रहेको छ र सबैभन्दा कम कुशुण्डाको संख्या २५३ रहेको छ । राष्ट्रिय जनगणना २०७८ मा आधारित सूचीकृत आदिवासी जनजाति समुदायको जनसंख्या, मातृभाषा, साक्षरता, सम्पन्नता, सम्पन्नताको पञ्चमक विवरण र वर्गीकरणको विश्लेषण तालिकामा उल्लेख गरिएको छ ।

२.४ आदिवासी जनजाति समुदायको जनसंख्या विवरण

सूचीकृत आदिवासी जनजाति मध्ये राष्ट्रिय जनगणना, २०७८ मा सियार, थुदाम, छैरोतन, ताङवे, तीनगाउँले थकाली, बाह्रगाउँले र मार्फाली थकालीको जनसंख्या उल्लेख छैन । नेपालका आदिवासी जनजाति समुदायमा केही समुदायको जनसंख्या स्थिर रहेको वा थोरै मात्र वृद्धि भएको देखिन्छ भने केही समुदायको जनसंख्या घट्दो अवस्थामा रहेको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार आदिवासी जनजाति समुदायको कुल जनसंख्या ९४,८७,६४२ (३५.८१%) थियो भने पछिल्लो जनगणना २०७८ मा यो संख्या १,०१,६८,८४४ (३४.८७%) देखिन्छ । यी समुदायको बसोबास नेपालको हिमाल, पहाड र तराई तीनै भौगोलिक क्षेत्रमा फैलिएको छ । प्रदेशगत रूपमा, बागमती प्रदेशमा ३२,९४,३१०, कोशी प्रदेशमा २१,८४,१९८, गण्डकी प्रदेशमा ११,३५,९१२, लुम्बिनी प्रदेशमा १६,९०,१८६, मधेश प्रदेशमा ६,६६,०९७, सुदूरपश्चिम प्रदेशमा ५,६७,२४५ र कर्णाली प्रदेशमा २,३८,००६ आदिवासी जनजाति जनसंख्या रहेको छ ।

तामाङ समुदायको जनसंख्या २०६८ मा १६.२३% थियो भने २०७८ मा यो घटेर १६.१३% भएको छ । मगर समुदायको जनसंख्या २०६८ र २०७८ दुवै वर्षमा १९.९०% मा स्थिर रहेको देखिन्छ । गुरुङ समुदायको जनसंख्या २०६८ मा ५.५१% थियो भने २०७८ मा यो घटेर ५.३५% भएको छ । शेर्पा समुदायको जनसंख्या २०६८ मा १.१९% थियो भने २०७८ मा वृद्धि भई १.२८% मा पुगेको छ । भोटे समुदायको जनसंख्या दस वर्षको अन्तरालमा ०.१४% बाट बढेर ०.१६% पुगेको छ । थारू समुदायको जनसंख्या २०६८ मा १८.३१% थियो भने २०७८ मा यो घटेर १७.७७% भएको छ । चेपाङ समुदायको जनसंख्या ०.७२% बाट बढेर ०.८३% पुगेको छ ।

वि.सं. २०६८ देखि २०७८ सम्म, नेवार समुदायको जनसंख्या १३.९३% बाट घटेर १३.१९% भएको छ भने राई समुदायको जनसंख्या ६.५३% बाट घटेर ६.३०% भएको छ । याक्खा समुदायको जनसंख्या ०.२६% बाट घटेर ०.१७% र ल्होपा समुदायको जनसंख्या ०.०३% बाट घटेर ०.०१% भएको छ । थामी समुदायको जनसंख्या ०.३०% बाट बढेर ०.३२% पुगेको छ भने सुनुवार समुदायको जनसंख्या ०.५९% बाट ०.७८% मा वृद्धि भएको छ । माझी समुदायको जनसंख्या ०.८८% बाट १.१०% मा वृद्धि भएको देखिन्छ । त्यस्तै, राजवंशी समुदायको जनसंख्या १.२१% बाट बढेर १.३०% मा पुगेको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०६८ र २०७८)। यी तथ्यांकले केही आदिवासी जनजाति समुदायमा सकारात्मक जनसंख्या वृद्धिको संकेत गरे पनि केही समुदायको जनसंख्या घट्दो प्रवृत्तिमा रहेको देखिन्छ (तालिका २.१) ।

तालिका २.१: आदिवासी जनजाति समुदायको जनसंख्याको स्थिति

आदिवासी जनजाति समुदाय	जनगणना वर्ष (वि. सं.)			
	२०६८		२०७८	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत
छैरोतन		०.००		०.००
डोल्पो	४,१०७	०.०४	५,८१८	०.०६
ताङ्वे		०.००		०.००
तोप्केगोला	१,५२३	०.०२	६४२	०.०१
थुदाम		०.००		०.००
थकाली	१३,२१५	०.१४	११,७४१	०.१२
तीनगाउँले थकाली		०.००		०.००
बाह्रगाउँले		०.००		०.००
मार्फाली थकाली		०.००		०.००
वालुङ	१,२४९	०.०१	४८१	०.००
व्यासी	३,८९५	०.०४	५,७१८	०.०६
भोटे	१३,३९७	०.१४	१५,८१८.	०.१६
मुगाली		०.००	२,१२४	०.०२
लार्के		०.००	४,४१४	०.०४
ल्होपा	२,६२४	०.०३	१,३९०	०.०१
ल्होमी(शिङसावा)	१,६१४	०.०२	३५५	०.००
शेर्पा	१,१२,९४६	१.१९	१,३०,६३७	१.२८
सियार		०.००		०.००
कुसुण्डा	२७३	०.००	२५३	०.००
गुरुङ	५,२२,६४१	५.५१	५,४३,७९०	५.३५
चेपाङ(प्रजा)	६८,३९९	०.७२	८४,३६४	०.८३
छन्त्याल	११,८१०	०.१२	११,९६३	०.१२
जिरेल	५,७७४	०.०६	६०३१	०.०६
तामाङ	१५,३९,८३०	१६.२३	१६,३९,८६६	१६.१३
थामी	२८,६७१	०.३०	३२,७४३	०.३२
दुरा	५,३९४	०.०६	५,५८१	०.०५
नेवार	१,३२१,९३३	१३.९३	१३,४१,३६३	१३.१९
पहरी	१३,६१५	०.१४	१५,०१५	०.१५
फ्री		०.००	९२१	०.०१
बनकरिया		०.००	१८०	०.००
बरामो(बराम)	८,१४०	०.०९	७,८५९	०.०८
भुजेल	११८,६५०	१.२५	१,२०,२४५	१.१८
मगर	१,८८७,७३३	१९.९०	२०,२३,३२५	१९.९०
याक्खा	२४,३३६	०.२६	१७,४६०	०.१७
राई	६,२०,००४	६.५३	६,४०,६७४	६.३०
राउटे	६१८	०.०१	५६६	०.०१
लिम्बू	३,८७,३००	४.०८	४,१४,७०४	४.०८
लेप्चा	३,४४५	०.०४	३,५७८	०.०४
सुनुवार(कोइँच)	५५,७१२	०.५९	७८,९१०	०.७८
सुरेल		०.००	३१८	०.००
हाय	२,९२५	०.०३	३,०६९	०.०३

ह्योल्मो	१०,७५२	०.११	९,८१९	०.१०
कुमाल	१,२१,१९६	१.२८	१,२९,७०२	१.२८
दनुवार	८४,११५	०.८९	८२,७८४	०.८१
दराई	१६,७८९	०.१८	१८,६९५	०.१८
बोटे	१०,३९७	०.११	११,२५८	०.११
माझी	८३,७२७	०.८८	१,११,३५२	१.१०
राझी/राजी	४,२३५	०.०४	५,१२५	०.०५
किसान	१,७३९	०.०२	१,४७९	०.०१
कुशवाडिया (पत्थरकट्टा)	३,१८२	०.०३	३,३४३	०.०३
गनगाई	३६,९८८	०.३९	४१,४४६	०.४१
झाँगड (उराँव)	३७,४२४	०.३९	४६,८४०	०.४६
ताजपुरिया	१९,२१३	०.२०	२,०९८९	०.२१
थारू	१७,३७,४७०	१८.३१	१८,०७,१२४	१७.७७
धानुक (राजवंशी)	२,१९,८०८	२.३२	२,५२,१०५	२.४८
धिमाल	२६,२९८	०.२८	२५,६४३	०.२५
मेचे (वोडो)	४,८६७	०.०५	५,१९३	०.०५
राजवंशी (कोच)	१,१५,२४२	१.२१	१,३२,५६४	१.३०
सतार (सन्थाल)	५१,७३५	०.५५	५७,३१०	०.५६
रानाथारु		०.००	८३,३०८	०.८२
अन्य शीर्षकमा देखाइएको	१,२०,६९२	१.२७	१,५०,८४९	१.४८
कुल जम्मा	९४,८७,६४२	१००	१,०१,६८,८४४	१००

स्रोत: राष्ट्रिय जनगणना, २०६८, २०७८

२.५ आदिवासी जनजाति समुदायको मातृभाषा

राष्ट्रिय जनगणना, २०७८ अनुसार ७०,०७,०२७ आदिवासी जनजाति समुदायले आ-आफ्नो मातृभाषा बोल्छन् । सबैभन्दा धेरै थारु समुदायले २४.४६% मातृभाषा प्रयोग गर्छन् । तामाङ समुदायले २०.३१%, मगर समुदायले १२.८९% र नेवार समुदायले १२.३२% मातृभाषा बोल्दछन् । त्यसैगरी लिम्बु समुदायले ५%, गुरुङ समुदायले ४.६८% र शेर्पा समुदायले १.६८% मातृभाषा प्रयोग गर्छन् । त्यस्तै, राई समुदायले २.०६% र राजवंशी (कोच) समुदायले १.८६% बोल्ने गरेका छन् । चेपाङ (प्रजा) समुदायले ०.८३% र याक्खा समुदायले ०.२०% मातृभाषा प्रयोग गर्छन् । भोटे, मुगाली, ल्होपा र ह्योल्मो भाषा क्रमशः ०.१८%, ०.०४%, ०.०३% र ०.१४% जनसंख्याले बोल्ने गरेका छन् । कुसुण्डा, सुरेल र राउटे जस्ता लोपोन्मुख भाषाको प्रयोग न्यून छ ।

तालिका २.२ : आदिवासी जनजाति समुदायको मातृभाषा वक्ता प्रतिशत

आदिवासी जनजाति समुदाय	जनगणना वर्ष	
	२०७८	
	वक्ता संख्या	प्रतिशत
छैरोतन		०.००
डोल्पो	३,२४४	०.०५
ताङ्वे		०.००
तोप्केगोला		०.००
थुदाम		०.००
थकाली	४,२२०	०.०६

तीनगाउँलेथकाली		०.००
बाह्रगाउँले		०.००
मार्फालीथकाली		०.००
वालुङ	५४५	०.०१
व्यासी	१,७०६	०.०२
भोटे	१२,८९५	०.१८
मुगाली	२,८३४	०.०४
लार्के	४,२८४	०.०६
ल्होपा	२,३४८	०.०३
ल्होमी(शिङसावा)	४१३	०.०१
शेर्पा	१,१७,८९६	१.६८
सियार		०.००
कुसुण्डा	२३	०.००
गुरुङ	३,२८,०७४	४.६८
चेपाङ(प्रजा)	५८,३९२	०.८३
छन्त्याल	४,२८२	०.०६
जिरेल	५१६७.	०.०७
तामाङ	१४,२३,०७५	२०.३१
थामी	२६,८०५.	०.३८
दुरा	१,९९१.	०.०३
नेवार	८,६३,३८०	१२.३२
पहरी	५,९४६.	०.०८
फ्री		०.००
बनकरिया	८६	०.००
बरामो(बराम)	१,५३९	०.०२
भुजेल	१३,०८६	०.१९
मगर	९,०३,२९३	१२.८९
याक्खा	१४,२४१.	०.२०
राई	१,४४,५१२	२.०६
राउटे	७४१	०.०१
लिम्बू	३,५०,४३६	५.००
लेप्चा	२,२४०	०.०३
सुनुवार(कोइँच)	३२,७०८	०.४७
सुरेल	१७४	०.००
हाय	१,१३३	०.०२
ह्योल्मो	९,६५८	०.१४
कुमाल	१८,४३५	०.२६
दनुवार	४९,९९२	०.७१
दराई	१२,१५६	०.१७

बोटे	७,६८७	०.११
माझी	३२,९१७	०.४७
राझी/राजी	४,२४७	०.०६
किसान	१,००४	०.०१
कुशवाडिया (पत्थरकट्टा)		०.००
गनगाई	२६,२८१	०.३८
झाँगड (उराँव)	३८,८७३	०.५५
ताजपुरिया	२०,३४९	०.२९
थारू	१७,१४,०९१	२४.४६
धानुक (राजवंशी)		०.००
धिमाल	२०,५८३	०.२९
मेचे(वोडो)	४,२०३	०.०६
राजवंशी(कोच)	१,३०,१६३	१.८६
सतार(सन्थाल)	५३,६७७	०.७७
रानाथारु	७७,७६६	१.११
अन्य शीर्षकमा देखाइएको	४,५३,२३६	६.४७
जम्मा	७०,०७,०२७	१००

स्रोत: राष्ट्रिय जनगणना, २०७८

२.६ आदिवासी जनजाति समुदायको साक्षरताको अवस्था

आदिवासी जनजातिको साक्षरता दर (राष्ट्रिय जनगणना, २०७८) मानव विकासको अवस्था अनुसार केही जातिको राष्ट्रिय औसतभन्दा धेरै माथि र केहीको निकै न्यून देखिन्छ । साक्षरताको अवस्था केही जातिको सुधार गर्नुपर्ने रहेको देखिन्छ ।

तालिका नं :२.३: आदिवासी जनजातिको जनसंख्या अनुसारको साक्षरता विवरण

आदिवासी /जनजाति	जम्मा	पढ्न र लेख्न दुवै जानेको	पढ्न मात्र जानेको	पढ्न लेख्न नजानेको	नखुलेको	साक्षरता %
मगर	१८,६०,६३४	१५,०५,४७२	१०,३०२	३,४३,६९७	१,१६३	८०.९
थारु	१६,७७,८५२	१२,६५,७४८	१०,९५९	४,००,६६८	४७७	७५.४
तामाङ	१५,११,२२१	११,१५,४३१	५,८७०	३,८९,७५६	१६४	७३.८
नेवा: (नेवार)	१२,६७,६८०	१०,७७,९७९	५,०९७	१,८४,३६५	२३९	८५.०
राई	५,९६,०४०	४,९२,५१६	१,७५४	१,०१,७३३	३७	८२.६
गुरुङ	५,११,७४८	४,१४,३८८	३,२३१	९३,६२६	५०३	८१.०
याक्थुङ /लिम्बु	३,८४,१५३	३,२३,६०६	९४६	५९,५८२	१९	८४.२
धानुक	२,२६,२५६	१,४६,१५५	५३१	७९,५४८	२२	६४.६
राजवंशी	१,२२,९४५	९३,१२५	२९८	२९,५१५	७	७५.७
शेर्पा	१,२१,५२१	९३,८९२	५२६	२७,०९५	८	७७.३

कुमाल	१,१८,५३०	८९,५४१	६९०	२८,२२०	७९	७५.५
घर्ती /भुजेल	१,११,३०८	८६,५३९	५२०	२४,२०६	४३	७७.७
माझी	१,०१,७४९	६५,०४९	३७१	३६,३१८	११	६३.९
रानाथारु	७७,३९४	५७,२०१	८०६	१९,३६५	२२	७३.९
दनुवार	७५,२३७	५३,४७५	२१४	२१,५३५	१३	७१.१
चेपाङ /प्रजा	७४,४१७	५१,२३६	३४२	२२,८२०	१९	६८.८

सुनुवार	७२,९०५	५८,५५४	३३७	१३,९९४	२०	८०.३
सन्थाल	५१,८३८	३३,६८५	१२८	१८,०१७	८	६५.०
उराव/कुडुख	४२,४५६	२७,५६०	७६	१४,८१३	७	६४.९
गनगाई	३८,०३०	२८,५८४	३७	९,४०८	१	७५.२
थामी	२९,६४१	२१,५५७	२६४	७,८१९	१	७२.७
धिमाल	२३,८७८	१८,३५६	१११	५,४०८	३	७६.९
ताजपुरिया	१९,२७७	१४,१४३	७३	५,०६०	१	७३.४
दराई	१७,३०८	१३,५१८	१०८	३,६६३	१९	७८.१
याक्खा	१६,२५५	१३,३२८	२५	२,९०१	१	८२.०
भोटे	१४,७३१	१०,०५७	५९	४,५७८	३७	६८.३
पहारी	१३,८६७	९९६३	२६	३,८७७	१	७१.८
छन्त्याल/छन्तेल	११,२११	९,१३९	७६	१,९९२	४	८१.५
थकाली	११,१९०	९,६८५	१०२	१,३८९	१४	८६.६
बोटे	१०,३३९	७,६०२	५८	२,६७४	५	७३.५
ह्योल्मो/योल्मोपा	९,२४५	६,२७५	४४	२,९२४	२	६७.९
बराम /बरामु	७,३००	५,४०२	८३	१,८०७	८	७४.०
जिरेल	५,६५६	४,५१४	१५	१,१२७	०	७९.८
डोल्पो	५,५३६	२,६६३	१३४	२,७३६	३	४८.१
दुरा	५,३०७	४,३८८	३१	८८५	३	८२.७
ब्यासी/सौका	५,१४७	३,६६९	१६	१,४५९	३	७१.३
मेचे	४,८१०	३,७५४	८	१,०४८	०	७८.०
लेप्चा	३,३४६	२,८०४	१	५४१	०	८३.८
पथरकट/कुशवाडीया	२,९६६	१,५७५	२९	१,३६०	२	५३.१
हायु	२,८४२	२,१२७	४	७११	०	७४.८
मुगाल /मुगुम	२,०००	१,१६०	४	८३६	०	५८.०
किसान	१,३७५	९०५	७	४६३	०	६५.८
ल्होपा	१,३१३	७०५	२०	५८४	४	५३.७
फ्री	८४०	६७४	६	१६०	०	८०.२
तोप्केगोला	५७८	४२६	३	१४९	०	७३.७
राउटे	५०८	२९२	०	२१६	०	५७.५

वालुङ	४५८	३६०	६	९२	०	७८.६
ल्होमी	३२५	२६५	२	५८	०	८१.५
सुरेल	३०१	२६७	३	३१	०	८८.७
कुसुण्डा	२३४	१७८	०	५६	०	७६.१
बनकरिया	१६०	१३५	०	२५	०	८४.४
जम्मा आदिवासी	९२,७१,८५८	७२,४९,६२२	४४,३५३	१९,७४,९१०	२,९७३	७८.२
अन्य	१,७४,५३,४३७	१,३१,२८,३५८	६९,९७८	४२,४८,१५१	६,९५०	७५.२
(राष्ट्रिय जनगणना)	२,६७,२५,२९५	२,०३,७७,९८०	१,१४,३३१	६२,२३,०६१	९,९२३	७६.२

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

नेपालका आदिवासी जनजातिमध्ये सुरेल समुदायमा सबै भन्दा बढि ८८.७% र डोल्पो समुदायको साक्षरता सबैभन्दा कम ४८.१% रहेको छ । आदिवासी जनजातिको जम्मा साक्षरता ७८.२ % छ भने नेपालको साक्षरता ७६.२% रहेको छ । वहुसंख्यक आदिवासी जनजाति समुदायको साक्षरता दर राष्ट्रिय औसत भन्दा कम देखिन्छ । यसले आदिवासी जनजाति समुदायको शैक्षिक अवस्था कमजोर रहेको पुष्टि हुन्छ ।

२.७ आदिवासी जनजाति समुदायको सम्पन्नताको विवरण

राष्ट्रिय जनगणना, २०७८ ले घरको संरचना (जग, पर्खाल, छानो, भुई), खानेपानीको मुख्य स्रोत, खाना पकाउन र वत्ती वाल्न प्रयोग हुने इन्धन, शौचालयको सुविधा र अन्य घरायसी चल, अचल सम्पत्तिको स्वामित्व र भोगचलनको आधारमा सम्पन्नताको पञ्चमक वर्गीकरण (Wealth Quintile) निर्धारण गरेको छ । जस अनुसार आदिवासी जनजाति समुदायको जनसंख्या तथा परिवार अनुसारको सम्पन्नताको विवरण तलको तालिकाहरुमा प्रस्तुत गरिएका छन् ।

तालिका नं. २.४: आदिवासी जनजातिको जनसंख्या अनुसारको सम्पन्नताको पञ्चमक विवरण

आदिवासी /जनजाति	जम्मा	अति न्युन	न्युन	मध्यम	उच्च	अति उच्च
मगर	२०,१३,४९८	४,७०,७३५	५,२१,७६४	३,६२,०६३	३,४५,८९४	३,१३,०४२
थारु	१८,०७,१२४	२,८४,९२७	४,५१,०२६	४,९३,०५५	३,८२,३६९	१,९५,७४७
तामाङ	१६,३९,८६६	३,२८,५११	३,४४,११८	३,६८,६२५	३,५४,१६९	२,४४,४४३
नेवार	१३,४१,३६३	६३,७१५	९५,८६२	१,६४,६२७	२,६५,२५७	७,५१,९०२
राई	६,४०,६७४	१,५७,८९९	१,५२,३४८	१,१८,५७६	१,१२,३८५	९९,४६६
गुरुङ	५,४३,७९०	६५,९८६	९१,०९३	९३,२७२	१,१०,७२१	१,८२,७१८
याक्थुङ /लिम्बु	४,१४,७०४	९०,५६१	१,१६,३२८	७८,२४४	६५,३२४	६४,२४७
धानुक	२,५२,१०५	६०,११८	६५,१५३	६८,०२७	४३,१३४	१५,६७३
राजवंशी	१३,२,५६४	१६,७७६	२८,२४२	३६,४५५	३४,२८०	१६,८११
शेर्पा	१,३०,६३७	२९,८७९	३४,६८६	२२,३४६	१७,८७४	२५,८५२
कुमाल	१,२९,७०२	२७,०९४	२८,४८७	३१,२९७	२८,७६४	१४,०६०

घर्ती /भुजेल	१,२०,२४५	२४,४२१	२६,८३१	२६,८४४	२३,७५९	१८,३९०
माझी	१,११,३५२	३२,४६७	२४,५४१	२७,६८७	१९,३९७	७,२६०
चेपाङ /प्रजा	८४,३६४	४८,९०८	१५,६३८	१२,२९२	५,६०७	१,९१९
रानाथारु	८३,३०८	१५,३२१	२६,७३७	२५,४७८	११,५९५	४,१७७
दनुवार	८२,७८४	१५,६७१	२१,३६७	२३,९००	१६,२७४	५,५७२
सुनुवार	७८,९१०	१८,७४८	१८,७०६	१५,०४५	१४,२५८	१२,१५३
सन्थाल	५७,३१०	२५,५३७	१६,००७	१०,०२७	४,६२०	१,११९
उराव/कुडुख	४६,८४०	१७,२५१	१५,४५७	९,४१४	३,६२०	१,०९८
गनगाई	४१,४४६	८,३४६	१२,९५४	११,२९५	६,३१२	२,५३९
थामी	३२,७४३	९,३२६	१०,८१६	८,४४६	३,२३०	९२५
धिमाल	२५,६४३	१,७६१	३,६८०	६,२५८	८,७८९	५,१५५
ताजपुरिया	२०,९८९	५,६६५	६,३६४	४,६१०	३,२८७	१,०६३
दराई	१८,६९५	१,४०७	२,०६३	४,३८१	६,२८२	४,५६२
याक्खा	१७,४६०	३,७८९	५,६५६	३,७५२	१,९२४	२,३३९
भोटे	१५,८१८	८,४४६	३,०५९	१,२५०	१,२४८	१,८१५
पहारी	१५,०१५	४,१४५	३,२६४	३,९९२	२,१५१	१,४६३
छन्त्याल/छन्तेल	११,९६३	२,०८०	३,३७३	१,५८४	१,९२४	३,००२
थकाली	११,७४१	८१४	१,००३	१,४९५	१,७५२	६,६७७
बोटे	११,२५८	२,२९६	२,१५८	३,१४७	२,६१०	१,०४७
ह्योल्मो/योल्मोपा	९,८१९	७२२	९३४	३,१९५	१,७६१	३,२०७
बराम /बरामु	७,८५९	१,१९४	१,९०८	२,९३९	१,३४२	४७६
जिरेल	६,०३१	३५८	१,०७०	२,३००	१,३६८	९३५
डोल्पो	५,८१८	५,१२०	४२६	४७	६७	१५८
ब्यासी/सौका	५,७१८	३,९९८	४४९	२३९	४९८	५३४
दुरा	५,५८१	७३४	१,१९४	८३८	१,१२२	१,६९३
मेचे	५,१९३	२१६	४६८	१,४६५	१,७६१	१,२८३
लेप्चा	३,५७८	५७६	१,०२७	१,०३३	५८९	३५३
पथरकट/कुशवाडीया	३,३४३	१,०८३	६९८	९८५	४८३	९४
हायु	३,०६९	१,०७३	८८२	६४५	२९०	१७९
मुगाल /मुगुम	२,१२४	१,६७४	१५३	५७	२९	२११
किसान	१,४७९	३४३	२८१	४२०	३६५	७०
ल्होपा	१३,९०	३८३	५४६	३४३	२३	९५
फ्री	९२१	२५९	४९९	९२	५८	१३

ताप्केगोला	६४२	४५८	१५१	९	०	२४
राउटे	५६६	२२७	१४२	१९०	४	३
वालुंग	४८१	३८	८७	९२	४३	२२१
ल्होमी	३५५	५२	७५	२२	४८	१५८
सुरेल	३१८	१८	५९	९९	७३	६९
कुशुन्डा	२५३	४८	७०	३४	५५	४६
बनकरिया	१८०	३६	६	५	३२	१०१
जम्मा आदिवासी जनजाति	९९,९८,६२९	१८,६१,२१०	२१,५९,९०६	२०,५२,५३३	१९,०८,८२१	२०,१६,१५९
अन्य	१,९१,६५,९४९	४१,३६,५७८	३७,४७,७४२	३९३०,९६२	३५,६२,९८१	३७,८७,६८६
नेपाल	२,९१,६४,५७८	५९,९७,७८८	५९,०७,६४८	५९,८३,४९५	५४,७१,८०२	५८,०३,८४५

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

२.८ परिवार अनुसारको सम्पन्नताको पञ्चमक विवरण

तालिका नं. २.५: आदिवासी जनजातिको परिवार अनुसारको सम्पन्नताको पञ्चमक विवरण

आदिवासी /जनजाति	जम्मा	अति न्युन	न्युन	मध्यम	उच्च	अति उच्च
मगर	४,९३,६२५	१,१२,९०६	१,२०,९४२	८८,०७९	९६,२७०	७५,४२८
तामाङ	४,१०,७१९	८२,०९६	८२,९४७	९२,४११	९५,७७९	५७,४८६
थारु	४,००,९१४	६७,१३७	९९,३९४	१,०६,२००	८६,८१५	४१,३६८
नेवार	३,३१,६३०	१६,६६७	२५,७८१	४४,०४४	७२,२३७	१,७२,९०१
राई	१,६२,०२१	४०,१८६	३६,४४८	२९,५२२	३१,५६०	२४,३०५
गुरुङ	१,४४,५१८	१७,६९०	२३,९८६	२४,८९१	३२,१३७	४५,८१४
याक्थुङ /लिम्बु	१,०४,१७४	२३,६१७	२७,४३८	१९,०६०	१८,३३३	१५,७२६
धानुक	४८,५१८	१२,५६१	१२,४८१	१२,७२८	७,९८२	२,७६६
राजवंशी	३२,८०२	४,७७९	७,११४	८,८२९	८,२४४	३,८३६
शेर्पा	३२,२६८	७,०३०	८,०९३	५,६७२	५,१९६	६,२७७
कुमाल	३१,८४०	६,८८७	६,९३५	७,६४७	७,२०४	३,१६७
घर्ती /भुजेल	३,०२६०	६,२८७	६,६७३	६,७१८	६,२५७	४,३२५
माझी	२५,३२७	७,२८३	५,३८७	६,३४४	४,७५४	१,५५९
सुनुवार	१९,२८१	४,५२८	४,३८७	३,६५८	३,८१७	२,८९१
दनुवार	१८,२०१	३,७१६	४,६१९	५,१४२	३,५९०	१,१३४
चेपाङ /प्रजा	१६,०७३	९,०४५	२,८९१	२,५२७	१,३०१	३०९
रानाथारु	१५,३५५	३,३३३	४,८६८	४,२५८	२,१४९	७४७
सन्थाल	१२,५५२	५,९०१	३,३३०	२,१०४	१,०२७	१९०
उराव/कुडुख	९,९८६	३,९३०	३,१८६	१,९०२	७५४	२१४
गनगाई	९,७५३	२,२९३	३,०१५	२,५३१	१,३८०	५३४
थामी	८,५५४	२,६९६	२,७१६	२,०५९	८७५	२०८
धिमाल	६,५५६	५२०	९४७	१,६२१	२,२४५	१,२२३
ताजपुरिया	५,३२२	१,५६६	१,५८१	१,११४	८११	२५०

दराई	४,५११	३६०	५१९	१,१०४	१,५४०	९८८
याक्खा	४,४६७	१,०७५	१,४०२	८९४	५३१	५६५
भोटे	३,८८९	१,९६३	७८३	३५०	३८४	४०९
पहारी	३,६५८	१,०४५	७८४	९५७	५४०	३३२
थकाली	३,३५२	२३४	३०४	४५०	५५२	१,८१२
छन्त्याल/ छन्तेल	२,९४७	६१३	७७५	३६९	५१२	६७८
बोटे	२,७८८	५९१	५२८	७९०	६३७	२४२
ह्योल्मो/योल्मोपा	२,६५४	१८७	२७४	९३७	५०२	७५४
बराम /बरामु	२,२०६	३४२	५३४	८२३	३८१	१२६
जिरेल	१,७०१	११६	३१२	६४२	३९०	२४१
दुरा	१,४८४	१९७	३१८	२३८	३२५	४०६
ब्यासी/सौका	१,३०२	८७७	१०९	६३	१२८	१२५
डोल्पो	१,२१९	१०६३	९६	९	२१	३०
मेचे	१,२०७	५०	१२१	३४९	४१२	२७५
लेप्चा	८८६	१६२	२४५	२४६	१५५	७८
हायु	६५२	२१५	१८५	१३५	७५	४२
पथरकट/ कुशवाडीया	६५०	२११	१४४	१९२	८७	१६
मुगाल /मुगुम	४१७	३२९	३३	१५	८	३२
ल्होपा	४०५	१०३	१७४	९३	८	२७
किसान	३६८	९८	६७	१०२	८७	१४
फ्री	२२०	७०	१०९	२२	१४	५
तोप्केगोला	१५२	१११	३५	२	०	४
राउटे	१३१	६१	२८	४०	१	१
वालुङ	१२८	१३	२८	२६	१३	४८
सुरेल	९६	९	१८	२५	२४	२०
ल्होमी	८८	१३	१६	९	१४	३६
कुसुण्डा	६४	१३	१९	१०	१३	९
बनकरिया	४५	१०	१	४	९	२१
जम्मा आदिवासी	२४,११,९३६	४,५२,७८५	५,०३,१२०	४,८७,९५७	४,९८,०८०	४,६९,९९४
अन्य	४२,५५,००१	९,०२,७५०	८,०९,५००	८,४४,८४८	८,३७,२०८	८,६०,६९५
नेपाल	६६,६६,९३७	१३,५५,५३५	१३,१२,६२०	१३,३२,८०५	१३,३५,२८८	१३,३०,६८९

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

२.९ आदिवासी जनजाति समुदायको वर्गीकरण

आदिवासी जनजाति महासंघले वि.सं. २०६१ मा आदिवासी जनजाति समुदायको साक्षरतादर, जग्गाजमिन माथिको स्वामित्व, प्रतिव्यक्ति आय, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, विद्युत, यातायात र संचार जस्ता जीवन निर्वाह र भौतिक विकास तथा आर्थिक-राजनीतिक क्षेत्र र शासन सम्यन्त्रमा प्रतिनिधित्व आदिको आधारमा आदिवासी जनजाति समुदायलाई लोपोन्मुख, अतिसीमान्तकृत, सीमान्तकृत, सुविधावन्चित र उन्नत गरी पाँच समूहमा वर्गीकरण गरिएको छ ।

२.९.१ लोपोन्मुख समूह

किसान, कुशबाडिया (पथरकट्टा), कुसुण्डा, वनकरिया, मेचे (बोडो), राउटे, राजी/राझी, लेप्चा, सुरेल र हायु गरी १० आदिवासी जनजाति समुदायलाई लोपोन्मुख समूहमा वर्गीकृत गरिएको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार यी लोपोन्मुख समूहको जनसंख्या अत्यन्तै न्यून रहेको देखिन्छ। कुल २३,१०४ जनसंख्या रहेको यो समूह नेपालको कुल जनसंख्याको मात्र ०.०००७% हो । लोपोन्मुख समूहमा सबैभन्दा कम जनसंख्या बनकरिया समुदायको रहेको छ, जसमा मात्र १८० जना छन् । सबैभन्दा बढी जनसंख्या मेचे (बोडो) समुदायको रहेको छ जसको जनसंख्या ५,१९३ छ । राजी समुदायको जनसंख्या ५,१२५ तथा कुशबाडिया (पथरकट्टा) समुदायको जनसंख्या ३,३४३ रहेको छ । लेप्चा समुदायमा ३,५७८, किसान समुदायमा १,४७९ तथा हायु समुदायमा ३,०६९ जनसंख्या रहेका छन् । कुसुण्डा समुदायको जनसंख्या मात्र २५३ रहेको देखिन्छ। त्यस्तै, सुरेल समुदायमा ३१८ तथा राउटे समुदायमा ५६६ जना रहेका छन् (तालिका २.६) । यी तथ्यांकले लोपोन्मुख समुदायको जनसंख्या गम्भीर अवस्था रहेको संकेत गर्छन् । अधिकांश समुदायको जनसंख्या पाँच हजारभन्दा कम रहेको देखिन्छ।

तालिका २.६: लोपोन्मुख समूह

जातीय समुदाय	जनसंख्या		मातृभाषा वक्ता	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत
किसान	१,४७९	०.०१	१,००४	०.००
कुशबाडिया (पथरकट्टा)	३,३४३	०.०१		०.००
कुसुण्डा	२५३	०.००	२३	०.००
वनकरिया	१८०	०.००	८६	०.००
मेचे (बोडो)	५,१९३	०.०२	४,२०३	०.०१
राउटे	५६६	०.००	७४१	०.००
राजी/राजी	५,१२५	०.०२	४,२४७	०.०१
लेप्चा	३,५७८	०.०१	२,२४०	०.०१
सुरेल	३१८	०.००	१७४	०.००
हायु	३,०६९	०.०१	१,१३३	०.००
जम्मा	२३,१०४	०.०७	१३,८५१	०.०४

स्रोत: राष्ट्रिय जनगणना, २०७८

२.९.२ अति सीमान्तकृत समूह

चेपाङ (प्रजा), झाँगड (उराँव), थामी, थुदाम, दनुवार, धानुक (राजवंशी), बरामो (बराम), बोटे, माझी, सतार (सन्थाल), सियार (चुम्बा) र ल्होमी (शिङसावा) गरी १२ समुदायलाई अति सीमान्तकृत समूहमा वर्गीकृत गरिएको छ ।

तालिका २.७: अति सीमान्तकृत समूह

जातीय समुदाय	जनसंख्या		मातृभाषा वक्ता	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत
चेपाङ (प्रजा)	८४,३६४	०.२९	५८,३९२	०.०२
झाँगड (उराँव)	४६,८४०	०.१६	३८,८७३	०.१३
थामी	३२,७४३	०.११	२६,८०५	०.०९
थुदाम				
दनुवार	८२,७८४	०.२८	४९,९९२	०.१७
धानुक (राजवंशी)	२,५२,१०५	०.८६		
बरामो (बराम)	७,८५९	०.०३	१,५३९	०.०१
बोटे	११,२५८	०.०४	७,६८७	०.०३
माझी	१,११,३५२	०.३८	३२,९१७	०.११
सतार (सन्थाल)	५७,३१०	०.०२	५३,६७७	०.१८
सियार (चुम्बा)				
ल्होमी (शिङ्सावा)	३५५	०.००	४१३	०
जम्मा	६,८६,९ ७०	२.३५	२,७०,२९५	०.९ २

स्रोत: राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय जनगणना, २०७८ अनुसार अति सीमान्तकृत समूहको कुल जनसंख्या ६,८६,९७० रहेको छ । यो संख्या नेपालका आदिवासी जनजाति समुदायको कुल जनसंख्याको २.३४% हो । अति सीमान्तकृत समूहमध्ये सबैभन्दा बढी जनसंख्या धानुक (राजवंशी) समुदायको रहेको छ । यस समुदायका २,५२,१०५ जना रहेका छन् । सबैभन्दा कम जनसंख्या ल्होमी (शिङ्सावा) समुदायको छ । यस समुदायका ३५५ जना मात्र रहेका छन् । माझी समुदायको जनसंख्या १,११,३५२ रहेको छ । चेपाङ (प्रजा) समुदायको जनसंख्या ८४,३६४ तथा दनुवार समुदायको जनसंख्या ८२,७८४ रहेको देखिन्छ। सतार (सन्थाल) समुदायको जनसंख्या ५७,३१० तथा झाँगड (उराँव) समुदायको जनसंख्या ४६,८४० छ । थामी समुदायमा ३२,७४३, बोटे समुदायमा ११,२५८ तथा बरामो (बराम) समुदायमा ७,८५९ जना रहेका छन् (तालिका २.७)।

२.९.३ सीमान्तकृत समूह

कुमाल, गनगाई, डोल्पो, ताजपुरिया, तामाङ, तोप्केगोला, थारू, दराई, दुरा, धिमाल, पहरी, भुजेल, भोटे, मुगाली (मुगुम्पा), राजवंशी (कोच), लार्के (नुब्री), वालुङ, सुनुवार (कोइँच), ल्होपा र फ्री गरी २० आदिवासी जनजाति समुदायलाई सीमान्तकृत समूहमा वर्गीकृत गरिएको छ ।

तालिका २.८: सीमान्तकृत समूह

जातीय समुदाय	जनसंख्या		मातृभाषा वक्ता	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत
कुमाल	१,२९,७०२	०.४४	१८,४३५	०.०६
गनगाई	४१,४४६	०.१४	२६,२८१	०.०९
डोल्पो	५,८१८	०.०२	३,२४४	०.०१

ताजपुरिया	२०,९८९	०.०७	२०,३४९	०.०७
तामाङ	१६,३९,८६६	५.६२	१४,२३,०७५	४.८८
तोप्केगोला	६४२	०.००		
थारू	१८,०७,१२४	६.२०	१७,१४,०९१	५.८८
दराई	१८,६९५	०.०६	१२,१५६	०.०४
दुरा	५,५८१	०.०२	१,९९१	०.०१
धिमाल	२५,६४३	०.०९	२०,५८३	०.०७
पहरी	१५,०१५	०.०५	५,९४६	०.०२
भुजेल	१,२०,२४५	०.४१	१३,०८६	०.०४
भोटे	१५,८१८	०.०५	१२,८९५	०.०४
मुगाली (मुगुम्पा)	२,१२४	०.०१	२,८३४	०.०१
राजवंशी (कोच)	१,३२,५६४	०.४५	१,३०,१६३	०.४५
लार्के (नुब्री)	४,४१४	०.०२	४,२८४	०.०१
वालुङ	४८१	०.००	५४५	०
सुनुवार (कोइँच)	७८,९१०	०.२७	३२,७०८	०.११
ल्होपा	१,३९०	०.००	२,३४८	०.०१
फ्री	९२१	०		
जम्मा	४०,६७,३८८	१३.९ ४	३४,४५,०१४	११.८१

स्रोत: राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय जनगणना, २०७८ अनुसार सीमान्तकृत समूहको कुल जनसंख्या ४,०६७,३८८ रहेको छ । यो संख्या आदिवासी जनजातिको कुल जनसंख्याको १३.९४% हो । सीमान्तकृत समूहभित्र सबैभन्दा बढी जनसंख्या थारू समुदायको रहेको छ । यस समुदायका १८,०७,१२४ जना रहेका छन् । सबैभन्दा कम जनसंख्या वालुङ समुदायको छ । यस समुदायमा ४८१ जना मात्र रहेका छन् । तामाङ समुदायको जनसंख्या १६,३९,८६६, राजवंशी (कोच) समुदायको १,३२,५६४, कुमाल समुदायको १,२९,७०२, भुजेल समुदायको १,२०,२४५ तथा सुनुवार (कोइँच) समुदायको जनसंख्या ७८,९१० रहेको छ । मुगाली समुदायमा २,१२४, लार्के समुदायमा ४,४१४, डोल्पो समुदायमा ५,८१८ तथा ल्होपा समुदायमा १,३९० जना रहेका छन् । कम जनसंख्या भएका समूहमध्ये फ्री समुदायमा ९२१ र तोप्केगोला समुदायमा ६४२ जना मात्र छन् (तालिका २.८) । यी तथ्यांकले सीमान्तकृत समूहको जनसांखिकी रुपमा ठूलो असमानता रहेको देखाउँछ । धेरै जनसंख्या भएका समुदाय तुलनात्मक रूपमा स्थिर भए पनि कम जनसंख्या भएका समूह कमजोर अवस्थामा रहेका छन् । तसर्थ, यस्ता समूहको संरक्षण र प्रवर्द्धनका लागि विशेष नीति तथा कार्यक्रम आवश्यक छ ।

२.९.४ सुविधा वञ्चित समूह

मगर, राई, गुरुङ, लिम्बू, शेर्पा, याक्खा, छन्त्याल, ह्योल्मो, जिरेल, व्यासी, छैरोतन, तीनगाउँले थकाली, ताङ्वे, बाह्रगाउँले र मार्फाली थकाली गरी १५ आदिवासी जनजाति समुदायलाई सुविधा-वञ्चित समूहमा वर्गीकृत गरिएको छ ।

तालिका २.९: सुविधा वञ्चित समूह

जातीय समुदाय	जनसंख्या		मातृभाषा वक्ता	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत
गुरुङ	५,४३,७९०	१.८६	३,२८,०७४	१.१२
छन्त्याल	११,९६३	०.०४	४,२८२	०.०१
छैरोतन (अज्ञात)				
जिरेल	६,०३१	०.०२	५,१६७	०.०२
तीनगाउँले थकाली				
ताङ्वे				
बाह्रगाउँले				
व्यासी	५,७१८	०.०२	१,७०६	०.०१
मगर	२०,२३,३२५	६.९३	९,०३,२९३	३.०९
मार्फाली थकाली				
याक्खा	१७,४६०	०.०६	१४,२४१	०.०५
राई	६,४०,६७४	२.२०	१,४४,५१२	०.०५
लिम्बू	४,१४,७०४	१.४२	३,५०,४३६	१.२०
शेर्पा	१,३०,६३७	०.४५	१,१७,८९६	०.४०
ह्योल्मो	९,८१९	०.०३	९,६५८	०.०३
जम्मा	३८,०४,१२१	१३.०४	१८,७ ९,२६५	६.४४

स्रोत: राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय जनगणना २०७८ अनुसार सुविधा वञ्चित समूहको कुल जनसंख्या ३८,०४,१२१ रहेको छ । यो संख्या आदिवासी जनजाति समुदायको कुल जनसंख्याको १३.०४% हो । सुविधा वञ्चित समूहभित्र सबैभन्दा बढी जनसंख्या मगर समुदायको रहेको छ । यस समुदायका २०,२३,३२५ जना छन् । दोस्रो स्थानमा रहेको राई समुदायको जनसंख्या ६,४०,६७४ छ । गुरुङ समुदायको जनसंख्या ५,४३,७९०, लिम्बू समुदायको ४,१४,७०४ तथा शेर्पा समुदायको १,३०,६३७ रहेको छ । याक्खा समुदायको जनसंख्या १७,४६०, छन्त्याल समुदायको ११,९६३ तथा ह्योल्मो समुदायको ९,८१९ रहेको छ । जिरेल समुदायमा ६,०३१ तथा व्यासी समुदायमा ५,७१८ जना रहेका छन् (तालिका २.९)। छैरोतन, तीनगाउँले थकाली, ताङ्वे, बाह्रगाउँले र मार्फाली थकाली समुदायको तथ्यांक उपलब्ध नभएकाले तिनीहरूको जनसंख्या अवस्था स्पष्ट छैन। धेरै जनसंख्या भएका मगर, राई र गुरुङ समुदाय तुलनात्मक रूपमा राम्रो अवस्थामा देखिए पनि कम जनसंख्या भएका जिरेल, व्यासी र ह्योल्मो समुदाय भने कमजोर अवस्थामा रहेका छन् ।

२.९.५ उन्नत समूह

थकाली र नेवार जातिलाई आदिवासी जनजाति समुदायको उन्नत समूहमा वर्गीकृत गरिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार उन्नत समूहको कुल जनसंख्या १३,५३,१०४ (४.६३%) रहेको छ । जसमा नेवार र थकाली क्रमश १३,४१,३६३ र ११,७४१ रहेका छन् । मातृभाषाको प्रयोगकर्ता क्रमश ६४.३६ र ३५.९४ प्रतिशत रहेको छ ।

तालिका २.१० : उन्नत समूह

जातीय समुदाय	जनसंख्या		मातृभाषा वक्ता	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत
थकाली	११,७४१	०.०४	४,२२०	३५.९४
नेवार	१३,४१,३६३	४.६०	८,६३,३८०	६४.३६
जम्मा	१३,५३,१०४	४.६३	८६७,६००	४९.३३

स्रोत: राष्ट्रिय जनगणना, २०७८

२.१० आदिवासी जनजाति समुदायको संवैधानिक अधिकार

नेपालको संविधानले आदिवासी जनजाति समुदायको पहिचान, अधिकार संरक्षण, प्रवर्द्धन र प्रतिनिधित्व सुनिश्चित गर्न संवैधानिक व्यवस्था गरेको छ । संविधानको प्रस्तावनाले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्रका रूपमा परिभाषित गर्दै विविधताबीचको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भाव प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाएको छ । जातीय, लैंगिक, धार्मिक वा कुनै पनि प्रकारका विभेदको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी तथा सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाज निर्माण गर्ने लक्ष्य लिएको छ ।

संविधानको धारा ६ अनुसार नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषाको रुपमा परिभाषित गरिएको छ । धारा ७(२) अनुसार प्रत्येक प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी भाषा प्रदेश सरकारको कामकाजका लागि अपनाउन सक्ने व्यवस्था गरेको छ । धारा ३२ ले आदिवासी जनजातिलाई आफ्नो भाषा, लिपि, संस्कृति, सम्पदा तथा सामाजिक जीवनको संरक्षण, संवर्द्धन र विकास गर्ने अधिकार प्रत्याभूत गरेको छ । संविधानको अनुसूची ६ र ८ अनुसार प्रदेश तथा स्थानीय तहहरूलाई भाषा, संस्कृति, ललितकला र धर्मको संरक्षण तथा विकास गर्ने अधिकार प्रदान गरिएको छ । यसले आदिवासी जनजातिको पहिचानलाई थप संस्थागत गर्न सहयोग पुर्‍याएको छ ।

नोट: यस अध्ययनमा नेपालका ६१ वटा सार्वजनिक निकायबाट तथ्याङ्क संकलन गरिएको हो । तर, अध्ययनमा समावेश केही निकायहरूले पद (तह) अनुसार आदिवासी जनजाति कर्मचारीहरूको विवरण उपलब्ध नगराएको हुनाले यस तालिकामा प्रस्तुत गरिएको उच्च व्यवस्थापन/नीतिगत तह, मध्यम तहका अधिकृत, सहायक स्तर तथा तहविहीन कर्मचारीको संख्या र औसत प्रतिशत केवल विवरण उपलब्ध गराएका निकायहरूको तथ्याङ्कमा आधारित छ । कुन निकायमा कुन तहमा कति प्रतिनिधित्व छ भन्ने विस्तृत जानकारी सम्बन्धित खण्डको तालिकामा प्रस्तुत गरिएको छ ।

४.१० अध्ययनको निश्कर्ष

नेपालको संविधान (२०७२) ले समावेशी लोकतन्त्र, समानुपातिक प्रतिनिधित्व र सामाजिक न्यायको प्रत्याभूति गरे तापनि सार्वजनिक निकायमा आदिवासी जनजातिको प्रतिनिधित्व अझै सीमित रहेको देखिन्छ। केही सेवा क्षेत्रमा आदिवासी जनजातिको प्रतिनिधित्व औसतभन्दा बढी भए तापनि निर्णायक तहसम्म उनीहरूको प्रतिनिधित्व न्यून रहेको छ । संख्यात्मक रूपमा सहभागिता केही हदसम्म वृद्धि भए पनि उच्च व्यवस्थापकीय तह, नीति निर्माण क्षेत्र तथा प्राविधिक सेवामा प्रतिनिधित्व अत्यन्त न्यून छ । विशेषगरी, नीति निर्माण तहमा न्यून उपस्थिति, उच्च प्रशासनिक तथा प्राविधिक पदमा सीमित सहभागिता र न्यून लैङ्गिक सहभागिताले समावेशीकरणको नीति अपेक्षा गरे अनुरुप प्रभावकारी हुन नसकेको देखाउँछ ।

सार्वजनिक सेवामा कार्यरत आदिवासी जनजाति समुदायका कर्मचारीमा समावेशी नीतिका कारण अवसरमा केही सहजता आएको छ । यद्यपि, आदिवासी जनजातिभित्रका सबै समुदायले समानरूपमा लाभ उठाउन सकेका छैनन् । उच्च वर्गीय आदिवासी समूहको पहुँच अग्रपंक्तिमा देखिँदा लोपोन्मुख तथा सीमान्तकृत समुदाय अझै पछि परेका छन् । निजामती सेवा, शिक्षा, स्वास्थ्य, सुरक्षा निकाय, बैंक तथा अन्य सरकारी संस्थानमा आदिवासी जनजातिको उपस्थिति केही हदसम्म देखिए पनि समग्र रूपमा प्रतिनिधित्व न्यून छ । तल्लो तथा सहायक पदमा उल्लेखनीय उपस्थिति भए तापनि नीति निर्माण तहमा सहभागिता अत्यन्त कमजोर छ । उच्च व्यवस्थापकीय तह, नीति निर्माण निकायहरू र नेतृत्वदायी भूमिकामा सीमित पहुँचले समावेशीकरणको वास्तविक उद्देश्यलाई आदिवासी जनजाति समुदायले अझै प्राप्त गर्न सकेको छैन ।

तालिका ४.१० : नेपालको सार्वजनिक निकायहरुमा आदिवासी जनजातिको प्रतिनिधित्व

क्र. सं.	सार्वजनिक निकाय	सम्पूर्ण कर्मचारी						आदिवासी जनजाति कर्मचारी					
		पुरुष		महिला		जम्मा		पुरुष		महिला		जम्मा	
		संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	नेपाल धितोपत्र बोर्ड	४०	७०	१७	३०	५७	१००	२८	७०	१२	३०	४०	७०
२	परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल विकास समिति	१३१	२२.६	४४८	७७.४	५७९	१००	६६	२०.४	२५७	७९.६	३२३	५६
३	राष्ट्रिय खेलकुद परिषद्	५४०	७८	१४७	२१	६८९	१००	३०३	८१	७०	१९	३७३	५४
४	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	११५	६२.८	६८	३७.२	१८३	१००	५९	६८.६	२७	३१.४	८६	४७
५	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	४४०	३१.७	९४९	६८.३	१३८९	१००	१५१	२३.६	४९०	७६.४	६४१	४६.१
६	नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान	२०	५७.१	१५	४२.९	३५	१००	७	४३.८	९	५६.३	१६	४५.७
७	राष्ट्रिय चिया तथा कफी विकास बोर्ड	४६	६९.७	२०	३०.३	६६	१००	२१	७२.४	८	२७.६	२९	४३.९
८	नेपाल औषधि लिमिटेड	३५	५०	३५	५०	७०	१००	१३	४६.४	१५	५३.६	२८	४०
९	राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेड	५०	८६.२	८	१३.८	५८	१००	२१	९१.३	२	८.७	२३	३९.७
१०	नेपाल प्रज्ञा-प्रतिष्ठान	७८	५३.८	४२	३५	१२०	१००	३६	८०	९	२०	४५	३७.५
११	रेडियो नेपाल	२६३	७६.७	८०	२३.३	३४३	१००	७९	६५.३	४२	३४.७	१२१	३५.३
१२	सशस्त्र प्रहरी बल नेपाल							१०७७७	८९.२	१२९९	१०.८	१२०७६	३४
१३	अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति	५८	४७.९	६३	५२.१	१२१	१००	२५	६१	१६	३९	४१	३३.९
१४	विद्युत नियमन आयोग	१८	६०	१२	४०	३०	१००	८	८०	२	२०	१०	३३.३
१५	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	५४	६३.५	३१	३६.५	८५	१००	१४	५०	१४	५०	२८	३२.९
१६	नेपाली सेना								२८.६		३.८		३२.५
१७	पशुपति क्षेत्र विकास कोष	११२	७२.७	४२	२७.३	१५४	१००	३७	७८.७	१०	२१.३	४७	३०.५
१८	सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड	२१	४८.८	२२	५१.२	४३	१००	९	६९.२	४	३०.८	१३	३०.२
१९	नेपाल प्रहरी	६६३७४	८८.२	८९०१	११.८	७५२७५	१००	१९२२५	८५.२	३३३९	१४.८	२२५६४	३०
२०	काठमाडौं उपत्यका विकास प्राधिकरण	११	५५	९	४५	२०	१००	४	६७	२	३३	६	३०
२१	नेपाल कृषि अनुसन्धान परिषद्	४३४	७१.७	१८९	३१.२	६०५	१००	११२	६२.९	६१	३४.३	१७८	२९.४
२२	समाज कल्याण परिषद्	६२	६०	४२	४०	१०४	१००	१७	५७	१३	४३	३०	२९
२३	विश्वविद्यालय अनुदान आयोग	३०	६१.२	१९	३८.८	४९	१००	९	६४.३	५	३५.७	१४	२८.६
२४	राष्ट्रिय ट्रमा सेन्टर	१९१	३७.२	३२३	६२.८	५१४	१००	४१	२८.७	१०२	७१.३	१४३	२७.८
२५	दुग्ध विकास संस्थान	४५४	७८.४	१२५	२१.६	५७९	१००	११८	७९.७	३०	२०.३	१४८	२५.६
२६	गुठी संस्थान					५६		८	५७.१	६	४२.९	१४.०	२५
२७	कानुन किताब व्यवस्था समिति	१२	७५	४	२५	१६	१००	२	५०	२	५०	४	२५
२८	नेपाल बीमा प्राधिकरण	९६	६४	५३	३६	१४९	१००	२३	६२	१४	३८	३७	२५
२९	नेपाल स्वास्थ्य अनुसन्धान परिषद्	२९	५३.७	२५	४६.३	५४	१००	७	५३.८	६	४६.२	१३	२४.१
३०	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	५५	७३.३	२०	२६.७	७५	१००	१३	७२.२	५	२७.८	१८	२४
३१	प्रेस काउन्सिल नेपाल	२६	६८.४	१२	३१.६	३८	१००	६	६६.७	३	३३.३	९	२३.७
३२	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	३७	७२.५	१४	२७.५	५१	१००	१०	८३.३	२	१६.७	१२	२३.५
३३	राष्ट्रिय वाणिज्य बैंक	१७००	६२	१०४०	३८	२७४०	१००	३६७	५८.२	२६४	४१.८	६३१	२३
३४	नेपाल वायूसेवा निगम	६९७	७६.२	२१८	२३.८	९१५	१००	१४२	६७.६	६८	३२.४	२१०	२३
३५	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्					५७०		११०	८५.३	१९	१४.७	१२९	२२.६
३६	नेपाल विद्युत प्राधिकरण	६९६४	८२	१५२४	१८	८४८८	१००	१५५६	८३	३२२	१७	१८७८	२२
३७	नेपाल बैंक लिमिटेड	१५१२	५७.४	११२४	४२.६	२६३६	१००	२६३	४६.८	२९९	५३.२	५६२	२१.३
३८	नेपाल दूरसञ्चार प्राधिकरण	६५	६९	०	०	९४	१००	१३	६५	७	३५	२०	२१
३९	कृषि सामग्री कम्पनी लिमिटेड	१४६	७६	४६	२४	१९२	१००	३०	७५	१०	२५	४०	२०.८
४०	राष्ट्रिय न्यायिक प्रतिष्ठान	३०	६८.२	१४	३१.८	४४	१००	६	६६.७	३	३३.३	९	२०.५
४१	गोरखापत्र संस्थान	३६१	७६.३	११२	२३.७	४७३	१००	७३	७६.८	२२	२३.२	९५	२०.१
४२	कर्मचारी सञ्चय कोष	२६७	७०.६	१११	२९.४	३७८	१००	४९	६८.१	२३	३१.९	७२	१९
४३	सिंहदरबार वैद्यखाना विकास समिति	२७	७३	१०	२७	३७	१००	५	७१.४	२	२८.६	७	१८.९
४४	नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान	८५	६५.४	४५	३४.६	१३०	१००	१५	६२.५	९	३७.५	२४	१८.५
४५	नेपाल परीक्षा बोर्ड	१८५	५८.७	१३०	४१.३	३१५	१००	४०	७०.२	१७	२९.८	५७	१८.१
४६	खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड	१७५	१७५	७७	३०.६	२५२	१००	२९	६५.९	१५	३४.१	४४	१७.५
४७	निजामती सेवा	६०९०५	७०.९	२४९५८	२९.१	८५८६३	१००	९३७९	६४.७	५१०९	३५.३	१४४८८	१६.९
४८	काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड	२७	५६.३	२१	४३.८	४८	१००	४	५०	४	५०	८	१६.७
४९	राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड	६२	६०.२	४१	३९.८	१०३	१००	१०	५८.८	७	४१.२	१७	१६.५
५०	नागरिक लगानी कोष	७६	७३.८	२७	२६.२	१०३	१००	१२	७०.६	५	२९.४	१७	१६.५
५१	नेपाल पर्यटन बोर्ड	४३	७९.६	११	२०.४	५४	१००	५	६२.५	३	३७.५	८	१४.८
५२	निक्षेप तथा कर्जा सुरक्षण कोष	४७	६४.४	२६	३५.६	७३	१००	६	६०	४	४०	१०	१३.७
५३	कृषि विकास बैंक लिमिटेड	१६४०	६७	८२६	३३	२४६६	१००	२१९	६६	११२	३४	३३१	१३
५४	सामाजिक सुरक्षा कोष	५२	६१.२	२६	३०.६	८५	१००	७	६३.६	४	३६.४	११	१२.९
५५	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	२५	५३.२	२२	४६.८	४७	१००	४	६६.७	२	३३.३	६	१२.८
५६	राष्ट्रिय समाचार समिति	९०	७६.३	२८	२३.७	११८	१००	११	७३.३	४	२६.७	१५	१२.७
५७	राष्ट्रिय बीमा कम्पनी लिमिटेड	७४	६६.७	३७	३३.३	१११	१००	३	२१.४	११	७८.६	१४	१२.६
५८	शिक्षक सेवा	६४५३७	६७.७	३०७४६	३२.३	९५२८३	१००	६७६३	६२.८	४००१	३७.२	१०७६४	११.३
५९	नेपाल आयल निगम	४३४	७९.९	१०९	२०.१	५४३	१००	४८	९०.६	५	९.४	५३	९.८
६०	नेपाल नागरिक उड्डयन प्राधिकरण					११५१						१०१	८.७५
६१	नेपाल राष्ट्र बैंक		७२.५		२७.५								८.१

प्रदेशगत विवरण

५.१ पृष्ठभूमि

संघीयता शब्द लेटिन भाषाको फेडस् (Feodus) शब्दबाट आएको हो । जसको अर्थ करार वा सन्धि भन्ने हुन्छ । फेडस् शब्दबाट अंग्रेजीमा Federalism भएको हो । Federalism भनेको त्यस्तो शासन प्रणाली हो जसमा राष्ट्रिय (National) र प्रान्तीय तथा स्थानीय सरकार (Sub-National) बीच शासकीय शक्ति संविधानतः विभाजन गरिएको हुन्छ । यस प्रणालीमा संघ, प्रदेश र स्थानीय सरकारमा विभाजित गरिने, प्रत्येक राज्यको क्रियाकलापमा अधिकांश जनतालाई सहभागी गराउने र बहुजाति, बहुभाषी, बहुधार्मिक, क्षेत्र, तथा समुदायलाई समावेश गराउने गराइन्छ । यो सार्वभौमसत्ताको प्रयोग दुई भन्दा बढी तहबाट सरकारको अधिकार प्रत्याजित गरिने पद्धति पनि हो । संघीयता दुई आधारभूत सिद्धान्तमा बाँडिएको हुन्छ । पहिलो राज्य राज्य बीचको एकीकरण र दोस्रो एकात्मक शासन व्यवस्थालाई सामाजिक न्यायको लागि तल्लो तहलाई प्रत्योजन गर्ने अधिकार ।

नेपालमा मधेश र आदिवासी जनजाति आन्दोलनबाट संघीयता स्थापित भएको हो । समाजमा भएको विभेद उन्मूलन गर्न पछाडि र उत्पीडनमा पारिएका जाति समुदायलाई राज्य व्यवस्थामा मूलप्रवाहीकरण गर्न संघीय प्रणालीले मात्र समेट्न सक्ने भएकोले संविधान सभाबाट समानुपातिक तथा समावेशी सिद्धान्तमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अवलम्बन गरिएको हो । आदिवासी जनजाति समुदायको माग अनुसार प्रदेशका नामाकंन सांस्कृतिक तथा भाषिक आधारलाई मान्यता दिइनु पर्दछ भन्ने आवाज उठे पनि भौगोलिक आधारमा नामाकंन भएको छ । कोशी प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति समुदायले पहिचानको आधारमा प्रदेशको नामांकन हुनु पर्छ भनी संघर्ष गरिरहेको छन् । प्रदेश सभामा जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक प्रणाली लागू गर्न नेपालको संविधानमा संशोधनको माग उठिरहेको छ । सदियौदेखि उत्पीडनमा परी सामाजिक रुपमा पछाडि परेका वा पारिएका, भौगलिक रुपमा टाढा भएका, बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक समुदायको सह-अस्तित्व कायम राख्नको निम्ति संघीय शासन प्रणालीको व्यवस्था गरिएको हो । संघीयताबाट मात्र देशका पिछडा वर्ग, जात तथा जातिको विकास गर्न सम्भव छ भन्ने मान्यता रही आएको छ ।

संविधानको धारा ५६ बमोजिम राज्यको संरचना सम्बन्धी उपधारा १ मा मूल संरचना 'संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ' भनी स्पष्ट संवैधानिक व्यवस्था छ । संविधानको अनुसूची ४ मा उल्लेख भएबमोजिमको जिल्लाहरू रहने गरी सातवटा प्रदेश रहेको छ । संविधानको धारा २९४(३) बमोजिम संबैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ भन्ने प्रावधान बमोजिम आदिवासी जनजाति आयोगबाट आ.व. २०८२/०८३ मा तत् तत् प्रदेशहरुमा सम्पादित कार्यहरुको विवरण यस खण्डमा सम्मिलित गरी यो प्रतिवेदन तयार पारिएको छ ।

कोशी प्रदेश

५.२ परिचय

नेपालको कूल क्षेत्रफल १,४७, ६४१.२८ वर्ग कि.मी मध्ये २५,९०५ वर्ग कि.मी कोशी प्रदेशमा पर्दछ । यस प्रदेशको कुल जनसंख्या ४९,६१,४१२ मध्ये आदिवासी जनजातिको जनसंख्या २१,८४,१९८ रहेको छ । जसमा धेरै जनसंख्या भएको किरात राई समुदाय ५,०६,४२२ (४.९९प्रतिशत) र लिम्बु समुदाय ३,८७,५१५ (३.८१ प्रतिशत) रहेको छ । किरात राई मातृभाषा वोल्नेको संख्या ९१,७४६ र लिम्बु मातृभाषा वोल्नेको संख्या ३,३२,५१२ रहेको छ । यस प्रदेशमा लोपोन्मुख (मेचे, लेप्चा र हायु) समुदाय सहित ४२ जाति आदिवासी जनजाति समुदायहरु बसोबास गरेको देखिन्छ । विश्वको अग्लो हिमाल सगरमाथा, देशको होचो भूभाग झापाको केचनाकवल पर्दछ । हिमाल, पहाड र तराईसम्म फैलिएको यस प्रदेशमा झापा, इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा र उदयपुर गरी १४ वटा जिल्लाहरु पर्दछन् । यस प्रदेशमा १ महानगरपालिका, २ उपमहानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका गरी जम्मा १३७ स्थानीय तहहरु रहेका छन् ।

कोशी प्रदेश किराँत सभ्यताको मूल थलो मानिन्छ । यहाँ नेपालको प्राचीन किराँत सभ्यता र संस्कृति जीवन्त छ । मुन्धुमी परम्पराले नेपालको मौलिक संस्कृतिलाई जोगाएको छ । यी समुदायको सांस्कृतिक परम्पराअनुसार उभौली, उधौली, साकेला, च्याब्रुङ, सामा चकेवालगायतका नृत्यहरु किराँतहरुको मौलिक सांस्कृतिक सम्पदाभित्र पर्दछन् । ताप्लेजुङदेखि सोलुखुम्वुसम्मका हिमाली तथा पहाडी भागमा शेर्पा जातिको बसोबास र संस्कृति छ भने झापा, मोरङ्ग, सुनसरी जस्ता तराइ क्षेत्रमा धिमाल, राजवंशी, सन्थाल, थारु लगायतका आदिवासी जनजाति छन् ।

५.२.१ कोशी प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र मातृभाषा वक्ता संख्या

यस प्रदेशमा आदिवासी जनजातिको बसोबास र मातृभाषा वक्ताको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.१ : कोशी प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र मातृभाषा वक्ता संख्या

क्र.सं.	जाति	पुरुष	महिला	जम्मा	मातृभाषा वक्ता संख्या
१.	राई	२,४४,५७४	२,६१,८४८	५,०६,४२२	९१,७४६
२.	लिम्बु	१,८६,९३८	२,००,५७७	३,८७,५१५	३,३२,५१२
३.	तामाङ	१,१०,४२२	१,१८,४१६	२,२८,८३८	१,७५,४४५
४.	थारु	१,०१,२५६	१,०८,२६३	२,०९,५१९	२,१८,५३४
५.	मगर	९४,७५४	१,०१,८६४	१,९६,६१८	१,४३,३५९
६.	नेवार	८६,१७१	९२,२३४	१,७८,४०५	६२,७४१
७.	राजवंशी	६१,९६७	६६,०१८	१,२७,९८५	१,२८,१८९
८.	शेर्पा	३४,७७५	३५,५७३	७०,३४८	६५,३९९
९.	गुरूङ	३०,१२८	३३,२४२	६३,३७०	२७,३९०
१०.	सन्थाल	२७,४२०	२९,०५७	५६,४७७	५३,४३८
११.	धानुक	१५,८७३	१५,१७९	३१,०५२	
१२.	माझी	१४,४२१	१५,४२९	२९,८५०	१३,०६८
१३.	धिमाल	११,५५५	१२,८८०	२४,४३५	
१४.	ताजपुरीया	९,७४९	१०,८५६	२०,६०५	२०,१६७
१५.	दनुवार	८,१०६	८,७९४	१६,९००	८,२२४

१६.	याक्खा	८,०३६	८,४१५	१६,४५१	१३,६३९
१७.	वान्तवा	७,२६१	७,७२४	१४,९८५	१,३३,७४५
१८.	कुमाल	३,४४३	३,४७७	६,९२०	१,०८४
१९.	आठपहरिया	२,६७२	२,९६९	५,६४१	५,४५९
२०.	मेचे	२,३६०	२,६३७	४,९९७	४,१५३
२१.	भोटे	२,३९३	२,३९३	४,७८६	४,६०३
२२.	लेप्चा	१,६४०	१,६६२	३,३०२	२,१३०
२३.	थामी	१,१८५	१,१७४	२,३५९	
२४.	हेल्मो	६४८	६३३	१,२८१	७९९
२५.	फ्रि	४००	४५०	८५०	
२६.	ताप्केगोला	३०१	३२०	६२१	
२७.	पहरी	१६१	१४२	३०३	
२८.	वालुङ	१४०	१३८	२७८	२७४
२९.	बोटे	१४६	१२८	२७४	२७६
३०	ल्होमी	६८	७२	१४०	१३५
३१.	थकाली	४६	६२	१०८	११
३२.	दराई	४७	५२	९९	५४
३३.	चेपाङ	४७	५१	९८	१५
३४.	दुरा	५८	३९	९७	५५
३५.	हायु	४३	४१	८४	६३
३६.	कुशवाह	४५	३७	८२	
३७.	रानाथारु	२७	२४	५१	
३८.	जिरेल	२२	२६	४८	२४
३९.	बरामो	१७	१७	३४	
४०.	छन्त्याल	११	१६	२७	२७
४१.	राझी	११	११	२२	४२
४२.	ल्होपा	३	७	१०	१२
	जम्मा				

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

५.२.२ कोशी प्रदेशमा आ.व. २०८२/०८३ मा आयोगले गरेको मुख्य कार्यहरु

१. मिति २०८२।०४।०२ आयोगका सदस्य शरण राईद्वारा बेलका, रामपुर (उदयपुर) स्थित किरात राई सांस्कृतिक कलाकार संघको २० औ स्थापना दिवस यलदोङ ५०८५ को अवसरमा किरात राई सांस्कृतिक कलाकार संघ जिल्ला कार्य समिति उदयपुरले आयोजना गरेको कोशी प्रदेश स्तरीय हाजिरी जवाफ कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागि।

२ मिति २०८२।०७।२५ आयोगद्वारा नेपालको संविधानको धारा २९४ को उपधारा ३ वमोजिम आयोगको छैठौं वार्षिक प्रतिवेदन (आ.व ०८१।८२) कोशी प्रदेशका प्रदेश प्रमुख समक्ष पेश ।

३ मिति २०८२।८।१३ आयोगका मा.अध्यक्ष रामबहादुर थापामगरद्वारा नेपाल मुडियारी भाषा संस्कृति पहिचान उत्थान केन्द्रद्वारा विराटनगरमा आयोजित प्रथम महाधिवेशनमा सहभागी भई मुडियारी समुदायलाई छुट्टै आदिवासी जनजातिको रूपमा सूचीकृत गर्नुपर्ने वा नपर्ने सम्बन्धमा समेत अनुगमन ।

४ मिति २०८२।०८।२० खोटाङ जिल्लाको ऐसेलु खर्क गाउँपालिका वडा नं. १ राखावाङदेल स्थित शहीद अनिता गुरुङको स्मृति दिवस कार्यक्रममा आयोगको तर्फबाट सदस्य सुर्य बहादुर गुरुङको सहभागि ।

५ मिति २०८२।८।२२ अध्यक्ष रामबहादुर थापामगरद्वारा उदयपुरको उदयपुरगढी गाउँपालिकामा आदिवासी जनजाति अधिकार र कार्यान्वयन सम्बन्धी प्रशिक्षण सहित अनुगमन र सो सम्बन्धमा गाउँपालिकाका उपाध्यक्ष, विभिन्न वडाका वडाअध्यक्षहरु र आदिवासी जनजाति समुदायका प्रतिनिधिहरुबीच अन्तरक्रिया सम्पन्न ।

६ मिति २०८२।१०।०१ सुनसरी जिल्ला गाउँपालिका वडा नं.४ को वडा कार्यालयमा आदिवासी जनजाति आयोगको सदस्य सुर्य बहादुर गुरुङको उपस्थितिमा झाँगड उराँव समुदायले नाम संशोधन सम्बन्धमा दिएको निवेदन उपर छलफल कार्यक्रम सम्पन्न ।

- मिति २०८२।१२।०४ गते बेलबारी नगरपालिका मोरङको सहकार्यमा अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण तथा व्यवस्थापन विषयक अन्तर्क्रिया कार्यक्रम नगर प्रमुखको अध्यक्षता र आयोगका सदस्यहरु डा. मीनबहदुर श्रीस र शरण राईको आतिथ्यता तथा उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्यहरू, नेपाल आदिवासी जनजाति महासंघ बेलबारी नगर परिषदका प्रतिनिधिहरू, स्थानीय जातीय संघसंस्थाका प्रतिनिधि, विज्ञ, नगरपालिकाका कर्मचारी तथा आयोगका कर्मचारीको सहभागितामा सम्पन्न ।
- मिति २०८२।१२।०५ मा बेलबारी नगरपालिका वडा नं. १० स्थित धिमाल सांस्कृतिक सम्पदा गाउँ तथा जीवित सङ्ग्रहालय र होमस्टेको अनुगमन र आयोगले सिफारिस गरेको नमूना सांस्कृतिक सम्पदा गाउँ छनौट र जातीय खुल्ला–जीवन्त सङ्ग्रहालय स्थापनासम्बन्धी कार्यविधि, २०७९ को कार्यान्वयन सम्बन्धमा नगरप्रमुखसँग अन्तरक्रिया ।
- मिति २०८२।१२।०६ गते धिमाल सांस्कृतिक सम्पदा गाउँ तथा जीवित सङ्ग्रहालय, बेलबारी नगरपालिका वडा नं. १० मा अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण र नमूना सांस्कृतिक सम्पदा गाउँ छनोट तथा जीवित सङ्ग्रहालय सञ्चालन तथा व्यवस्थापन विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- मिति २०८२।१२।०८ गते कमलामाई नगरपालिका सिन्धुलीका आदिवासी जनजाति महासंघका प्रतिनिधिहरूसँग अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण तथा व्यवस्थापनका लागि महासंघको भूमिका विषयमा छलफल ।

७ मिति २०८२।१२।१३ खोटाङ जिल्ला हलेसी तुवाचुङ नगरपालिकामा नगर प्रमुख विमला राईको अध्यक्षता र आयोगका सदस्यहरु रीना राना, सुर्य बहादुर गुरुङ र वडाप्रतिनिधि एवं स्थानीय महिलाहरुको सहभागितामा आदिवासी जनजाति समुदायको परम्परागत ज्ञान सीपको संरक्षण, सम्बर्द्धन र पुस्तान्तरणमा आदिवासी जनजाति महिलाहरुको भूमिका विषयक सचेतना कार्यक्रम सम्पन्न ।

- मिति २०८२।१२।१६ ताप्लेजुङ जिल्ला फुङलिङ नगरपालिका वडा नं. ४ को वडा अध्यक्षको अध्यक्षता आयोगका सदस्यहरु रीना राना, सुर्य बहादुर गुरुङ तथा वडाप्रतिनिधि एवं स्थानीय आदिवासी जनजाति महिला महासंघका प्रतिनिधिहरु र अन्य वडाका अध्यक्षहरुको सहभागितामा आदिवासी जनजाति समुदायको परम्परागत ज्ञान सीपको संरक्षण, सम्बर्द्धन र पुस्तान्तरणमा आदिवासी जनजाति महिलाहरुको भूमिका विषयक प्रशिक्षण कार्यक्रम सम्पन्न ।
- मिति २०८२।१२।१८ ईलामको सुर्योदय नगरपालिका वडा नं.८ को वडा कार्यालयमा का.वा. वडा अध्यक्षको अध्यक्षतामा आयोगका सदस्य रीना राना, सुर्य बहादुर गुरुङ, स्थानीय आदिवासी जनजाति महिला महासंघका प्रतिनिधिहरु र लोपोन्मुख लेप्चा समुदायका महिलाहरुको सहभागितामा आदिवासी जनजाति समुदायको परम्परागत ज्ञान सीपको संरक्षण, सम्बर्द्धन र पुस्तान्तरणमा आदिवासी जनजाति महिलाहरुको भूमिका विषयक प्रशिक्षण कार्यक्रम सम्पन्न ।

८ मिति २०८३।०१।०७ कोशी प्रदेश, झापा जिल्लाको दमकमा कुशवाडिया जातिको नाम संशोधन र थर सूचीकरणको अध्ययन तथा अनुगमन कार्यक्रम सम्पन्न ।

९ मिति २०८३।०२।०६ 'हाम्रो परम्परा हाम्रो पहिचान' लोकवार्ता परिषद नेपालको १४औ लोकवार्ता सहगोष्ठी २०८३ मा आयोगको तर्फबाट मा.शरण राईको सम्बोधन ।

१० मिति २०८३।०२।२१ कोशी प्रदेश धनकुटा जिल्लामा आदिवासी जनजातिहरुको प्रदेश स्तरीय खुल्ला जीवित जातीय संग्रहालय स्थापना र स्थान पहिचान सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

११ मिति २०८३।०२।२६ गते आयोगका अध्यक्षद्वारा संखुवासभा जिल्लाको भोटखोला र मकालु लगायतका पालिकाहरुको विभिन्न स्थानमा वरुण राष्ट्रिय निकुञ्ज र मकालु वरुण हाइड्रोपावर लगायतका हाइड्रोपावर परियोजनाहरुले तहाँका आदिवासी जनजाति समुदायलाई पारेको असर सम्बन्धी अध्ययन अवलोकन कार्य सम्पन्न । अनुगमनका क्रममा भोटे लगायतका स्थानीय समुदायले वरुण नदीलाई बौद्ध र हिन्दु धर्मावलम्बीको पवित्र आस्थाको केन्द्र मान्दै त्यहाँ जलविद्युत आयोजना स्थापना गर्न नहुने र जलविद्युत आयोजनाका कारण जग्गा कब्जा हुने, ट्रान्समिसन लाइनले जग्गा अधिग्रहण गर्ने, सुरुङले पानी सुकाउने र उचित मुआब्जा नदिई स्थानीयलाई सुकुम्बासी बनाउने जस्ता बहुआयामिक समस्याबारे स्थानीय समुदाय, निकुञ्जका पदाधिकारी र पालिकाका प्रमुख तथा प्रतिधिनिहरुसँग अन्तरक्रिया ।

१२ मिति २०८३।०३।०४-१० गते सोलुखुम्बु जिल्लाको महाकुलुङ गाउँपालिकामा संचालित राष्ट्रिय निकुञ्ज तथा जलविद्युत परियोजनाबाट स्थानीय आदिवासी जनजाति समुदायलाई पारेको प्रभावको सम्बन्धमा आयोगका अध्यक्षद्वारा अनुगमन तथा सम्बन्धित निकायका प्रतिनिधि र स्थानीयसँग अन्तरक्रिया । उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नं. ११ स्थित वोटे टोलका बोटे समुदायको जमिन व्यक्ति तथा सरकारले कब्जा गर्दा उनीहरू उत्पीडनमा परेको र उनीहरुलाई परम्परागत पेशामा लगाइएको प्रतिवन्ध सम्बन्धमा नगरपालिकाका प्रतिनिधि र वोटे समुदायको प्रतिनिधिहरुसँग छलफल । त्यसै गरी त्रियुगा नगरपालिकामा बसोबास गर्ने दनुवार समुदायका विभिन्न प्रतिनिधि तथा महिला समुहका प्रतिनिधिहरुसँग आदिवासी जनजाति अधिकार र दनुवार समुदायको परम्परागत पेशा संरक्षण र सम्बर्द्धनको सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

१३ मिति २०८३।०३।१५ खोटाङ जिल्ला जन्तेढुङ्गा गाउँपालिका स्थित किराँत पुमाराई समुदायको भौतिक अभौतिक संस्कृति तथा जीवित संग्रहालय स्थापना सम्बन्धी आयोगका सदस्य शरण राईद्वारा "किराँत पुमा राईहरूसँग अन्तरक्रिया कार्यक्रम" सम्पन्न ।

ख. सिफारिसहरु

१ आदिवासी जनजाति समुदायको मातृभाषालाई प्रदेश र स्थानीयस्तरको सरकारी कामकाज र विद्यालयमा अध्ययनको लागि लागू गर्न नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने ।

२ आदिवासी जनजाति समुदायको भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धनका लागि आवश्यक नीति तथा कानुन निर्माण गरी प्रदेश तथा पालिका स्तरमा सूचीकरण र जीवित संग्रहालय स्थापना गर्ने ।

३ प्रदेश तथा पालिकाले आदिवासी जनजाति समुदायको संस्कृतिमा आधारित सांस्कृतिक तथा आरोग्य पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु लागू गर्ने ।

४ सार्वजनिक तथा सरकारी सेवा प्रदान गर्ने प्रदेश तथा पालिकास्तरीय कार्यालयहरुमा आदिवासी जनजाति सम्पर्क व्यक्तिको व्यवस्था गर्ने ।

५ प्रदेश तथा पालिकाले आफ्नो क्षेत्र भित्र नेपाली भाषा वाहेक बहुसंख्यकले वोल्ने आदिवासी जनजातिको मातृभाषालाई सरकारी कामकाजको भाषा लागू गराउने ।

६ प्रदेश तथा पालिकाले आदिवासी जनजाति समुदायको भाषा तथा संस्कृतिलाई आधारभूत तहदेखि विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गराउने ।

७ प्रदेश तथा पालिकाहरुले आदिवासी जनजाति लक्षित कार्यक्रममा आवश्यक वजेट विनियोजन गरी कार्यान्वयन गर्ने ।

८ आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन प्रदेश तथा पालिका सरकारले आवश्यक नीति, कार्यक्रम तथा वजेटको व्यवस्था गर्ने ।

९ संविधानको धारा ५६(५) बमोजिम संरक्षित, विशेष वा स्वायत्त क्षेत्रको कार्यान्वयन गर्ने ।

कोशी प्रदेशमा विभिन्न मितिमा भएका कार्यक्रमहरुको झलक



कोशी प्रदेशका मा. प्रदेश प्रमुखज्यू समक्ष आयोगको छैटौं वार्षिक प्रतिवेदन पेश । २०८२ कार्तिक १२, विराटनगर ।



सामूहिक तस्बिरमा प्रदेश प्रमुखसमक्ष आयोगको छैठौं प्रतिवेदन पेशपश्चात् । विराटनगर ।



अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण विषयक अन्तरक्रिया कार्यक्रम, मोरङ वेलवारी ।




आदिवासी जनजाति महिलाको परम्परागत ज्ञान सिपको संरक्षण र पुस्तान्तरण सम्बन्धी अन्तरक्रिया खोटाङ हलेसी तुवाचुङ २०८२ चैत्र ११





आदिवासी जनजाति महिलाको परम्परागत ज्ञान सिपको संरक्षण र
पुस्तान्तरण सम्बन्धी लेप्चा महिलाहरुसँग अन्तरक्रिया इलामको सुर्योदय नगरपालिका (वडा नं. ८) २०८२ चैत्र १६



कुशवाडिया जातिको नाम संसोधन र थर सूचीकरणको अध्ययन तथा अनुगमन कार्यक्रम



झाँगड/उराँउ जातिको नाम संशोधन सम्बन्धमा अन्तरक्रिया लौकही, सुनसरी २०८२ मंसिर १









बरूण हाइड्रोपावरद्वारा प्रभावित आदिवासी जनजाति समुदाय र स्थानीय जनप्रतिनिधिसँग अन्तर्क्रिया तथा स्थलगत अनुगमन भोटखोला र मकालु गाउँपालिका, संखुवासभा ।



बोटे तथा दनुवार समुदायको परम्परागत जीविकोपार्जन स्रोतसम्बन्धी जातीय संस्था तथा त्रियुगा नगरपालिकाका जनप्रतिनिधिहरूसँगको छलफल । गाइघाट, उदयपुर ।









आदिवासी जनजाति आयोग र लोकवार्ता परिषद नेपालको सहकार्यमा
१४औ लोकवार्ता सङ्गोष्ठी- जन्तेढुङ्गा खोटाङ, २०८३ जेष्ठ ६



खुल्ला जीवित जातीय सङ्ग्रहालय
स्थापना कार्यक्रम भेडेटार, धनकुटा



पुमा राईहरुको होमस्टे अवलोकन तथा
वृत्तिविकास सम्बन्धी अन्तरक्रिया । खोटाङ



झाँगड/उराँउ जातिको नाम संशोधन सम्बन्धमा
अन्तरक्रिया लौकही, सुनसरी २०८२ मंसिर १



राष्ट्रिय निकुञ्ज तथा हाइड्रोपावरले आदिवासी जनजाति समुदायमा पारेको प्रभावको अनुगमन
तथा स्थानीय जनप्रतिनिधिसँगको छलफलपश्चात् । महाकुलुङ, सोलुखुम्बु ।










प्रतिनिधि सभा निर्वाचन २०८२ को अनुगमन, झापा तथा उदयपुर ।





मधेश प्रदेश

५.३.१ परिचय

नेपालको कूल क्षेत्रफल १,४७, ६४१.२८ वर्ग कि.मी मध्ये ९,६६१ वर्ग कि.मी मधेश प्रदेशमा पर्दछ । यस प्रदेशमा जनगणना २०७८ अनुसार ६१,२६,२८८ बसोबास गर्दछन् । यस प्रदेशको कुल जनसंख्या ६१,१४,६०० मध्ये आदिवासी जनजातिको जनसंख्या ६,६६,०९७ रहेको छ । जसमा धेरै जनसंख्या भएको थारु समुदाय ३,१०,०३८ (३.०४प्रतिशत) र धानुक समुदाय २,१७,०९६ (२.१३ प्रतिशत) रहेको छ । थारु मातृभाषा वोल्नेको संख्या २,५४,६८५ र धानुक मातृभाषा वोल्नेको संख्या ० रहेको छ । यस प्रदेशमा ३८ जाति आदिवासी जनजाति समुदायहरु बसोबास गरेको देखिन्छ । यस प्रदेशमा सप्तरी, सिराहा, महोत्तरी, धनुषा, सर्लाही, रौतहट, बारा र पर्सा गरी ८ वटा जिल्लाहरु पर्दछन् । यस प्रदेशमा १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी जम्मा १३६ स्थानीय तहहरु रहेका छन् ।

५.३.२ मधेश प्रदेशमा बसोबास गर्ने मुख्य आदिवासी जनजाति र मातृभाषा वक्ता संख्या

यस प्रदेशमा आदिवासी जनजातिको बसोबास र मातृभाषीको संख्या तालिका नं. ५.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ५.२ : मधेश प्रदेशमा बसोबास गर्ने मुख्य आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या

क्र.सं.	जाति	पुरुष	महिला	जम्मा	मातृभाषा वक्ता संख्या
१.	थारु	१४,६५००	१,५४,५३८	३,०१,०३८	२,५४,६८५
२.	धानुक	१,०८,३५६	१,०८,७४०	२,१७,०९६	
३.	तामाङ	५९,१३३	६३,०६१	१,२२,१९४	१,००,६६९
४.	मगर	३१,४८३	३३,६५९	६५,१४२	४४,६७३
५.	नेवार	१८,३९५	१८,९६१	३७,३५६	१२,७९०
६.	दनुवार	१५,७३०	१७,३९५	३३,१२५	८,५३०
७.	माझी	१४,७४०	१४,८५९	२९,५९९	४,७३६
८.	राई	५,०१७	५,१९३	१०,२१०	
९.	घर्ती/भुजेल	३,३४३	३,३४२	६,६८५	७१६
१०.	कुमाल	२,८३५	२,६५१	५,४८६	४९
११.	गुरूङ	१,४७८	१,५७१	३,०४९	१,३३४
१२.	सुनुवार	१,३५१	१,३१०	२,६६१	७६१
१३.	राजवंशी	५३५	४८१	१,०१६	९६
१४.	पहरी	४०९	३९४	८०३	१५०
१५.	बोटे	२७२	२६६	५३८	१८०
१६.	थामी	२४८	२८९	५३७	३९५
१७.	लिम्बु	२६८	२६०	५२८	२१७
१८.	चेपाङ	१७९	१८३	३६२	२१६

१९.	शेर्पा	११६	१२७	२४३	३२
२०.	कुशवाडिया	१२७	११२	२३९	
२१.	हायु	१११	११४	२२५	१४१
२२.	रानाथारु	८६	७२	१५८	
२३.	सन्थाल	८०	६५	१४५	३७
२४.	आठपहरिया	३३	८०	११३	
२५.	धिमाल	५५	५०	१०५	२४
२६.	याक्ख्या	४५	४५	९०	
२७.	भोटे	३८	३४	७२	
२८.	दराई	४१	३१	७२	१५
२९.	मेचे	१४	५१	६५	
३०	थकाली	२९	३९	६२	
३१.	गनगाई	२३	२७	५०	
३२.	बरामु/बराम	१७	२०	३७	
३३.	ताजपुरीया	१४	१२	२६	
३४.	जिरेल	१२	६	१८	५८
३५.	छन्त्याल	९	९	१८	
३६.	ल्होपा	७	६	१३	
३७.	दुरा	४	७	११	
३८.	ल्होमी	५	६	११	

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

यस प्रदेशमा बसोबास गर्ने थारु समुदायमा मातृभाषी थारु भाषा बोल्नेको संख्या झण्डै ८६% रहेको छ।

५.३.३ मधेश प्रदेशमा आ.व. २०८२/०८३ मा आयोगले गरेका मुख्य कार्यहरु

१. मिति २०८२।०७।२३ आयोगद्वारा नेपालको संविधानको धारा २९४ को उपधारा ३ वमोजिम आयोगको छैठौं वार्षिक प्रतिवेदन (आ.व ०८१।८२) मधेश प्रदेशका प्रदेश प्रमुख समक्ष पेश ।

२. मिति २०८२।११।२० प्रतिनिधिसभा निर्वाचन २०८२ को सन्दर्भमा आदिवासी जनजाति आयोगले सर्लाहीदेखि झापासम्म आदिवासी जनजाति समुदायको राजनीतिक सहभागिताको स्थलगत अनुगमन ।

३. मिति २०८३।०२।२८ गते मा. सदस्य शरण राईको आतिथ्यतामा महोत्तरी जिल्ला महोत्तरी गाउंपालिकाको सहकार्यमा "आदिवासी जनजातिको जीवित सङ्ग्रहालय र नमुना गाउँ निर्माण परियोजना सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

सिफारिसहरू

१. आदिवासी जनजाति समुदायको मातृभाषालाई प्रदेश र स्थानीयस्तरको सरकारी कामकाज र विद्यालयमा अध्ययनको लागि लागू गर्न नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने ।

२. आदिवासी जनजाति समुदायको भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धनका लागि आवश्यक नीति तथा कानुन निर्माण गरी प्रदेश तथा पालिका स्तरमा सूचीकरण र जीवित संग्रहालय स्थापना गर्ने ।

३. प्रदेश तथा पालिकाले आदिवासी जनजाति समुदायको संस्कृतिमा आधारित सांस्कृतिक तथा आरोग्य पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु लागू गर्ने ।

४. सार्वजनिक तथा सरकारी सेवा प्रदान गर्ने प्रदेश तथा पालिकास्तरीय कार्यालयहरुमा आदिवासी जनजाति सम्पर्क व्यक्तिको व्यवस्था गर्ने ।

५. प्रदेश तथा पालिकाले आफ्नो क्षेत्र भित्र नेपाली भाषा वाहेक बहुसंख्यकले वोल्ने आदिवासी जनजातिको मातृभाषालाई सरकारी कामकाजको भाषा लागू गराउने ।

६. प्रदेश तथा पालिकाले आदिवासी जनजाति समुदायको भाषा तथा संस्कृतिलाई आधारभूत तहदेखि विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गराउने ।

७. प्रदेश तथा पालिकाहरुले आदिवासी जनजाति लक्षित कार्यक्रममा आवश्यक वजेट विनियोजन गरी कार्यान्वयन गर्ने ।

८. आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन प्रदेश तथा पालिका सरकारले आवश्यक नीति, कार्यक्रम तथा वजेटको व्यवस्था गर्ने ।

९. संविधानको धारा ५६(५) बमोजिम संरक्षित, विशेष वा स्वायत्त क्षेत्रको कार्यान्वयन गर्ने ।

मधेश प्रदेशमा बिभिन्न मितिमा भएका कार्यक्रमहरुको झलक



मधेश प्रदेश प्रमुखलाई आयोगको छैठौं वार्षिक प्रतिवेदन पेश ।





मधेश प्रदेशका मुख्यमन्त्री तथा सभामुखसँग आयोगका सिफारिस कार्यान्वयन सम्बन्धमा छलफल ।



धनुषाको हंशपुर न.पा. मा सम्पन्न अन्तर्क्रिया । २०८२/०८३





सर्लाही जिल्ला, प्रतिनिधिसभा निर्वाचन २०८२ को अनुगमन तथा आदिवासी जनजातिहरूसँग छलफल ।



जनकपुरधाममा धानुकमण्डल समुदायसँग समुदायको अधिकारबारे छलफल तथा अन्तर्क्रिया कार्यक्रम ।



प्रतिनिधि सभा निर्वाचन २०८२ को अनुगमन । सर्लाही ।

बागमती प्रदेश

५.४.१ परिचय

नेपालको कूल क्षेत्रफल १,४७, ६४१.२८ वर्ग कि.मी मध्ये २०,३०० वर्ग कि.मी बागमती प्रदेशमा पर्दछ । यस प्रदेशको कुल जनसंख्या ६१,१६,८६६ मध्ये आदिवासी जनजातिको जनसंख्या ३२,९५,३१० रहेको छ । जसमा धेरै जनसंख्या भएको तामाङ समुदाय १२,१६,५१७ (२०.४२ प्रतिशत) र नेवार समुदाय ९,५२,४६० (१६.९२ प्रतिशत) रहेको छ । तामाङ मातृभाषा वोल्नेको संख्या ११,००,४४२ र नेवार मातृभाषा वोल्नेको संख्या ७,२२,९४३ रहेको छ । बागमती प्रदेशमा तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषाको रुपमा लागू गरिएको छ । नेपाल सरकारले नेपाल सम्बतलाई मान्यता दिइ सरकारी दस्तावेजमा समेत उल्लेख गर्दै आएको छ । यस प्रदेशमा ४७ जाति आदिवासी जनजाति समुदायहरु बसोबास गरेको देखिन्छ । यस प्रदेशमा धादिङ, रसुवा, रामेछाप, सिन्धुपाल्चोक, दोलखा, नुवाकोट, काभ्रेपलाञ्चोक, काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुली, मकवानपुर र चितवन गरी १३ जिल्लाहरु छन् । यस प्रदेशमा ३ महानगरपालिका, १ उपमहानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिका गरी जम्मा ११९ स्थानीय तहहरु रहेका छन् ।

५.४.२ बागमती प्रदेशमा बसोबास गर्ने आदिवासी जनजातिको जनसंख्या र मातृभाषा वक्ता संख्या

यस प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र मातृभाषा वक्ता संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.३ : बागमती प्रदेशमा बसोबास गर्ने आदिवासी जनजातिको जनसंख्या र मातृभाषा वक्ता संख्या

क्र.सं.	जाति	पुरुष	महिला	जम्मा	मातृभाषा वक्ता संख्या
१.	तामाङ	५,९५,८४२	६,२०,६७५	१२,१६,५१७	११,००,४४२
२.	नेवार	४,६८,३५४	४,८४,१०६	९,५२,४६०	७,२२,९४३
३.	मगर	१,५१,८५०	१,६०,५५९	३,१२,४०९	७६,८२४
४.	गुरूङ	६६,२२२	७४,५६०	१,४०,७८२	६७,८९३
५.	राई	५३,०७९	५९,२८५	१,१२,३६४	४४,४०९
६.	थारु	५,७०६७	५३,२१७	१,१०,२८४	९५,४२३
७.	चेपाङ	३९,५२०	३८,३९४	७७,९१४	५,४८८९
८.	शेर्पा	२८,५१९	२९,६००	५,८११९	५१,२१२
९.	माझी	२०,५४१	२१,१३०	४१,६७१	१३,२०८
१०.	भुजेल	१७,१९२	१७,५१२	३४,७०४	२,५८७
११.	सुनुवार	१६,९३७	१७,५९०	३४,५२७	१८,१५१
१२.	दनुवार	१५,६१३	१६,९४९	३२,५६२	३३,१९८
१३.	थामी	१४,२७८	१५,१२९	२९,४०७	२५,०८२
१४.	याक्थुङ/लिम्बु	११,४६०	१२,४३३	२३,८९३	१६,६७४
१५.	कुमाल	१०,९५२	११,२६१	२२,२१३	५,२०४
१६.	पहरी	६,७७५	६,७२९	१३,५०४	५,५६२
१७.	दराई	५,०३२	५,२७९	१०,३११	७,५७३
१८.	जिरेल	२,८३४	३,०२४	५,८५८	५,०२६
१९.	बोटे	१,८२१	१,८३१	३,६५२	२,८७१

२०.	थकाली	१,५८५	१,७७४	३,३६९	१,५१७
२१.	हायु	१,३२२	१,४२३	२,७४५	७८२
२२.	धानुक	१,७८०	९२३	२,७०३	
२३.	भोटे	१,३९८	१,२३४	२,६३२	१,५४४
२४.	राजवंशी	१,०३९	८३९	१,८७८	१,०१२
२५.	छन्त्याल	६४८	७११	१,३५९	५५६
२६.	बराम/बरामु	६६६	६३७	१,३०३	२४५
२७.	दुरा	५७१	६८१	१,२५२	५१९
२८.	धिमाल	४४९	४७९	९२८	४९४
२९.	याक्ख्या	३२६	३५६	६८२	५६१
३०	सन्थाल	२१८	२११	४२९	१५०
३१.	रानाथारु	२१८	१३६	३५४	३१
३२.	ताजपुरीया	१८५	१५२	३३७	१६७
३३.	लेप्चा	९९	११५	२१४	८३
३४.	ल्होमी	९१	१०१	१९२	
३५.	वालुङ	९०	१०१	१९१	१९१
३६.	सुरेल	८०	७३	१५३	१५२
३७.	गनगाई	५८	५५	११३	४०
३८.	आठपहरिया	३७	४६	८३	९५
३९.	वनकरिया	३५	३८	७३	६२
४०.	कुसुण्डा	३७	३५	७२	
४१.	कुशवाडीया	४५	२६	७१	
४२.	ल्होपा	२८	२७	५५	५०
४३.	मेचे	३२	२०	५२	२९
४४.	किसान	३३	१९	५२	
४५.	फ्रि	१८	३०	४८	
४६.	राझी	१३	११	२४	३२
४७.	ताप्केगोला	७	९	१६	

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

यस प्रदेशमा वसोवास गर्ने नेवार, थारु र तामाङ समुदायमा मातृभाषा बोल्नेको संख्या क्रमशः ७६%, ८६% र ९०% रहेको छ ।

५.४.३ बागमती प्रदेशमा आ.व. २०८२/८३ मा आयोगले गरेका मुख्य कार्यहरु

१. मिति २०८२।०४।२४ विदुर नगरपालिका, नुवाकोटमा ३१ औं विश्व आदिवासी दिवस कार्यक्रममा आयोगका मा. सदस्य सुर्य बहादुर गुरुङको सम्बोधन ।

२. मिति २०८२।०५।२० आयोगका मा. अध्यक्ष रामबहादुर थापामगरद्वारा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) धादिङको समन्वयमा निलकण्ठ नगरपालिका-८ धादिङबेशी मा आयोजित आदिवासी जनजातिको संवैधानिक तथा कानूनी हक अधिकार सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्बोधन ।

३. मिति २०८२।०५।२१ आयोगका मा. सदस्य सुर्य बहादुर गुरुङद्वारा ईच्छाकामना गा.पा.६, कालीखोला, चितवनस्थित चेपाङ समुदायको राष्ट्रिय सांस्कृतिक पर्व न्वाँगी (छोनाम) कार्यक्रमलाई विशिष्ट अतिथिको रुपमा सम्बोधन ।

४. मिति २०८२।०७।१२ काभ्रेपलान्चोक जिल्ला नमोबुद्ध नगरपालिकाको आदिवासी जनजाति समुदायको समग्र स्थिति र भौतिक तथा अभौतिक सम्पदा सम्बन्धमा नगर प्रमुखसँग अन्तरक्रिया।

५ मिति २०८२।०८।१० नेपालको संविधानको धारा २९४ को उपधारा ३ वमोजिम आयोगद्वारा बागमती प्रदेशका प्रदेश प्रमुख समक्ष छैठौं वार्षिक प्रतिवेदन (आ. व. २०८१/८२) पेश ।

६ सिन्धुली जिल्ला खुर्कोट नगरपालिका वडा नं. ४ मा आयोगका मा. सदस्य सुर्यबहादुर गुरुङद्वारा वडा अध्यक्ष, आदिवासी जनजाति महासंघ र हायु समुदायको अध्यक्षबीच विस्थापित उर्मिला हायुको परिवारको पुर्नस्थापना र बासस्थानको सन्दर्भमा अन्तरक्रिया ।

७ रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नं. ८ स्थित महाकाली आधारभूत विद्यालयमा हायु जातिको मातृभाषा पठनपाठन र हायु समुदायको सांस्कृतिक स्थल तथा हायु समुदायको भाषा र हायु संग्रहालयको अवलोकन तथा अनुगमन ।

८ मिति २०८३।०१।११ चितवन जिल्लामा स्थानीय बोटे समुदायलाई आदिवासी जनजाति समुदायको हक अधिकार सम्बन्धी जनचेतना र राष्ट्रिय निकुञ्जका कारण बोटे समुदायको परम्परागत पुख्यौंली पेसामा परेको असर सम्बन्धमा अन्तर्क्रिया ।

९ मिति २०८३।०१।१९ नुवाकोट जिल्लाको लिखु गाउँपालिकामा अभौतिक सांस्कृतिक सम्पदाको सुचीकरण तथा व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

१० मिति २०८३।०२।१८ नुवाकोटको लिखु गाँउपालिका वडा नं. १ स्थित चण्डेश्वरी संरक्षण समिति, मगर समाज खानीगाउँ र पञ्चकन्या गाउँपालिका वडा नं. १ को सहकार्यमा "नमूना सांस्कृतिक सम्पदा गाउँ तथा जीवित सङ्ग्रहालय सञ्चालन र अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण तथा व्यवस्थापनमा समुदायको भूमिका" विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

११ मिति २०८३।०२।२८ मकवानपुर तथा चितवन जिल्लामा बसोबास गर्दै आएका चेपाङ समुदायको थातथलो सम्बन्धमा संविधानको धारा ५६ (५) बमोजिम संरक्षित विशेष वा स्वायत क्षेत्र विषयमा अनुगमन कार्य सम्पन्न ।

१२ मिति २०८३।०३। ११ जिरी नगरपालिकाको सहकार्यमा जिरी नगरपालिकाको कार्यालयमा जिरेल समुदायको थातथलोलाई संविधानको धारा ५६ (५) बमोजिम संरक्षित, विशेष वा स्वायत्त क्षेत्र के वनाउन सकिन्छ ? भन्ने विषयमा नगरपालिका, जिरेल समुदाय, आदिवासी जनजाति महासंघ र स्थानीय समुदायबीच अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।

१३ भिमेश्वर नगरपालिकाको सहकार्यमा थामी जातिको उभौली पर्वको अवसरमा आदिवासी जनजाति समुदायका गुनासा तथा समस्या सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

१४ मिति २०८२।०७।१७ गते काठमाडौं उपत्यका भित्रका स्थानीय तहका प्रमुख र उपप्रमुखको सहभागितामा "अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण तथा व्यवस्थापनमा स्थानीय तहको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

१५ मिति २०८३।०३।३२ चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.२३ को बेलहट्टामा आमा आशिका बोटे र छोरा भरत बोटेलाई हात्तीले आक्रमण गरि वटे समुदायको आमा छोरा मारिएको घटनाको अनुगमन ।

ख. सिफारिस

१ आदिवासी जनजाति समुदायको मातृभाषालाई प्रदेश र स्थानीयस्तरको सरकारी कामकाज र विद्यालयमा अध्ययनको लागि लागू गर्न नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने ।

२ आदिवासी जनजाति समुदायको भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धनका लागि आवश्यक नीति तथा कानुन निर्माण गरी प्रदेश तथा पालिका स्तरमा सूचीकरण र जीवित संग्रहालय स्थापना गर्ने ।

३ प्रदेश तथा पालिकाले आदिवासी जनजाति समुदायको संस्कृतिमा आधारित सांस्कृतिक तथा आरोग्य पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु लागू गर्ने ।

४ सार्वजनिक तथा सरकारी सेवा प्रदान गर्ने प्रदेश तथा पालिकास्तरीय कार्यालयहरुमा आदिवासी जनजाति सम्पर्क व्यक्तिको व्यवस्था गर्ने ।

५ प्रदेश तथा पालिकाले आफ्नो क्षेत्र भित्र नेपाली भाषा वाहेक बहुसंख्यकले वोल्ने आदिवासी जनजातिको मातृभाषालाई सरकारी कामकाजको भाषा लागू गराउने ।

६ प्रदेश तथा पालिकाले आदिवासी जनजाति समुदायको भाषा तथा संस्कृतिलाई आधारभूत तहदेखि विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गराउने ।

७ प्रदेश तथा पालिकाहरुले आदिवासी जनजाति लक्षित कार्यक्रममा आवश्यक वजेट विनियोजन गरी कार्यान्वयन गर्ने ।

८ आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन प्रदेश तथा पालिका सरकारले आवश्यक नीति, कार्यक्रम तथा वजेटको व्यवस्था गर्ने ।

९ संविधानको धारा ५६(५) बमोजिम संरक्षित, विशेष वा स्वायत्त क्षेत्रको कार्यान्वयन गर्ने ।

बागमती प्रदेशमा विभिन्न मितिमा भएका कार्यक्रमहरुको झलक



बागमती प्रदेश प्रमुख समक्ष आयोगको छैठौं वार्षिक प्रतिवेदन पेश ।





आदिवासी जनजाति जिरेल समुदायको अधिकारसम्बन्धि अन्तरक्रिया । २०८३ जेष्ठ १२



मातृभाषा संरक्षणमा स्थानीय तहको भूमिका विषयक अन्तरक्रिया
चन्द्रागिरी नगरपालिकाको कार्यालय, काठमाडौं ।




आदिवासी जनजातिको अधिकार सम्बन्धि
अन्तरक्रिया भरतपुर ११, चितवन



अभौतिक साँस्कृतिक सम्पदा
सूचीकरण तथा व्यवस्थापनमा
स्थानीय तह र समुदायको भूमिका
विषयक अन्तरक्रिया लिखु
गाउँपालिका १, नुवाकोट ।



आदिवासी जनजातिको अधिकार सम्बन्धि अन्तरक्रिया भरतपुर ११, चितवन



चितवनमा धुबे हात्तिको आक्रमणमा परी निधन भएका बोटे परिवारको अनुगमन ।



चितवनमा सांस्कृतिक पर्व मनाउँदै बोटे समुदाय ।



विस्थापित उर्मिला हायुको परिवारको पुनरस्थापनाको लागि गाउँपालिका वडा अध्यक्ष लगाएतका जनप्रतिनिधहरुसँग छलफल गलन्जोर, सिन्धुली ।



रामेछाप जिल्ला रामेछाप नगरपालिका स्थित हायु समुदायको मातृभाषा समेत पठनपाठन हुने विद्यालय



भिमेश्वर नगरपालिका वडा नं. ८ मा थामी समुदायको भुमे पुजा ।



भिमेश्वर नगरपालिका वडा नं. ८ मा थामी समुदायको भुमे पुजा ।



भिमेश्वर नगरपालिकालाई आयोगको वार्षिक प्रतिवेदन हस्तान्तरण ।





चेपाङ मातृभाषा प्रशिक्षण कार्यक्रम भरतपुर ३० जेष्ठ २०८३



चेपाङ जिल्ला संघ मकवानपुरका पदाधिकारीहरुसँग संरक्षित क्षेत्र सम्बन्धी अन्तरक्रिया

गण्डकी प्रदेश

५.५.१ परिचय

नेपालको कूल क्षेत्रफल १,४७, ६४१.२८ वर्ग कि.मी मध्ये २१,७३३ वर्ग कि.मी गण्डकी प्रदेशमा पर्दछ । यस प्रदेशको कुल जनसंख्या २४,६६,४२७ मध्ये आदिवासी जनजातिको जनसंख्या ११,३५,९१२ रहेको छ । जसमा धेरै जनसंख्या भएको पहिलो मगर दोस्रो गुरुङ र तेस्रो नेवार जाति पर्दछ । थोरै जनसंख्या भएको आदिवासी जनजाति समुदाय हायु हो । यस प्रदेशमा म्याग्दी, मुस्ताङ, पर्वत, बाग्लुङ, स्याङजा, मनाङ्ग, कास्की, तनहुँ, लमजुङ, गोरखा, नवलपरासी र नवलपुर गरी जम्मा ११ वटा जिल्लाहरु रहेको यस प्रदेशमा १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी जम्मा ८५ स्थानीय तह र १८ संघीय निर्वाचन क्षेत्र रहेका छन् ।

५.५.२ गण्डकी प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या

यस प्रदेशमा बसोबास गर्ने आदिवासी जनजातिको र मातृभाषा वक्ताको संख्या देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.४ : गण्डकी प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या

क्र.सं.	जाति	पुरुष	महिला	जम्मा	मातृभाषा वक्ता संख्या
१.	मगर	२,१६,३८९	२,४७,९२१	४,६४,३१०	२,४४,७५९
२.	गुरूङ	१,२६,६९७	१,४५,५७३	२,७२,२७०	२,०८,०८८
३.	नेवार	४८,६५९	५२,७९१	१,०१,४५०	३७,८०१
४.	तामाङ	२४,७७८	२५,५७१	५०,३४९	३३,४७१
५.	थारु	२३,७५३	२३,८६६	४७,६१९	४२,७९५
६.	कुमाल	१९,१६८	२१,३२९	४०,४९७	६,०२७
७.	भुजेल	१३,६१३	१५,१३८	२८,७५१	२,५१५
८.	छन्त्याल	४,०५०	४,४५२	८,५०२	३,०९२
९.	राई	४,०१९	३,५८०	७,५९९	२,७०६
१०.	दराई	३,६३८	३,९४३	७,५८१	४,३३८
११.	बरामु/बराम	३,००१	३,४५१	६,४५२	१,२८७
१२.	थकाली	२,८६०	२,९९१	५,८५१	२,२५२
१३.	चेपाङ	२,८४१	२,७७६	५,६१७	३,२०९
१४.	सुनुवार	२,४५४	२,७७९	५,२३३	२०६
१५.	बोटे	२,२३१	२,२६५	४,४९६	२,५१२
१६.	माझी	२,१२२	२,०६६	४,१८८	१,२३६
१७.	दुरा	१,८८९	२,२४६	४,१३५	१,३३७
१८.	याक्थुङ/लिम्बु	७६४	७२९	१,४९३	६३२

१९.	ल्होपा	६१९	६९२	१,३११	२,२०२
२०.	शेर्पा	६६१	५९२	१,२५३	५१२
२१.	भोटे	३४७	३९४	७४१	१८१
२२.	हेल्मो	२२९	२८२	५११	६०२
२३.	राजवंशी	१४१	१३६	२७७	३०४
२४.	धानुक	१०६	७५	१८१	
२५.	रानाथारु	८३	५४	१३७	
२६.	सुरेल	५९	७६	१३५	
२७.	सन्थाल	५०	५७	१०७	
२८.	दनुवार	६२	४१	१०३	१७
२९.	पहरी	४९	४७	९६	२२
३०	थामी	४५	३७	८२	३९
३१.	धिमाल	४५	३७	८२	१२
३२.	जिरेल	४३	२८	७१	४८
३३.	बनकरिया	२५	३१	५६	
३४.	कुसुण्डा	१६	२८	४४	
३५.	याक्ख्या	२१	१८	३९	१३
३६.	लेप्चा	१०	८	१८	११
३७.	कुशवाडिया	७	५	१२	
३८.	हायु	६	४	१०	१६

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

५.५.३ गण्डकी प्रदेशमा आ.व. २०८२/०८३ मा आयोगले गरेका मुख्य कार्यहरु

१ मिति २०८२।०४।१५ सम्म आयोगका सदस्य रीना रानाद्वारा सिन्धुलीबाट विस्थापित उर्मिला हायू परिवारको कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ३० माथिल्लो गगनगौंडामा स्थलगत अनुगमन ।

२ मिति २०८२।०७।२५ गण्डकी प्रदेश बाग्लुङ जिल्ला ताराखोला गाउपालिकामा अर्गल खेलकुद तथा संस्कृति संरक्षण मंचको १९औं बार्षिकउत्सोव तथा भुष पोल्ने पर्वको अनुगमन ।

३ मिति २०८२।७।२७ काठेखोला गाउँपालिका वागलुङको वार्षिक नीति तथा कार्यक्रममा आदिवासी लक्षित वजेट तथा कार्यक्रमको अनुगमन ।

४ मिति २०८२।०७।२८ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र गण्डकी प्रदेश सरकारको सहकार्यमा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय पोखरामा 'अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण सम्बन्धी प्रदेश सरकारको भूमिका' विषयक अन्तर्क्रिया । सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय गण्डकीका मा.मन्त्री विन्दु कुमार थापाको प्रमुख आतिथ्यतामा गण्डकी प्रदेशस्थित मन्त्रालयहरु, विश्व विद्यालय, क्याम्पस, संग्रहालय र पोखरा महानगरपालिकाको सहभागितामा कार्यक्रम सम्पन्न ।

५ मिति २०८२।७।३० गण्डकी प्रदेशका मा. प्रदेश प्रमुख समक्ष आयोगको आ.ब.२०८१।८२ छैठो वार्षिक प्रतिवेदन पेश ।

६ मिति २०८२।८।२२-२४ मा तनहुँको बन्दिपुर र पर्वत जिल्लाका पैयूखोला र विहादी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रममा आदिवासी जनजाति लक्षित वजेट तथा कार्यक्रमको अनुगमन ।

७ मिति २०८२।०९।७ गते सर्वोच्च अदालतको निर्देशनात्मक आदेश कार्यान्वयन सम्बन्धमा बराम समुदायको सामाजिक सांस्कृतिक महत्वको क्षेत्रलाई संविधानको धारा ५६(५) बमोजिम संरक्षित, विशेष वा स्वायत्त क्षेत्र बनाउने सम्बन्धमा गोरखा जिल्लाका सुलिकोट, आरुघाट र शहिद लखन गाउँपालिकाका प्रमुखहरु र स्थानीय बराम समुदायबीच अन्तरक्रिया ।

८ मिति २०८२।९।८ गते नवलपुर (बर्दघाट सुस्ता पुर्व) जिल्ला, मध्यबिन्दु नगरपालिकाको सहकार्यमा 'परम्परागत ज्ञान सीपको संरक्षण, सम्बर्द्धन र पुस्तान्तरणमा आदिवासी जनजाति महिलाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

९ मिति २०८२।१०।२५ तनहुँ जिल्ला आँबूखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमान, उपाध्यक्ष श्री दुर्गा अर्याल र प्रमुख प्रशासकीय अधिकृत शर्मिला अधिकारी समेतको सहभागितामा पालिकाद्वारा संचालित आदिवासी जनजाति लक्षित कार्यक्रमको अनुगमन तथा छलफल ।

१० मिति २०८३।०१।५-७ मा तनहुँको ऋसिङ गाउँपालिका १, झापुटार र व्यास नगरपालिकाको दमौलीमा अभौतिक सांस्कृतिक सम्पदाको सूचीकरण तथा व्यवस्थापन सम्बन्धी अन्तरक्रिया सम्पन्न

११ मिति २०८३।०१।१० गते मुस्ताङ जिल्लाको थसाङ थकाली समुदायको अध्ययन सम्बन्धी अनुगमन ।

१२ मिति२०८३।०१।११ नवलपरासी पूर्वको बाघखोरमा आदिवासी जनजाति समुदायको हक अधिकार सम्बन्धी जनचेतना तथा अनुगमन ।

१३ मिति २०८३।०२।२१ सुन्दरबजार नगरपालिका, वेशीसहर नगरपालिका र मर्स्याङदी गाउपालिका लम्जुङमा आदिवासी जनजाति महिलाहरुको सांस्कृतिक, सामाजिक तथा आर्थिक सशक्तीकरण गर्नको लागि परम्परागत ज्ञानसीपको पहिचान, संरक्षण, सम्वर्धन तथा पुस्तान्तर सम्बन्धी अभिमूखीकरण कार्यक्रम र अनुगमन सम्पन्न ।

१४ मिति २०८३।०३।११-१४ मा तनहुँको ब्यास न.पा.वडा १४ केशवटार,पर्वत जिल्लाको जलजला गाउँपालिका वडा नं. ९ बनौ माध्यमिक विद्यालय, आदिवासी जनजाति महासंघ र नेपाल मगर संघ कास्कीको सहकार्यमा आयोजित "मातृभाषा संरक्षणमा स्थानीय तह, शैक्षिक संस्था र जातीय संघसंस्था एवं समुदायको भूमिका" विषयक अन्तर्क्रिया कार्यक्रम आयोगका सदस्य डा. मीन श्रीसद्वारा सम्बोधन ।

सिफारिस

१ आदिवासी जनजाति समुदायको मातृभाषालाई प्रदेश र स्थानीयस्तरको सरकारी कामकाज र विद्यालयमा अध्ययनको लागि लागू गर्न नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने ।

२ आदिवासी जनजाति समुदायको भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धनका लागि आवश्यक नीति तथा कानुन निर्माण गरी प्रदेश तथा पालिका स्तरमा सूचीकरण र जीवित संग्रहालय स्थापना गर्ने ।

३ प्रदेश तथा पालिकाले आदिवासी जनजाति समुदायको संस्कृतिमा आधारित सांस्कृतिक तथा आरोग्य पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु लागू गर्ने ।

४ सार्वजनिक तथा सरकारी सेवा प्रदान गर्ने प्रदेश तथा पालिकास्तरीय कार्यालयहरुमा आदिवासी जनजाति सम्पर्क व्यक्तिको व्यवस्था गर्ने ।

५ प्रदेश तथा पालिकाले आफ्नो क्षेत्र भित्र नेपाली भाषा वाहेक बहुसंख्यकले वोल्ने आदिवासी जनजातिको मातृभाषालाई सरकारी कामकाजको भाषा लागू गराउने ।

६ प्रदेश तथा पालिकाले आदिवासी जनजाति समुदायको भाषा तथा संस्कृतिलाई आधारभूत तहदेखि विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गराउने ।

७ प्रदेश तथा पालिकाहरुले आदिवासी जनजाति लक्षित कार्यक्रममा आवश्यक वजेट विनियोजन गरी कार्यान्वयन गर्ने ।

८ आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन प्रदेश तथा पालिका सरकारले आवश्यक नीति, कार्यक्रम तथा वजेटको व्यवस्था गर्ने ।

९ संविधानको धारा ५६(५) बमोजिम संरक्षित, विशेष वा स्वायत्त क्षेत्रको कार्यान्वयन गर्ने ।

●●●

गण्डकी प्रदेशमा विभिन्न मितिमा भएका कार्यक्रमहरुको झलक



गण्डकी प्रदेशका मा.प्रदेश प्रमुख समक्ष आयोगको आ.व.२०८१।८२ को वार्षिक प्रतिवेदन पेश



गण्डकी प्रदेशका मा.प्रदेश प्रमुख समक्ष आयोगको आ.व.२०८१।८२ को वार्षिक प्रतिवेदन पेश



विहादी गाउँपालिका पर्वत अनुगमन



गोरखा जिल्लास्थित बराम समुदायको सांस्कृतिक थातथलोलाई संरक्षित क्षेत्र निर्माण सम्बन्धमा भीमसेनथापा गाउँपलिका, सुलिकोट गाउँपालिका र आरुघाट गाउँपालिकाका प्रमुखहरु र अल्पसंख्यक वराम समुदायबीच अन्तरक्रिया ।





आदिवासी जनजाति महिलाको परम्परागत ज्ञान सीपको संरक्षण, सम्बर्द्धन र पुस्तान्तरण सम्बन्धी अन्तरक्रिया ।
मर्स्याङदी गाउँपालिका, लम्जुङ २०८३ जेष्ठ २२







व्यास नगरपालिकामा अभौतिक सांस्कृतिक सम्पदा सूचिकरण तथा व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम





गोरखा जिल्लास्थित बराम समुदायको सांस्कृतिक थातथलोलाई संरक्षित क्षेत्र निर्माण सम्बन्धमा भीमसेनथापा गाउँपलिका, सुलिकोट गाउँपालिका र आरुघाट गाउँपालिकाका प्रमुखहरु र अल्पसंख्यक वराम समुदायबीच अन्तरक्रिया ।





गलन्जोर सिन्धुलीबाट विस्थापित उर्मिला हायु परिवारको व्यवस्थापन सम्बन्धमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग छलफल। उर्मिला हायुको परिवारसंग छलफल गगनगौडा। २०८२ साउन १६।




अभौतिक सांस्कृतिक सम्पदा सूचिकरण तथा व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम



थसाङ थकाली समुदाय सूचीकरण सम्बन्धी अध्ययन टोलिको अनुगमन। टुकुचे मुस्ताङ, २०८२ जेष्ठ १२



दोस्रो राष्ट्रिय मौलिक कौंरा सम्मेलनमा सहभागी






सामाजिक विकास युवा तथा खेलकुद मन्त्रलय गण्डकी प्रदेश पोखराको सहकार्यमा
"अभौतिक सांस्कृतिक सम्पदाको सुचीकरण तथा व्यवस्थापनमा प्रदेश सरकारको भूमिका " बिषयक गोष्ठी




बाग्लुङः जिल्ला काठेखोला गाउँपालिका अनुगमन

लुम्बिनी प्रदेश

५.६.१ परिचय

नेपालको कूल क्षेत्रफल १,४७, ६४१.२८ वर्ग कि.मी मध्ये १७,८१० वर्ग कि.मी लुम्बिनी प्रदेशमा पर्दछ । यस प्रदेशको कुल जनसंख्या ५१,२२,०७८ मध्ये आदिवासी जनजातिको जनसंख्या १६,९०,१८६ रहेको छ । जसमा धेरै जनसंख्या भएको मगर समुदाय ७,४६,१५४ (७.३३प्रतिशत) र थारु समुदाय ७,३२,०६९ (७.१९ प्रतिशत) रहेको छ । मगर मातृभाषा वोल्नेको संख्या २,५४,०५२ र थारु मातृभाषा वोल्नेको संख्या ६,९५,९४९ रहेको छ । यस प्रदेशमा ४२ जाति आदिवासी जनजाति समुदायहरु बसोबास गरेको देखिन्छ । लोपोन्मुख जाति कुसुन्डा, किसान र लेप्चा समुदाय रहेको छ । यस प्रदेशमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रूकुम (पूर्वी भाग), रोल्पा, प्यूठान, दाङ, बाँके, बर्दिया गरी बाह्र जिल्लाहरू छन् । यस प्रदेशमा तराई ६, पहाडी ५ र हिमाली १ गरी १२ जिल्लाहरु छन्। १०९ स्थानीय तह रहेको यस प्रदेशमा ४ उपमहानगरपालिका, ३२ नगरपालिका, ७३ गाउँपालिका र ९८३ वडा रहेका छन् । यस प्रदेशमा शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी, तिलौराकोट तथा थुप्रै बुद्धकालीन ऐतिहासिक र साँस्कृतिक महत्वका सम्पदाहरू पर्दछन् । एसियाकै ठूलो उपत्यका दाङ यसै प्रदेशमा पर्दछ।

५.६.२ लुम्बिनी प्रदेशमा बसोबास गर्ने मुख्य आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या

यस प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र मातृभाषा वक्ताको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.५ : लुम्बिनी प्रदेशमा बसोबास गर्ने मुख्य आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या

क्र.सं.	जाति	पुरुष	महिला	जम्मा	मातृभाषा वक्ता संख्या
१.	मगर	३,४४,०४९	४,०२,१०५	७,४६,१५४	२,५४,०५२
२.	थारु	३,५३,२४६	३,७८,८२३	७,३२,०६९	६,९५,९४९
३.	नेवार	३०,०१०	३२,५८९	६२,५९९	२४,५६०
४.	कुमाल	२३,६८६	२६,२८५	४९,९७१	५,७८६
५.	गुरूङ	२१,७९९	२५,६९५	४७,४९४	२०,२६३
६.	भुजेल	४,५२६	५,२११	९,७३७	९८
७.	सुनुवार	४,३४८	५,३४१	९,६८९	४४
८.	तामाङ	३,८५५	३,९८४	७,८३९	३८८४
९.	माझी	१,४५३	१,५०७	२,९६०	५१३
१०.	कुशवाडिया	१,४७८	१,४५८	२,९३६	
११.	राई	१,२९४	१,३३४	२,६२८	४२८
१२.	थकाली	९१४	१,०७५	१,९८९	३७२
१३.	बोटे	९०७	९९६	१,९०३	६५२
१४.	छन्त्याल	८५३	९३८	१,७९१	५३३

१५.	राजी	५०२	५४७	१,०४९	७४३
१६.	राजवंशी	४४५	४५६	९०१	४३०
१७.	याक्थुङ/लिम्बु	३०२	३४०	६४२	२१२
१८.	दराई	२७१	३०६	५७७	१६७
१९.	शेर्पा	२०६	२२५	४३१	१६८
२०.	चेपाङ	१६१	१८८	३४९	५८
२१.	धानुक	१४५	११९	२६४	
२२.	रानाथारु	१०३	८०	१८३	
२३.	याक्ख्या	९२	९०	१८२	
२४.	सन्थाल	६८	५७	१२५	३५
२५.	कुसुण्डा	४५	५९	१०४	
२६.	पहरी	३५	३९	७४	१५
२७.	भोटे	३६	३६	७२	
२८.	मेचे	३०	३८	६८	
२९.	दनुवार	४०	२७	६७	
३०	किसान	२९	३४	६३	
३१.	धिमाल	२४	३७	६१	२४
३२.	बनकरिया	२०	२५	४५	११
३३.	थामी	१८	१९	३७	२७
३४.	दुरा	२३	८	३१	
३५.	लेप्चा	१६	१४	३०	
३६.	आठपहरिया	१३	१६	२९	
३७.	बराम	१६	१३	२९	
३८.	सुरेल	११	१३	२४	
३९.	गनगाई	१०	१०	२०	
४०.	जिरेल	९	८	१७	
४१.	फ्रि	९	६	१५	
४२.	ताजपुरीया	४	६	१०	

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

५.६.३ लुम्बिनी प्रदेश आ.व. २०८२/०८३ मा आयोगले गरेका मुख्य कार्यहरु

१ मिति २०८२।०८।०४ गते नेपालको संविधानको धारा २९४ को उपधारा ३ वमोजिम आयोगको छैठौं वार्षिक प्रतिवेदन (आ. व. २०८१/८२) लुम्विनी प्रदेशका प्रदेश प्रमुख समक्ष पेश ।

२ मिति २०८२।०८।०४ गते कालिका क्याम्पस, रामनगर, बुटवलको सहकार्यमा अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण तथा व्यवस्थापन विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।

३ मिति २०८२।०८।०५ गते कन्चन गाँउपालिका रुपन्देहीको सहकार्यमा अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण तथा व्यवस्थापन विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।

४ २०८२।०९।०६ गते अर्घाखाची जिल्ला समन्वय समितिको समन्वय र सन्धिखर्क नगरपालिकाको सहकार्यमा 'परम्परागत ज्ञान सीपको संरक्षण, सम्बर्द्धन र पुस्तान्तरणमा आदिवासी जनजाति महिलाहरुको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

५ मिति २०८२।१०।०३ गते लुम्बिनी प्रदेश, रोल्पामा "मगर ईतिहास, सभ्यता, संस्कार, संस्कृति र अधिकार" विषयक राष्ट्रिय कार्यशाला गोष्ठीको अनुगमन ।

६ मिति २०८२।११।१४ अध्यक्षद्वारा आम निर्वाचन २०८३ मा आदिवासी जनजातिको स्वतन्त्र सहभागिता र मतदान सम्बन्धमा पूर्वी रुकुमका विभिन्न मतदान केन्द्रको अवस्था अनुगमन ।

सिफारिस

१ आदिवासी जनजाति समुदायको मातृभाषालाई प्रदेश र स्थानीयस्तरको सरकारी कामकाज र विद्यालयमा अध्ययनको लागि लागू गर्न नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने ।

२ आदिवासी जनजाति समुदायको भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धनका लागि आवश्यक नीति तथा कानुन निर्माण गरी प्रदेश तथा पालिका स्तरमा सूचीकरण र जीवित संग्रहालय स्थापना गर्ने ।

३ प्रदेश तथा पालिकाले आदिवासी जनजाति समुदायको संस्कृतिमा आधारित सांस्कृतिक तथा आरोग्य पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु लागू गर्ने ।

४ सार्वजनिक तथा सरकारी सेवा प्रदान गर्ने प्रदेश तथा पालिकास्तरीय कार्यालयहरुमा आदिवासी जनजाति सम्पर्क व्यक्तिको व्यवस्था गर्ने ।

५ प्रदेश तथा पालिकाले आफ्नो क्षेत्र भित्र नेपाली भाषा वाहेक बहुसंख्यकले वोल्ने आदिवासी जनजातिको मातृभाषालाई सरकारी कामकाजको भाषा लागू गराउने ।


६ प्रदेश तथा पालिकाले आदिवासी जनजाति समुदायको भाषा तथा संस्कृतिलाई आधारभूत तहदेखि विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गराउने ।

७ प्रदेश तथा पालिकाहरुले आदिवासी जनजाति लक्षित कार्यक्रममा आवश्यक वजेट विनियोजन गरी कार्यान्वयन गर्ने ।

८ आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन प्रदेश तथा पालिका सरकारले आवश्यक नीति, कार्यक्रम तथा वजेटको व्यवस्था गर्ने ।

९ संविधानको धारा ५६(५) बमोजिम संरक्षित, विशेष वा स्वायत्त क्षेत्रको कार्यान्वयन गर्ने ।

लुम्बिनी प्रदेशमा विभिन्न मितिमा भएका कार्यक्रमहरुको झलक



आदिवासी जनजाति आयोगको छैठौं वार्षिक प्रतिवेदन पेश ।



वार्षिक प्रतिवेदन पेश पश्चात प्रदेश प्रमुख प्रदेश सभामुख तथा प्रदेश सांसदहरुसँग छलफल ।



प्रतिनिधिसभा निर्वाचन २०८२ को अनुगमनको क्रममा सुरक्षाकर्मीहरूसँग छलफलपश्चात् । पूर्वी रूकुम ।



अभौतिक सांस्कृति सम्पदा सूचीकरण तथा व्यवस्थापनमा शैक्षिक संस्थाको भूमिका विषयक अन्तरक्रिया । वुटवल कालिका क्याम्पस, वुटवल २०८२ मंसिर ४



अभौतिक सांस्कृति सम्पदा सूचीकरण सम्बन्धी अन्तरक्रिया । ५ मंसिर २०८२ । कन्चनगाउँपालिका, रुपन्देही ।



स्थानीय पालिकासँगको सहकार्यमा मातृ भाषासम्बन्धी प्रशिक्षण । पूर्व उत्तरखोला, पाल्पा ।



मगरात स्वायत्तता र मगर दर्शनसम्बन्धी कार्यशाली गोष्ठी । रोल्पा ।

कर्णाली प्रदेश

५.७.१ परिचय

नेपालको कूल क्षेत्रफल १,४७, ६४१.२८ वर्ग कि.मी मध्ये ३०,२११ वर्ग कि.मी कर्णाली प्रदेशमा पर्दछ । यस प्रदेशको कुल जनसंख्या १६,८८,४१२ मध्ये आदिवासी जनजातिको जनसंख्या २,३८,००६ रहेको छ । जसमा धेरै जनसंख्या भएको मगर समुदाय १,७६,०६८ (१.७३प्रतिशत) र गुरुङ समुदाय १२,५४६ (०.१२ प्रतिशत) रहेको छ । मगर मातृभाषा वोल्नेको संख्या ४०,६०७ र गुरुङ मातृभाषा वोल्नेको संख्या १,५१६ रहेको छ । यस प्रदेशमा ३१ जाति आदिवासी जनजाति समुदायहरु बसोबास गरेको देखिन्छ । यस प्रदेशमा मुगु, हुम्ला, जुम्ला, दैलेख, कालिकोट, डोल्पा, जाजरकोट, सल्यान, सुर्खेत र रुकुम पश्चिम गरी जम्मा १० जिल्लाहरु रहेको छन् । यस प्रदेशमा २५ नगरपालिका र ५४ गाउँपालिका गरी कुल ७९ स्थानीय तह रहेका छन् । लोपोन्मुख आदिवासी जनजाति राउटेको थातथलो पनि यसै प्रदेशलाई मानिन्छ ।

५.७.२ कर्णाली प्रदेशमा बसोबास गर्ने मुख्य आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या

यस प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र मातृभाषा वक्ता संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.६ : कर्णाली प्रदेशमा बसोबास गर्ने मुख्य आदिवासी जनजाति र सम्बन्धित जातिका मातृभाषा वक्ता संख्या

क्र.सं.	जाति	पुरुष	महिला	जम्मा	मातृभाषा वक्ता संख्या
१.	मगर	८४,९०१	९१,१६७	१,७६,०६८	४०,६०७
२.	गुरूङ	५,९५८	६,५८८	१२,५४६	१,५१६
३.	थारु	४,८५४	३,९१९	८,७७३	७,७९१
४.	भोटे	३,०६०	२,९८५	६,०५५	५,६३६
५.	नेवार	२,२५८	२,२८६	४,५४४	६२९
६.	तामाङ	२,०७९	२,२६९	४,३४८	१,३२७
७.	व्यासी	१,९७५	१,९१५	३,८९०	
८.	सुनुवार	१,६१०	१,७८९	३,३९९	१३
९.	कुमाल	१,०८९	१,२१२	२,३०१	१६
१०.	माझी	८४३	८५७	१,७००	३३
११.	भुजेल	८०४	८९०	१,६९४	
१२.	राजी	७५५	७४७	१,५०२	९९३
१३.	राई	२८९	२४५	५३४	
१४.	थामी	१३८	१४८	२८६	
१५.	थकाली	१२०	१२७	२४७	३१
१६.	छन्त्याल	१२०	११९	२३९	
१७.	याक्थुङ/लिम्बु	१२२	९९	२२१	६१
१८.	बोटे	८५	८५	१७०	१०८६

१९.	राउटे	६८	८९	१४७	३२४
२०.	रानाथारु	५७	६९	१२६	
२१.	शेर्पा	६२	५४	११६	४८६
२२.	राजवंशी	५४	४५	९९	१४
२३.	दुरा	२२	१३	३५	
२४.	धानुक	२४	८	३२	
२५.	दराई	१८	१३	३१	
२६.	पहरी	१०	२०	३०	
२७.	गनगाई	१३	१६	२९	
२८.	धिमाल	१२	१३	२५	
२९.	जिरेल	११	६	१७	
३०.	दनुवार	१२	२	१४	
३१.	सन्थाल	४	७	११	

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

५.७.३ यस प्रदेशमा आ.व. २०८२/०८३ मा आयोगले गरेका मुख्य कार्यहरु

१ मिति २०८२।०८।१२ गते नेपालको संविधानको धारा २९४ को उपधारा ३ वमोजिम आयोगको छैठौं वार्षिक प्रतिवेदन (आ. व. २०८१/८२) कर्णाली प्रदेशका प्रदेश प्रमुख समक्ष पेश ।

२ मिति २०८२।०८।१४ गते विरेन्द्रनगर नगरपालिका, सुर्खेतको सहकार्यमा अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण तथा व्यवस्थापन विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।

३ मिति २०८३।०१।१६ गते हुम्लाका हुम्लो जातिको जाति सूचिकरण सम्बन्धमा विज्ञ टोलीबाट भएको अध्ययन अनुसन्धानको अनुगमन ।

४ हुम्ला जिल्ला सिमिकोट गाउँपालिका वडा नं. ८ को वडा अध्यक्ष तीर्थ बुढा व्यासी र व्यासी समुदायका अगुवासँग व्यासी समुदायको समग्र अवस्थाको बारे छलफल ।

ख. सिफारिस

१ आदिवासी जनजाति समुदायको मातृभाषालाई प्रदेश र स्थानीयस्तरको सरकारी कामकाज र विद्यालयमा अध्ययनको लागि लागू गर्न नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने ।

२ आदिवासी जनजाति समुदायको भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धनका लागि आवश्यक नीति तथा कानुन निर्माण गरी प्रदेश तथा पालिका स्तरमा सूचीकरण र जीवित संग्रहालय स्थापना गर्ने ।

३ प्रदेश तथा पालिकाले आदिवासी जनजाति समुदायको संस्कृतिमा आधारित सांस्कृतिक तथा आरोग्य पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु लागू गर्ने ।

४ सार्वजनिक तथा सरकारी सेवा प्रदान गर्ने प्रदेश तथा पालिकास्तरीय कार्यालयहरुमा आदिवासी जनजाति सम्पर्क व्यक्तिको व्यवस्था गर्ने ।

५ प्रदेश तथा पालिकाले आफ्नो क्षेत्र भित्र नेपाली भाषा वाहेक बहुसंख्यकले वोल्ने आदिवासी जनजातिको मातृभाषालाई सरकारी कामकाजको भाषा लागू गराउने ।

६ प्रदेश तथा पालिकाले आदिवासी जनजाति समुदायको भाषा तथा संस्कृतिलाई आधारभूत तहदेखि विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गराउने ।

७ प्रदेश तथा पालिकाहरुले आदिवासी जनजाति लक्षित कार्यक्रममा आवश्यक वजेट विनियोजन गरी कार्यान्वयन गर्ने ।

८ आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन प्रदेश तथा पालिका सरकारले आवश्यक नीति, कार्यक्रम तथा वजेटको व्यवस्था गर्ने ।

९ संविधानको धारा ५६(५) बमोजिम संरक्षित, विशेष वा स्वायत्त क्षेत्रको कार्यान्वयन गर्ने ।

●●●

कर्णाली प्रदेशका विभिन्न मितिमा भएका कार्यक्रमहरुको झलक



आदिवासी जनजाति आयोगको छैठौं वार्षिक प्रतिवेदन कर्णाली प्रदेश प्रमुख समक्ष पेश । बीरेन्द्रनगर, सुर्खेत ।





आदिवासी जनजाति आयोगको सिफारिस कार्यान्वयनसम्बन्धी कर्णाली प्रदेशका मुख्यमन्त्रीसँगको छलफल, सुर्खेत ।



अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण सम्बन्धि कार्यक्रममा नगरप्रमुखलगायत जनप्रतिनिधि तथा आदिवासी जनजाति प्रतिनिधिहरुसँगको अन्तक्रियापश्चात्, बीरेन्द्रनगर, सुर्खेत ।



कर्णालीका मुख्यमन्त्रीसमक्ष आयोगको सिफारिस कार्यान्वयनसम्बन्धमा छलफलपश्चात् ।



हुम्लो समुदायको सूचीकरण अध्ययन टोलीको अनुगमन । सिमिकोट, हुम्ला २०८२ जेष्ठ १६



हुम्लो समुदाय

सुदूरपश्चिम प्रदेश

५.७.१ परिचय

नेपालको कूल क्षेत्रफल १,४७, ६४१.२८ वर्ग कि.मी मध्ये १९,५३७ वर्ग कि.मी सुदूर पश्चिम प्रदेशमा पर्दछ । यस प्रदेशको कुल जनसंख्या २६,९४,७८३ मध्ये आदिवासी जनजातिको जनसंख्या ५,६७,२४५ रहेको छ । जसमा धेरै जनसंख्या भएको थारु समुदाय ३,९७,८२२ (३.९१प्रतिशत) र रानाथारु समुदाय ८२,२९९ (०.८० प्रतिशत) रहेको छ । थारु मातृभाषा वोल्नेको संख्या शत प्रतिशत र रानाथारु मातृभाषा वोल्नेको संख्या ७७,७२७ रहेको छ । यस प्रदेशमा २८ जाति आदिवासी जनजाति समुदायहरु बसोबास गरेको देखिन्छ । यस प्रदेशको हिमाली क्षेत्रमा दार्चुला, बझाङ, बाजुरा, पहाडी क्षेत्रमा बैतडी, डडेल्धुरा, अछाम, डोटी र तराई क्षेत्रमा कैलाली, कञ्चनपुर जिल्ला पर्दछन्। यस प्रदेशमा १ उप-महानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका गरी जम्मा ८८ स्थानीय तह रहेका छन् ।

५.७.२ सुदुर पश्चिम प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र मातृभाषा वक्ता संख्या

यस प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र मातृभाषा वक्ता संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.७ : सुदुर पश्चिम प्रदेशमा बसोबास गर्ने आदिवासी जनजाति र जातिका मातृभाषा वक्ता संख्या

क्र.सं.	जाति	पुरुष	महिला	जम्मा	मातृभाषा वक्ता संख्या
१.	थारु	१,९३,८३७	२,०३,९८५	३,९७,८२२	३,९८,९१४
२.	रानाथारु	४०,४२७	४१,८७२	८२,२९९	७७,७२७
३.	मगर	२५,६७९	२७,११८	५२,७९७	१६,६११
४.	तामाङ	४,६५४	५,१२७	९,७८१	७,८३७
५.	नेवार	२,२९७	२,२५२	४,५४९	१,९१६
६.	गुरूङ	१,९८५	२,२९४	४,२७९	१,५९०
७.	राझी	१,१९७	१,३२४	२,५२१	२,४३७
८.	कुमाल	१,०८६	१,२२८	२,३१४	२६९
९.	सुनुवार	८४६	९०६	१,७५२	७४
१०.	भोटे	७१०	७५०	१,४६०	९३०
११.	माझी	६६३	७२१	१,३८४	१२३
१२.	व्यासी	६३४	६८८	१,३२२	
१३.	भुजेल	४३५	५३६	९७१	५४
१४.	राई	४७१	४४६	९१७	४३०
१५.	धानुक	३८७	३९०	७७७	
१६.	राउटे	२२१	१९८	४१९	४१७
१७.	याक्थुङ/लिम्बु	२०६	२०६	४१२	१२८
१८.	राजवंशी	१९१	२१७	४०८	११८

१९.	बोटे	११८	१०७	२२५	११०
२०.	पहरी	१०३	१०२	२०५	१९३
२१.	शेर्पा	६६	६१	१२७	८७
२२.	थकाली	५६	५९	११५	३५
२३.	थामी	१९	१६	३५	१९
२४.	छन्याल	८	१९	२७	
२५.	दराई	१३	११	२४	
२६.	सन्थाल	७	९	१६	
२७.	दनुवार	९	४	१३	१०
२८.	याक्ख्या	४	६	१०	

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८ को जनगणना)

५.८.३ सुदूरपश्चिम प्रदेशमा आ.व. २०८२/०८३ मा आयोगले गरेका मुख्य कार्यहरु

१ मिति २०८२।०८।०७ गते नेपालको संविधानको धारा २९४ को उपधारा ३ वमोजिम आयोगको छैठौं वार्षिक प्रतिवेदन (आ. व. २०८१/८२), सुदुर पश्चिमका प्रदेश प्रमुख समक्ष पेश ।

२ मिति २०८२।१२।२८ गते कैलालीको बेलौरी नगरपालिका वडा नं. ५ मा थारु र राना थारु समुदाय बीच अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण तथा व्यवस्थापन सम्बन्धी अन्तर्क्रिया ।

३ मिति २०८२।१२।३० गते दार्चुला जिल्ला, व्यास गाउँपालिका वडा नं.२ र अपि गाँउ पालिका वडा नं. ६ स्थित व्यासी समुदायको अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण तथा व्यवस्थापन सम्बन्धी अन्तरक्रिया र व्यासी समुदायको परम्परागत सीपमा आधारित व्यासी पोशाक उत्पादन उद्यमको उद्घाटन ।

४ मिति २०८३।०१।०१ गते डडेलधुराको परशुराम नगरपालिकामा आदिवासी जनजाति महासंघ र मगर सघं समेतको सहभागितामा अभौतिक भाषा तथा सीपमूलक प्रशिक्षण अन्तरक्रिया । उक्त नगरपालिका अन्तर्गत अति लोपोन्मुख राउटे समुदायको केन्द्रीय कार्यालयमा राउटे समुदायको समग्र स्थितिको सम्बन्धमा छलफल ।

५ मिति २०८३।०१।०२ गते कैलालीको टिकापुरस्थित राजि सालम समाज, केन्द्रीय कार्यसमिति, टिकापुरमा अल्पसंख्यक समुदाय राजिका विभिन्न चाडपर्व, रीतिरिवाज सम्बन्धी भौतिक/अभौतिक संस्कृतिक सम्पदाको विषयमा छलफल ।

६ मिति २०८३।०३।११ गते शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट प्रभावित स्थानीय आदिवासी जनजाति समुदायमा पारेको असर सम्बन्धमा अनुगमन ।

ख. सिफारिस

१ आदिवासी जनजाति समुदायको मातृभाषालाई प्रदेश र स्थानीयस्तरको सरकारी कामकाज र विद्यालयमा अध्ययनको लागि लागू गर्न नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने ।

२ आदिवासी जनजाति समुदायको भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धनका लागि आवश्यक नीति तथा कानुन निर्माण गरी प्रदेश तथा पालिका स्तरमा सूचीकरण र जीवित संग्रहालय स्थापना गर्ने ।

३ प्रदेश तथा पालिकाले आदिवासी जनजाति समुदायको संस्कृतिमा आधारित सांस्कृतिक तथा आरोग्य पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु लागू गर्ने ।

४ सार्वजनिक तथा सरकारी सेवा प्रदान गर्ने प्रदेश तथा पालिकास्तरीय कार्यालयहरुमा आदिवासी जनजाति सम्पर्क व्यक्तिको व्यवस्था गर्ने ।

५ प्रदेश तथा पालिकाले आफ्नो क्षेत्र भित्र नेपाली भाषा वाहेक बहुसंख्यकले वोल्ने आदिवासी जनजातिको मातृभाषालाई सरकारी कामकाजको भाषा लागू गराउने ।

६ प्रदेश तथा पालिकाले आदिवासी जनजाति समुदायको भाषा तथा संस्कृतिलाई आधारभूत तहदेखि विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गराउने ।

७ प्रदेश तथा पालिकाहरुले आदिवासी जनजाति लक्षित कार्यक्रममा आवश्यक वजेट विनियोजन गरी कार्यान्वयन गर्ने ।

८ आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन प्रदेश तथा पालिका सरकारले आवश्यक नीति, कार्यक्रम तथा वजेटको व्यवस्था गर्ने ।

९ संविधानको धारा ५६(५) बमोजिम संरक्षित, विशेष वा स्वायत्त क्षेत्रको कार्यान्वयन गर्ने ।

सदुरपश्चिम प्रदेशमा विभिन्न मितिमा भएका कार्यक्रमहरुको झलक



आदिवासी जनजाति आयोगको छैठौं वार्षिक प्रतिवेदन सुदूरपश्चिम प्रदेश प्रमुख समक्ष पेश ।



सुदुरपश्चिमका माननीय सभामुखसमक्ष आयोगको वार्षिक प्रतिवेदन माथि प्रदेशसभामा छलफल गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराउनुहुँदै आयोगका अध्यक्ष ।





शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले आदिवासी जनजाति समुदायलाई पारेको प्रभावको अनुगमन तथा प्रदेश मन्त्री, नगरप्रमुख र जनजाति प्रतिनिधिहरूसँगको प्रशिक्षणात्मक अन्तर्क्रिया । १३-१५ असार २०८३, कञ्चनपुर ।




अभौतिक सम्पदा सूचीकरण तथा संरक्षणमा आदिवासी जनजाति समुदायको भूमिकासम्बन्धी अन्तरक्रिया । २७ बैशाख २०८३, बेलौरी, कैलाली ।




दार्चुलाका व्यासी समुदायको अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण सम्बन्धी अन्तरक्रिया ।



अल्पसंख्यक राजि समुदायको अभौतिक सांस्कृतिक सम्पदा सम्बन्धी छलफल । २ जेष्ठ २०८३, टिकापुर, कैलाली

आयोगको हालसम्मका मुख्य मुख्य कार्यहरु

६.१ राष्ट्रपति समक्ष वार्षिक प्रतिवेदन पेश

आदिवासी जनजातिले वर्षभरी गरिएको काम कारवाहीको विवरण र नेपाल सरकारले कार्यान्वयन गर्नु पर्ने विषयहरुको सिफारिस सहित तयार गरिएको आयोगको छैटौ वार्षिक प्रतिवेदन (आ.व.२०८१।८२) संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष २०८२ असोज ३१ गते आयोगद्वारा पेश । सो अवसरमा राष्ट्रपतिज्यूबाट आदिवासी जनजातिको हक अधिकार संविधानले सुनिश्चित गरेको र ती अधिकार कार्यान्वयन भए नभएको अनुगमन गर्ने महत्वपूर्ण अधिकार आदिवासी जनजाति आयोगको भएकोले आयोगले सो संवैधानिक दायित्व पुरा गरेकोमा आयोगलाई धन्यवाद व्यक्त ।

६.२ विश्व आदिवासी दिवस

संयुक्त राष्ट्र संघद्वारा विश्वको आदिवासी समस्या सम्बन्धी कार्यदल UN, Working Group On Indigenous Issues को प्रथम बैठक ९ अगष्ट,१९८२ जेनेभामा बसेको थियो । कार्यदलको सिफारिसमा UN महासभाले सन् १९९४ मा प्रत्येक वर्ष अगष्ट ९ लाई अन्तर्राष्ट्रिय आदिवासी दिवसको रुपमा मनाउने निर्णय अनुसार सन् १९९५ देखि अगष्ट ९ लाई विश्व आदिवासी दिवस मनाउने गरिन्छ । यसै अनुसार आदिवासी जनजाति आयोगले पनि अगष्ट ९ मा विभिन्न कार्यक्रम सहित विश्व आदिवासी दिवस मनाउँदै आएको छ । सधैझै आयोगले २०८२ श्रावण २४ (९ अगष्ट, २०२५) मा ३१औं विश्व आदिवासी दिवस "आदिवासी जनजाति र कृत्रिम बौद्धिकता: अधिकारको रक्षा र भविष्यको निर्माण (Indigenous Peoples and AI: Defending Rights, Shaping Futures) मूल नारामा केन्द्रित रही "कृत्रिम बौद्धिकताले आदिवासी जनजातिको हक र अधिकारमा पार्ने सक्ने असर र चुनौती" विषयक अन्तरक्रियात्मक गोष्ठी सम्पन्न गर्‌यो ।

६.३ ज्ञान सम्मेलन

आयोगले प्रत्येक वर्ष गर्दै आएको आदिवासी जनजाति ज्ञान सम्मेलन मिति २०८२ मंसिर २८ र २९ गते "आदिवासी जनजाति समुदायको संरक्षित, विशेष वा स्वायत्त क्षेत्र" (Protected, Special or Autonomous Areas) विषयमा विभिन्न विज्ञहरुद्वारा कार्यपत्र प्रस्तुतीकरण सहित सम्पन्न भयो । संविधानको धारा ५६(५) ले सामाजिक तथा सांस्कृतिक संरक्षण वा आर्थिक विकासको उद्देश्यका लागि संघीय कानुन बमोजिम संरक्षित, विशेष वा स्वायत्त क्षेत्र स्थापना गर्न सक्ने व्यवस्था गरेको छ । आदिवासी जनजाति समुदायको सामाजिक तथा सांस्कृतिक संरक्षणका साथै आर्थिक समुन्नतिका लागि उपरोक्त संवैधानिक तथा कानुनी व्यवस्थालाई कार्यान्वयनमा ल्याउन सरोकार पक्षलाई नीति तथा कानुन बनाउन सहयोग पुर्‌याउने उद्देश्यले सम्मेलन आयोजना गरिएको थियो । सम्मेलनमा प्रस्तुत प्राज्ञिक लेख/रचनाहरू आयोगले आदिवासी जनजाति अध्ययन जर्नल प्रकाशन गरी nepjol मा समेत राख्ने गरेको छ ।

६.४ भाषा दशक (२०२२–२०३२)

संयुक्त राष्ट्रसंघले सन् २०२२–२०३२ लाई "आदिवासी भाषाहरूको अन्तर्राष्ट्रिय दशक (International Decade of Indigenous Languages)" घोषणा गरेको छ । यस दशकको नेतृत्वकारी निकायका रूपमा UNESCO ले विश्वव्यापी कार्ययोजना (Global Action Plan) तयार गरेको छ ।

नेपालमा अन्तर्राष्ट्रिय भाषा दशक कार्यान्वयन कार्ययोजना तर्जुमा गर्न आयोगका अध्यक्ष रामबहादुर थापामगरको

संयोजकत्वमा भाषा आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, त्रिभुवन विश्वविद्यालयको प्रतिनिधि रहेको भाषा दशक कार्यान्वयन कार्ययोजना समिति गठन भई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत नेपाल सरकारलाई कार्यान्वयनको लागि सिफारिस गरेको छ । उक्त राष्ट्रिय कार्ययोजनाले नेपालमा बोलिने आदिवासी भाषाहरूको संरक्षण, प्रवर्द्धन, पुनर्जीवन तथा पुस्तान्तरणलाई संस्थागत ढङ्गले अगाडि बढाउने लक्ष्य राखेको छ । आयोगले भाषा दशक (२०२२–२०३२) सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहका विभिन्न स्थलहरुमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने गरेको छ । यसै क्रममा मिति २०८३ असार २२ गते आदिवासी जनजाति आयोगको सभाकक्ष पुल्चोकमा "मातृभाषा शिक्षाः शिक्षा नीति, पाठ्यक्रम र कार्यान्वयनको अवस्था" शीर्षकमा अन्तरक्रिया सम्पन्न भयो ।

६.५ आयोगको वार्षिक उत्सव

आदिवासी जनजाति आयोगको गठन भएको माघ २१ गतेलाई आयोगले वार्षिक उत्सवको रुपमा मनाउने गरेको छ । सोही अनुसार मिति २०८२ माघ २१ गते आयोगले वार्षिक उत्सव सम्पन्न गरेको छ । सो अवसरमा आदिवासी जनजातिहरूको भाषा, शिक्षा, संस्कृति र अधिकारको क्षेत्रमा विशेष योगदान पुऱ्याउने देहायका व्यक्ति तथा संस्थालाई सम्मानित गरिएको थियो –

सम्मानित हुने व्यक्ति/संस्थाको नाम	योगदान
खुल्ला विश्वविद्यालय	आदिवासी जनजाति भाषा अध्यापन क्षेत्रमा योगदान गरेको
हलेसी तुवाचुङ नगरपालिका, दुर्छिम, खोटाङ	आदिवासी जनजाति मातृभाषामा अध्यापन सुरुवात गरेको र विकास योजना कार्यान्वयनमा FPIC प्रकृया अपनाएको
काठेखोला गाउँपालिका, बागलुङ	आयोगको सिफारिस कार्यान्वयनमा योगदान पुर्याएको
डा.पासाङ डोल्मा शेर्पा	आदिवासी जनजाति शिक्षा र विकासमा योगदान पुर्याएको
गण्डकी प्रदेश	आदिवासी जनजाति मातृभाषालाई कानून निर्माण गरी सरकारी कामकाजको भाषाको रुपमा कार्यान्वयन गर्ने योगदान पुर्याएको

६.६ आयोग र चीनको राष्ट्रिय जातीय मामिला आयोगसँगको समझदारीको समीक्षा

आदिवासी जनजाति आयोग र जनवादी गणतन्त्र चीनको राष्ट्रिय जातीय मामिला आयोगबीच सम्पन्न समझदारी (सन् २०२५) कार्यान्वयनको एक वर्ष पूरा भएको अवसरमा हालसम्म भएका उपलब्धी, अनुभव, सिकाई, चुनौती, भावी दिशा तथा आगामी सहकार्यका सम्भावनाको समीक्षा गर्न तथा उच्चस्तरीय नीति-संवादलाई सुदृढ गर्न २०८२ फागुन १३ गते सरोकारवालाहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

मैत्रीपूर्ण सहकार्यको निरन्तरता स्वरूप कूटनीतिक तथा संस्थागत सम्बन्ध सुदृढ गर्न मिति २०८३ बैशाख २८ गते नेपालका लागि नवनियुक्त चिनियाँ राजदूत His Excellency Zhang Maoming सँग आयोगका पदाधिकारीहरुको बैठक सम्पन्न भएको थियो । नेपाल–चीन आदिवासी/जातीय सहकार्यलाई संस्थागत र दिगो बनाउँदै समझदारीको प्रभावकारी कार्यान्वयनको विषयमा छलफल भयो ।

६.७ गाइजात्राको विकृति सम्बन्धमा

मिति २०८२।०५।०४ आयोगका अध्यक्षको अध्यक्षतामा नेवाःदेय् दबू केन्द्रीय समितिको पत्रानुसार नेवार समुदायको गाईजात्रा (सायाः/सापारु) मौलिक सांस्कृतिक परम्पराको अवसरमा विभिन्न मनोरञ्जनात्मक, हास्यव्यङ्ग्यात्मक तथा

व्यवसायिक कार्यक्रमहरु सञ्चालनबाट हुने विकृति रोकथाम तथा संस्कृति संरक्षण सम्बन्धी विषयमा सांस्कृतिक संस्थान, नेपाल भाषा एकेडेमीका प्रतिनिधिहरु लगायतको उपस्थितिमा छलफल कार्यक्रम सम्पन्न ।

६.८ जलविद्युत परियोजनाले पुर्याएको असर सम्बन्धमा

प्राकृतिक सम्पदा क्षेत्र बरुण नदीमा निर्माण गर्न लागिएको विद्युत आयोजनाले आदिवासी जनजाति समुदायलाई पार्ने असरको सम्बन्धमा हिमालय भोटे समाजले आयोगमा गरेको उजुरीको सम्बन्धमा एमपीक इनर्जी प्रा.लि.का प्रतिनिधिहरु, विद्युत विकास विभागका प्रतिनिधिहरु, हिमालय भोटे समाजका प्रतिनिधिहरु, बरुण बचाउ सरोकार समितिका प्रतिनिधिहरु लगायतको उपस्थितिमा २०८२।०५।०८ गते आयोगमा वृहत छलफल ।

६.९ जुगि समुदायको आवासको अधिकार सम्बन्धी अध्ययन प्रतिवेदन

नेवाः जाति अन्तर्गत जुगि समुदायको आवासीय समस्याबारे सम्बन्धित सरोकारवालाहरुले दिएको उजुरी, उच्च अदालत पाटनबाट भएको यस आयोगको नाममा भएको परमादेश र सो सम्बन्धमा आयोगले गरेको अध्ययन प्रतिवेदन नेपाल सरकारलाई मिति २०८२ कार्यान्वयनका लागि सिफारिस ।

६.१० जेनजी आन्दोलनले उज्जाएको परिस्थिति सम्बन्धमा

भाद्र २३-२४ मा भएको जेनजी आन्दोलन पश्चात अन्तरिम सरकार गठन भई संसद विघटन भएको परिस्थितिमा "संक्रमणकालिन अवस्थामा आदिवासी जनजाति अधिकारको रक्षा र प्रयोग" सम्बन्धमा पूर्व मन्त्रीहरु, कानूनविद, आदिवासी जनजाति संघसंस्थाका प्रतिनिधिहरु लगायतको उपस्थितिमा मिति २०८२।०६।०८ गते आयोगमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न ।

६.११ आयोगको सिफारिस कार्यान्वयन सम्बन्धमा

राष्ट्रिय सभाका सम्मान्नीय अध्यक्ष नारायण प्रसाद दाहालको प्रमुख अतिथ्यतामा नेपाल सरकारका मन्त्रीहरु, विभिन्न आयोगका माननीयहरु, बुद्धिजिवी तथा विज्ञहरुको सहभागितामा आयोगले कार्यान्वयनको लागि नेपाल सरकारलाई गरेका सिफारिसहरुको कार्यान्वयनको अवस्थाका सम्बन्धमा मिति २०८२।०७।१४ छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।

६.१२ अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण तथा व्यवस्थापन सम्बन्धमा

आदिवासी जनजाति समुदायको अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण तथा व्यवस्थापन सम्बन्धमा सरोकारवाला समुदायका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि र आयोगको पदाधिकारीबीच मिति २०८२।०७।१७ आयोगको परिसरमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।

६.१३ जेनजी युवासँग अन्तरक्रिया

जेनजी आन्दोलन पश्चात हुने राजनीतिक तथा शासकीय संरचना सम्बन्धमा अग्रपङ्तीमा रहेर सरकारलाई खवरदारी गर्दै आएका जेनजी युवाहरुसँग आदिवासी जनजाति समुदायको हक अधिकारको विषयमा आदिवासी जनजाति समुदायका विद्यार्थी युवा प्रतिनिधि र आयोगबीच मिति २०८२।०८।०२ गते आयोगमा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

६.१४ उच्चस्तरीय छलफल

तत्कालिन मन्त्रीहरु कुलमान घिसिङ, अनिल कुमार सिन्हा र माधव चौलागाईको उपस्थितिमा जलविद्युत आयोजना, राष्ट्रिय निकुञ्ज र संरक्षित वनले आदिवासी जनजाति समुदायमा पारेको असर तथा यसको न्यूनिकरण र निराकरण

विषयक उच्चस्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रम मिति २०८२।०९।१८ होटल हिमालय, कुपन्डोलमा सम्पन्न ।

६.१५ संयुक्त राष्ट्रसंघीय प्रतिनिधिसँग छलफल

संयुक्त राष्ट्रसंघीय अल्पसंख्यक मामिलाका विशेष समाधिक्षक प्रो. निकोलस लेभ्राटको टोली र आयोगबीच आदिवासी जनजाति तथा अल्पसंख्यकको अधिकार सम्बन्धमा आयोगमा मिति २०८२।०९।२५ छलफल कार्यक्रम सम्पन्न ।

६.१६ संवैधानिक आयोगहरुबीच समन्वयात्मक बैठक

राष्ट्रिय मानवअधिकार आयोग लगायत अन्य संवैधानिक आयोगहरु तथा प्रतिनिधि सभा र राष्ट्रियसभाका सदस्यहरु सहितको समन्वय वैठक मिति २०८३।०२।२६ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा सम्पन्न ।

६.१७ आदिवासी जनजाति सशक्तीकरण कार्यक्रम

आयोगको परिसरमा आदिवासी समुदायको हक अधिकारको संरक्षण र सम्वर्द्धन तथा आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका लागि नेपाल सरकारले अविलम्वन गर्नुपर्ने नीति तथा कानुन तर्जुमा र कार्यान्वयनका विषयमा आदिवासी जनजाति महासंघ, जातीय संघसंस्थाका प्रतिनिधिहरु र आदिवासी जनजाति विज्ञ तथा अभियान्तासँग मिति २०८३।०२।२६ अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

६.१८ संविधान संशोधन सम्बन्धमा

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संविधान संशोधन वहस पत्र तयार गर्ने कार्यदल २०८२ को सचिवालयको अनुरोध अनुसार आयोगको तर्फबाट संविधान संशोधनका सम्बन्धमा सरकारलाई वुझाइएको संविधान संशोधन प्रतिवेदन सार्वजनिकीकरणको लागि आयोगको सभाहलमा मिति २०८३।०३।२५ पत्रकार सम्मेलन सम्पन्न ।

६.१९ जाति सूचीकरण

आदिवासी जनजातिहरूको आधिकारिक सूचीकरण, छुटेका जातिहरूको पहिचान र सूचीमा सूचीकृत गर्ने वैज्ञानिक मापदण्ड निर्धारणसम्बन्धी कार्यहरू आयोगले निरन्तर अगाडि बढाइरहेको छ। आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७(क) अनुसार आदिवासी जनजातिको सामाजिक, सांस्कृतिक, शैक्षिक तथा अन्य विविध पक्षमा समग्र अध्ययन गरी उनीहरुको हक अधिकार संरक्षण, संवर्द्धन र प्रवर्धनको लागि योजना बनाई सरकार समक्ष पेश गर्नु पर्ने आदिवासी जनजाति आयोगको कानूनी दायित्व रहेको छ । आयोगद्वारा २०८३ बैशाख ११-२२ सम्म आदिवासी जनजाति सूचीकरण सम्दर्भमा थसाङ थकाली र हुम्लो समुदायले सूचीकरणको लागि दिएको निवेदन उपर विज्ञ टोली गठन गरी अध्ययन अनुगमन ।

६.२० अन्तर्राष्ट्रिय सहभागिता

१. मिति २०८२।०५|१२-२४ सम्म नेपाली हङकङ आदिवासी जनजाति महासंघद्वारा हङकङमा आयोजित ३१ औँ विश्व आदिवासी दिवस कार्यक्रममा आयोगका सदस्य शरण राईको प्रमुख आतिथ्यता सहित सहभागिता ।

२. जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र सिजाङ प्रान्तमा २०८२/०८/०८-१२ सम्म आयोजित अन्तर्राष्ट्रिय महिला सम्मेलनमा आयोगका सदस्य रीना रानाको नेतृत्वमा नेपाली महिला प्रतिनिधिमण्डलको सहभागिता । उक्त सम्मेलनमा तिब्बती महिलाहरुको हकअधिकार संरक्षणका लागि भएका कानुनी प्रवधान, स्वास्थ्य सुधारको लागि भएको तिब्बती चिकित्सा उपचार पद्दति र महिला उद्यमशिलताको माध्यमबाट गर्न सकिने आर्थिक विकास र व्यापार व्यवसायको सम्बन्धमा छलफल र अनुभव आदान प्रदान ।

३. आदिवासी जनजाति आयोगको तर्फबाट United Nations Permanent Forum on Indigenous Issues को Twenty-fifth session (20 April-1 May 2026) मा आयोगका सचिव श्री बुद्ध बहादुर गुरुङ

सहभागी । संयुक्त राष्ट्रसंघ स्थायी नियोगको मुख्यालय न्युयोर्क, अमेरिकामा सम्पन्न २५औं बैठकमा आदिवासी जनजाति समुदायको शिक्षा र स्वास्थ्य अधिकार सुनिश्चितता सम्बन्धमा आयोगको तर्फबाट सम्बोधन ।

६.२१ वित्तीय विवरण

आ. व. २०८२/०८३ मा आयोगको विनियोजित कूल वार्षिक बजेट रु. ४,१४,२८,९१७।- रहेको थियो । जसमध्ये चालु तर्फ ब.उ.शि.नं. २२८०००११३ मा ३,१०,३७,०००।- र ब.उ.शि.नं. २२८००००१३ रु. ८२,९१,९१७।- र पूँजीगत तर्फ ब.उ.शि.नं. २२८०००११४ मा रु. २१,००,०००।- विनियोजन भएको थियो। विनियोजित बजेट मध्ये चालु तर्फ ब.उ.शि.नं. २२८०००११३ मा रु. २,४७,०२,०२७.१९।-ब.उ.शि.नं. २२८००००१३ मा र ८२,७५,६००।- खर्च भएको थियो भने पूँजीगत तर्फ रु. १४,८३,११५।- रकम खर्च भएको थियो। आयोगको बार्षिक बजेट तथा खर्चको विवरण अनुसूची ५ मा प्रस्तुत गरिएको छ भने विनियोजित बजेट र खर्चको फाँटवारी अनुसूची २ मा उल्लेख छ ।

६.२२ आदिवासी जनजाति लक्षित नीति तथा कार्यक्रमहरु

आ. व. २०८२/०८३ मा आयोगको वार्षिक कार्यक्रमहरु निम्नानुसार थिए:

- आयोगको कार्यसम्पादनलाई निश्चित दिशानिर्देश गर्न समयावधि समेत तोकी आयोगको पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा प्रभावकारी बनाउने,
- संयुक्त राष्ट्र संघको दिगो विकास सम्बन्धी रणनीति अनुसार नेपालका आदिवासी जनजाति समुदायको दिगो विकास र अधिकार कार्ययोजना कार्यान्वयन भएनभएको अनुगमन गर्ने,
- आदिवासी जनजातिको पहिचानलाई संरक्षण गर्न नमूना साँस्कृतिक सम्पदा संरक्षण सम्वन्धी कार्यविधि सिफारिस गर्ने,
- निजामती सेवामा आदिवासी जनजाति समावेशीताको उपस्थितिमा जागरुक गराउने,
- आदिवासी जनजातिको वर्गीकरणलाई वास्तविक तथ्य तथ्यांकमा आधारित गरी सरकारद्वारा प्रदान गरिने सेवा सुविधा लक्षित वर्गमा केन्द्रित गर्न अध्ययन गर्ने र गराउने,
- आदिवासी जनजाति समुदायका सामाजिक, साँस्कृतिक, कला, भाषा, साहित्य, रहनसहन जस्ता विषयमा राष्ट्रिय ज्ञान सम्मेलन गरी 'आदिवासी जनजाति अध्ययन' प्रकाशन गर्ने,
- आदिवासी जनजाति कला, साहित्य, भाषा र लिपिको संरक्षण सम्बन्धमा सरोकारवाला व्यक्ति, निकाय र स्थानीय सरकारसँग सहकार्य गर्ने,
- आयोगका सिफारिस विश्वसनीय, वस्तुपरक र लक्षित समूह केन्द्रित बनाउन अध्ययन अनुसन्धान गर्ने,
- प्रशासनिक सहजता र सुलभतालाई मध्यनजर गरी आदिवासी जनजातिका थरहरु संकलन गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।
- आदिवासी जनजाति समुदायलाई विकासको लाभहरुबाट वन्चित हुन नदिन उनीहरुको आर्थिक, सामाजिक विकासका लागि संघ, प्रदेश र स्थानीय सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजातिले आदिम कालदेखि अभ्यास गर्दै आएका परम्परागत ज्ञानलाई लोप हुन नदिन र परम्परागत ज्ञानमा आदिवासी जनजाति महिलाको भूमिकालाई प्रवर्द्धन गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने, र

- कमजोर अवस्थामा रहेका आदिवासी जनजातिको क्षमता विकास गरी सशक्तीकरण गर्ने कार्यक्रम सरकारका तीनै तहका सरकारलाई सिफारिस गर्ने ।

६.२३ उजुरी तथा गुनासो व्यवस्थापन

- आ.व. २०८२/०८३ मा आयोगमा दर्ता हुन आएका निवेदन, विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचारहरु, टेलिफोन लगायतका संचार माध्यमबाट प्राप्त उजुरी तथा गुनासामा आदिवासी जनजातिको हक, हित र अधिकार हननको आयोगले जानकारी लिने, अध्ययन-अनुसन्धान गर्ने, अनुगमन गर्ने र सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य गर्दै आएको छ।
- आ.व. २०८२।०८३ मा प्राप्त उजुरी तथा गुनासाहरुलाई सम्बोधन गर्ने क्रममा आयोगबाट भए गरेका मुख्य कार्यहरु निम्नानुसार छन्:-

तालिका ६.१ : उजुरी तथा गुनासो व्यवस्थापन

क्र.स	मिति	उजुरी गर्ने कार्यालय	विषय
१	२०८२।०८।१४	नेवाः देय् दबू नागार्जुन नगर समिति	प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धमा
२	२०८२।९।७	प्रत्यक्ष डुवान पिडित सामुहिक पूर्ण अधिकार संरक्षण समितिको निवेदन	रिसिङ गापा वडा नं.८ भिमाद नपा वडा नं.५ मा प्रत्यक्ष डुवान पिडित सामुहिक भूमि तथा जग्गा जमिनको लागि सर्जमिन सम्बन्धमा
३	२०८३।०२।०७	गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा	अपमानजनक शव्द प्रयोग गरी जातीय पहिचानको गलत समावेश सम्बन्धी
४	२०८३।३।१५	धनविर महर्जन विदुरमान श्रेष्ठ	जात्रा सम्बन्धी विवाद सम्बन्धमा
५	२०८३।३।१७	वेलवास सरोकार समिति व्यास १३ वेलवास तनहुँ	वेलवासस्थित आदिवासी जनजाति समुदायको दीर्घकालिन सुरक्षा तथा स्थायी समाधान सम्बन्धमा
६	२०८३।०३।३१	भोटखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय संखुवासभा	बरुण नदीमा हाडड्रोपावर जलविद्युत निर्माण सम्बन्धी कार्यको विवाद सम्बन्धमा

प्राप्त उजुरी तथा गुनासो फछ्यौंट

निकाय/विषय	प्राप्त उजुरी	फछ्यौंट भएको	प्रक्रियामा रहेको	कैफियत
आदिवासी जनजाति सूचीकरण सम्बन्धी	२५ वटा	७ वटा	१८ वटा	
जुगी जातिको आवासीय समस्या सम्बन्धी	१ वटा	१ वटा	-	
FPIC सम्बन्धी	४ वटा	४ वटा	-	हाईड्रोपावर, निकुञ्जर द्रुतमार्ग
आदिवासी जनजातिको घरेलु मरिदा उत्पादन तथा धार्मिक स्थल सम्बन्धी	३ वटा	३ वटा	-	घरेलु रक्सी, धार्मिक स्थल
जम्मा	३३ वटा	१५ वटा	१८ वटा	

आयोगमा जाति सूचीकरण सम्बन्धी आ.व.०७७/७८ देखि ०८३ असार मसान्त सम्म परेका उजुरीहरु निम्न रहेका छन्

६.२४ आयोगको बैठकका निर्णयहरु

- आदिवासी जनजाति ऐन २०७४ को परिच्छेद ४ को दफा १३ मा भएको प्रावधान अनुसार आ.व.०८२/०८३ मा आयोगको बैठकहरु बसी देहाय बमोजिमका निर्णयहरु भएका छन:-
- नेवार समुदायको साँस्कृतिक पर्व गाईजात्रा (साया:/सापारु) को अवसरमा विभिन्न मनोरञ्जनात्मक, हास्यव्यङ्ग्यात्मक तथा व्यवसायिक कार्यक्रमहरुले उक्त पर्वको मूल मर्म र मौलिकता माथि नै प्रहार हुने हुँदा आगामी दिनमा गाइजात्रा पर्वको नाममा र सोही दिन पारेर गर्ने यस प्रकारका कार्यक्रमहरु सञ्चालन नगर्न र नगराउन मातहतका निकाय र सरोकारवालाहरुलाई आवश्यक निर्देशनका लागि सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र गृह मन्त्रालयलाई सिफारिस गर्ने (मिति २०८२।०५।०५) ।
- नेवाः जाति अन्तर्गत जुगि उप-जातिको आवासीय समस्याबारे उच्च अदालत पाटनको परमादेश कार्यान्वयन गर्न देहायबमोजिमको अध्ययन समिति गठन गर्ने (मिति २०८२।०५।०९) ।
- आयोगको छैठौं वार्षिक प्रतिवेदन (आ. व. २०८१।८२) स्वीकृत गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने (मिति २०८२।०६।२६) ।
- नेपाल शेर्पा एसोसिएशन सेन्ट्रल कमिटी (Nepal Sherpa Association Central Committee) ले यस आयोगमा मिति २०८२/०६/२९ गते पेश गरेको ध्यानाकर्षण निवेदनका सम्बन्धमा देहायबमोजिम गर्ने (मिति २०८२।०६।३०) ।
- श्री टासी ल्हान्जोम र उहाँको परिवारमाथि भइरहेको तथ्यहीन र कपोल कल्पित टिप्पणी तत्काल बन्द गर्ने र यस्तो क्रियाकलापले उत्पन्न हुन सक्ने परिस्थितिबारे सबैलाई सूचित गर्न प्रेस विज्ञप्ति जारी गर्ने ।
- नेपालको संविधान र सम्बन्धित ऐन कानूनमा समेत विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यलाई प्रतिबन्धित गरेको सन्दर्भमा यस विषयलाई समयमा नै सम्बोधन गरी सामाजिक सौहार्दतामा खलल पुग्ने अवस्था अन्त्य गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा गृह मन्त्रालयको ध्यानाकर्षण गराउने ।
- आयोगले पेश गरेको वार्षिक प्रतिवेदन उपर संघीय संसदमा छलफल गर्ने र सिफारिस कार्यान्वयनको प्रगति बढाउने विषयमा संघीय संसद एवम् नेपाल सरकारका प्रतिनिधिहरु, जातीय संस्थाका प्रतिनिधिहरु र सरोकारवालाहरुको सहभागितामा आयोगको सिफारिस कार्यान्वयनका समस्याहरु र आगामी दिनमा चाल्नुपर्ने कदमहरुको पहिचान गर्न एक वृहत् अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने निर्णय गरियो (मिति २०८२।०७।११) ।
- जेनजी आन्दोलन पश्चात नेपालमा धर्म निरपेक्षता, संघीयता, समानुपातिक समावेशीताका संविधान संशोधन लगायत आगामी राजनीतिक तथा शासकीय स्वरुपबारे विभिन्न कोणबाट बहसहरुको थालनी भएको सन्दर्भमा आगामी दिनमा आदिवासी जनजातिको संबैधानिक तथा कानूनी हक अधिकार सुनिश्चित गर्न सरोकारवाला पक्षलाई अभिमुखीकरण गर्न र आगामी दिनमा अपनाउनुपर्ने रणनीतिबारे जेनजी प्रतिनिधि तथा आदिवासी जनजातिको हक अधिकारको क्षेत्रमा कार्यरत संघसंस्था र विज्ञहरुको उपस्थितिमा आगामी मंसिर २ गते सचेतनामूलक छलफल कार्यक्रम आयोजना गर्ने निर्णय गरियो (मिति २०८२।०७।२८) ।
- आगामी २४-२८ नोभेम्बर (तदनुसार २०८२ मंसिर ८ देखि १२ गतेसम्म) चीनको सिजाङ स्वाशासित क्षेत्रस्थित

ल्हासा शहरमा हुने महिला सेमिनारमा भाग लिन आयोगका माननीय सदस्य श्री रिना रानालाई मनोनयन गर्ने (मिति २०८२।०८।०२) ।

- आदिवासी जनजाति आयोग र जनवादी गणतन्त्र चीनको जातीय मामिला आयोगबीच समझदारीपत्रमा हस्ताक्षर भएको एक वर्ष पूरा हुन गइरहेको अवसरमा दुवै देशका आयोगका पदाधिकारीहरुबीच आगामी फ्रेवुअरी २५, २०२६ मा समीक्षात्मक बैठक आयोजना गर्ने (मिति २०८२।०८।२३) ।
- आगामी अप्रिल २० देखि मे १, २०२६ सम्म संयुक्त राष्ट्रसंघको न्यूयोर्कमा आयोजना हुने United nations Permanent Forum on Indigenous Issues (UNPFII) को २५औं अन्तराष्ट्रिय सम्मेलनमा आयोगका मा.अध्यक्ष श्री राम बहादुर थापामगर, मा.सदस्य श्री शरण राई र सचिव श्री बुद्धबहादुर गुरुङलाई मनोनयन गर्ने निर्णय गरियो (मिति २०८२।०९।०३) ।
- आयोगको वार्षिक उत्सवका अवसरमा आयोगको उद्देश्य प्राप्तिमा महत्वपूर्ण योगदान दिने देहायका व्यक्ति तथा संस्थाहरुलाई गर्ने निर्णय गरियो (मिति२०८२।१०।१८)।
- संविधानको धारा ५६(५) को व्यवस्था कार्यान्वयन सम्बन्धी सिफारिसको आधारपत्र तयार गर्ने (मिति २०८३।०२।०८) ।
- संविधान संशोधन सुझाव सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल २०८२ को सचिवालयबाट प्राप्त पत्रको सम्बन्धमा आयोगको तर्फबाट नेपालको संविधानमा गर्नुपर्ने सुधार तथा संशोधन सम्बन्धी तयार गरिएको सुझाव प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पठाउने (मिति २०८३।०३।१९) ।
- आदिवासी जनजाति आयोगद्वारा स्थापना देखि हालसम्म आयोगको वार्षिक प्रतिवेदनमा भएका सिफारिसहरुको कार्यान्वयन र प्रतिवेदनमा छलफलको सम्बन्धमा देहायका कार्ययोजना र अध्ययन प्रतिवेदनहरु कार्यान्वयनको अवस्था बारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई र सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यान्वयनका लागि पत्रमार्फत ध्यानाकर्षण गराउने र संघीय तथा प्रदेश सभाका सभामुखमा पत्र अवगत गराउने निर्णय गरियो (मिति २०८३।०३।३१) ।

देहाय

१ नेपाल सरकारलाई निम्न विषयको जानकारी सम्बन्धमा पत्राचार गर्ने।

- आदिवासी जनजाति नमुना सांस्कृतिक सम्पदा गाउँ छनौट र जातीय खुल्ला जीवन्त सङ्ग्रहालय स्थापना तथा सञ्चालन सम्बन्धी नमूना कार्यविधि, २०७९
- आदिवासी जनजातिको अधिकार र दिगो विकास कार्ययोजना - २०७९
- आदिवासी जनजाति समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन – २०८०
- काठमाडौं-तराई/मधेस द्रुतमार्ग अध्ययन प्रतिवेदन - २०८२
- अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२)
- जुगी (सतःछें बासिन्दा) समुदायको समस्या समाधान प्रतिवेदन – २०८२

२ संविधानको धारा २९४(३) तथा आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ (ङ) र (च) मा भएको व्यवस्थालाई सम्वोधन गर्न आयोगका सिफारिसहरु आवश्यक छलफल तथा कार्यान्वयन सम्बन्धमा सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्रमार्फत ध्यानाकर्षण गराउने ।

६.२५ आयोगका प्रकाशनहरु

- आदिवासी जनजाति अध्ययन विज्ञ समिक्षित शोधपत्रिका वर्ष ३, पूर्णाङ्क ३, २०८१
- सूचीकृत आदिवासी समुदायको थर, २०८१
- आदिवासी जनजाति आयोगको वार्षिक प्रतिवेदन आ.व. २०७७।०७८ देखि २०८१।०८२
- आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन प्रतिवेदन, २०८२
- नेपालको सार्वजनिक निकायहरूमा आदिवासी जनजातिहरुको प्रतिनिधित्व अध्ययन प्रतिवदेन, २०८२
- आयोगको परिचय पुस्तिका (अंग्रेजी र नेपाली भाषामा)
- आदिवासी जनजाति नमुना सांस्कृतिक सम्पदा गाउँ छनौट र जातीय खुल्ला जीवन्त सङ्ग्रहालय स्थापना तथा सञ्चालन सम्बन्धी नमूना कार्यविधि, २०७९
- आदिवासी जनजातिको अधिकार र दिगो विकास कार्ययोजना -२०७९
- आदिवासी जनजाति समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन -२०८०
- काठमाडौं-तराई/मधेस द्रुतमार्ग अध्ययन प्रतिवेदन - २०८२
- अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२)
- जुगी (सतःछें बासिन्दा) समुदायको समस्या समाधान प्रतिवेदन-२०८२

आयोगले गरेका सिफारिस र कार्यान्वयनको अवस्था

७.१ पृष्ठभूमि

आयोगले हालसम्म ७ वटा वार्षिक प्रतिवेदनहरु तयार गरी सार्वजनिक गरिसकेको छ । आयोगको पदाधिकारी नियुक्त हुनु अगाडि कर्मचारीद्वारा तयार पारिएको आ.व. ०७६।७७ को वार्षिक प्रतिवेदनमा कुनै सिफारिसहरु गरिएका छैनन् । आयोगमा पदाधिकारीहरु नियुक्ति पश्चात सम्मानीय राष्ट्रपतिसमक्ष ५ वटा प्रतिवेदनहरु पेश गरेको छ । ती प्रतिवेदनहरु मध्ये आ.व. ०७७।७८ मा २२ वटा, आ.व. ०७८।७९ मा २८, आ.व. ०७९।८० मा २१ र आ.व. ०८०।८१ मा ६ वटा, आ.व. ०८१।८२ मा ७, र आ.ब. २०८२/८३ मा २० वटा गरी जम्मा १०४ वटा सिफारिसहरु भएका छन । ती मध्ये केही कार्यान्वयन भएको, केहीको आंशिक कार्यान्वयन भएको र केहीको कार्यान्वयन भएको छैन । समग्रमा आयोगले गरेका सिफारिसमध्ये ९० प्रतिशत भन्दा बढी कार्यान्वयन नभएको अवस्था छ । सिफारिस कार्यान्वयनको सम्बन्धमा संघ तथा प्रदेश सरकारसँग आयोगले जवाफसमेत माग गरेको छ । यसले संवैधानिक आयोगले पेश गरेका सिफारिसहरु कार्यान्वयनप्रति सरकार गम्भीर नभएको देखाउँछ। आयोगका सिफारिसहरुको प्रभावकारी कार्यान्वयनबाट मात्र आदिवासी जनजाति समुदायको हक, हित र अधिकारको संवर्धन र प्रवर्द्धन भई शान्त, समुन्नत र समावेशी मुलुकको निर्माण हुने भएकोले आयोगका सिफारिसहरुको कार्यान्वयनप्रति सरकार थप जिम्मेवार हुन आवश्यक देखिन्छ।

७.२ नेपाल सरकारलाई आयोगको सिफारिसहरु

आयोगले वर्षभरि गरेको कार्य सम्पादन गर्दा देखेभोगेका विषयहरू जुन सरकारले कार्यान्वयन गर्नुपर्ने देखिन्छ, ती विषयलाई सिफारिसको रूपमा सम्माननीय राष्ट्रपतिमार्फत् नेपाल सरकारलाई सिफारिस गर्ने गरेको छ । यस वर्ष नेपाल सरकारले कार्यान्वयन गर्नुपर्ने विषयका सिफारिसहरू निम्न छन् :

१. यहि मिति २०८३ भाद्र १० गते रसुवा र नुवाकोटमा गएको हिमाली सुनामी (भोटेकोशी बाढी) बाट प्रभावित आदिवासी जनजाति समुदायलाई संविधान र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनबमोजिम उनीहरूको जीऊ धनको सुरक्षा र सम्मानजनक बाँच्न पाउने अधिकारको सम्मान गर्दै उनीहरूको आवास, स्वास्थ्य, शिक्षा र रोजगारीको सुनिश्चितताका लागि सञ्चालन गरिने पुनःस्थापना कार्यको नीति तथा कार्यक्रम निर्माणमा प्रभावित आदिवासी जनजाति समुदायको प्रतिनिधित्व अनिवार्य गर्ने ।
२. संविधानको प्रस्तावनामा नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विविधतालाई स्वीकार्दै आदिवासी जनजाति समुदायसँग धार्मिक तथा सांस्कृतिक हक भएकोले परम्परागत, ऐतिहासिक, धार्मिक र सांस्कृतिक (गुम्बा, चिहान आदि) स्थलमा राज्यले कुनै पनि प्रकारको दख्खल नगर्ने, नहटाउने, अतिक्रमण नगर्ने, नगराउने ।
३. तनहुँको सदरमुकाम बन्दीपुरबाट दमौलीमा स्थानान्तरण गर्दा दमौलीका स्थानीय दराईलगायतका आदिवासी जनजाति समुदायको परम्परागत भूमि अधिग्रहण गरिएको तर सरकारले अझसम्म मुआव्जा तथा सट्टा भर्ना नदिएकोले तुरून्त मुआव्जा तथा सट्टा भर्ना दिने ।
४. उदयपुरको त्रियुगा नदी नियन्त्रणको लागि राज्यले बोटे समुदायको वस्तीबाट त्रियुगा नदी बगाई उनीहरूको घरबास उठाई उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने हक हनन् गरेकोले बोटे समुदायलाई पर्न गएको पीरमर्काको अध्ययन गरी उनीहरूलाई उचित क्षतिपूर्ति दिने ।

५. राष्ट्रिय निकुञ्ज, संरक्षित वन तथा वन्यजन्तु आरक्षको स्थापना र सञ्चालनले जंगल तथा खोलामा आश्रित बोटे, माझी र दनुवार समुदायको परम्पारगत पेशा संकटमा परेकोले परम्पारगत पेशालाई संरक्षण गर्ने र संरक्षण हुन नसक्ने अस्थामा बैकल्पिक पेशाको सुनिश्चितता गर्ने ।

६. शुक्लाफाँटा राष्ट्रिय निकुञ्जद्वारा विस्थापित आदिवासी जनजाति समुदायलाई पुनःस्थापना गर्दै उनीहरूको गाँस वासको उचित व्यवस्था गर्ने । सेनामार्फत निकुञ्ज तथा शिकार आरक्ष संरक्षण गर्ने ऐनलाई संसोधन गरी समुदायले संरक्षण गर्ने नीति तथा कानुन बनाई लागु गर्ने ।

७. संखुवासभा, सोलुखुम्बुलगायतका आदिवासी जनजाति समुदायको धार्मिक तथा सांस्कृतिक कार्यमा आवश्यक पर्ने वन्यजन्तु तथा वन पैदावरको शिकार तथा संकलनमा राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षले प्रतिवन्ध लगाउँदा उनीहरूको धार्मिक तथा सांस्कृतिक अधिकार हनन् भएकोले धार्मिक तथा सांस्कृतिक परम्परा संरक्ष्णको लागि आवश्यक वन्यजन्तुको शिकार र वन पैदवार संकलनमा छुट या वैकल्पिक (आफैले पाल्ने) व्यवस्थाको लागि अनुमति प्रदान गर्ने ।

८. वन्यजन्तुको आक्रमणबाट मृत्यु हुँदा पाउने क्षतिपूर्ति भन्दा आफ्नो ज्यान बचाउनका लागि प्रतिरोधको आक्रमणबाट वन्यजन्तुको मृत्यु हुँदा सरकारलाई दिनुपर्ने क्षति बढी महंगो भई वन्यजन्तु भन्दा मानिसको मूल्य सस्तो भएकोले सम्बन्धित कानुनलाई मानवमैत्री बनाउन संशोधन गर्ने ।

९. नेपालमा प्रचलित सम्पूर्ण राष्ट्रिय पर्व विदालाई सामुदायिक बनाउने र आदिवासी जनजातिका हरेक पर्वमा सम्बन्धित समुदायलाई ५ दिन पर्व विदा दिने । एउटा समुदायले अर्को समुदायको पर्वमा सट्टा विदा लिन पाउने व्यवस्था गर्ने ।

१०. आदिवासी जनजाति समुदायका विद्यार्थीलाई मातृभाषामा शिक्षा पाउने हक संविधानले सुनिश्चित गरेको छ । सम्बन्धित समुदायको विद्यार्थीलाई पठन पाठनको लागि मातृभाषा शिक्षकको व्यवस्था नहुँदा संविधानको कार्यान्वयनमा बाधा र विद्यार्थीहरूको मातृभाषामा शिक्षा पाउने अधिकार बञ्चित भएकोले आदिवासी जनजातिको मातृभाषाको शिक्षकको शिक्षा सेवा आयोगबाट व्यवस्था गर्ने ।

११. वि.सं. २०२१ को भूमिसूधारको लागि जग्गा नापी गर्दा धेरै आदिवासी जनजातिले चर्चि, भोगि आएको भूमिलाई हदवन्दीको सीमा र उनीहरूको अज्ञानताको फाइदा उठाएर नापी गर्न छुटेको/छुटाइएकोले त्यस्ता जग्गाको पुनः नापि नक्साङ्कन गर्ने ।

१२. हिमाली भेगमा हिमाली आदिवासी जनजाति समुदायले प्रयोग गर्दै आएको चौरी चरणलाई सरकारले आफ्नो स्वामित्वमा लिई ठेकेदारलाई दिदा ठेकेदारले अनुचीत लाभ लिएको र कतिपय ठाउँमा जग्गालाई प्रयोग विहिन बनाउँदा चरिचरण र घाँस संकलनमा बाधा पुगि आदिवासी जनजाति समुदायको परम्परागत पेशा र जिविकोपार्जन नै संकटमा परेकोले यस्तो चौरी चरणलाई समुदायले साझा रूपमा प्रयोग गर्न पाउने सामुदायिक नीति बनाउने ।

१३. अन्तर्राष्ट्रिय श्रमसम्बन्धि महासन्धी नं. १६९ र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र सन् २००७ ले आदिवासी जनजाति समुदायसँग आफ्नो पहिचान जोगाउने अधिकारको व्यवस्था गरेको र यसको सम्मान र कार्यान्वयन गर्नु सरकारको दायित्व भएकोले आदिवासी जनजातिको स्थान, नाम धेरै ठाउँमा मेटिएकोले यसलाई पुनर्जीवित र पुनःप्रयोग गर्ने नीति तथा कार्यक्रम ल्याई आदिवासी जनजाति समुदायको पहिचान पुनःस्थापित गर्ने ।

१४. स्थानीय पालिकामा बाहुल्य भएको आदिवासी जनजातिको भाषालाई सरकारी र शैक्षिक माध्यम बनाउनको लागि तीनै तहका सरकारले आदिवासी जनजातिको मातृभाषासम्बन्धी शिक्षा नीति बनाई स्थानीयस्तरमा लागू गर्ने गराउने ।

१५. आदिवासी जनजातिको धर्म, संस्कार र परम्परा अनुसार शुभ काम या साइत गर्दा खाईने र पितृलाई तथा देवतालाई चढाइने सगुन तथा साइन (आराखा, वासीम, मड्डा, अइरा, अइला आदि) लाई साँस्कृतिक पाटोबाट पनि हेरिनु आवश्यक भएकोले आदिवासी जनजाति समुदायले आफ्नो विशेष चाँड वा पर्वमा सगुन र उपहारको रूपमा प्रयोग गरिने परम्परागत घरेलु मदिरा प्रयोगमा प्रशासनले आदिवासी जनजातिलाई प्रतिवन्ध लगाउँनु साँस्कृतिक तथा धार्मिक रूपले र अपराध भएकोले यस्तो नीति तथा कानून संसोधन र निष्क्रिय गर्ने ।

१६. संखुवासभाको बरूणखोला हिन्दु र बौद्ध धर्मालम्बीको धार्मिक स्थल भएकोले त्यहाँ निर्माण हुने विकाशका गतिविधिले पवित्र स्थलको पवित्रतामा अपुरणीय धार्मिक तथा सांस्कृतिक क्षति हुने र त्यहाँका स्थानीय आदिवासी समुदायलाई समेत असर पुग्ने स्थलगत अनुगमनबाट देखिएकोले सो नदीमा कुनै पनि हाइड्रोपावर निर्माणको अनुमति नदिने र दिएको भए रद्द गर्ने ।

१७. तनहुँ हाइड्रोपावर र ढोरपाटन शिकार आरक्षले त्यहाँका स्थानीय आदिवासी जनजाति समुदायलाई उनीहरूको धार्मिक तथा साँस्कृतिक र जीविकोपार्जनमा अपुरणीय क्षति पुर्‍याएकोले प्रभावित समुदायलाई उचित क्षतिपूर्ति या परियोजनालाई बन्द गराउने ।

१८. महिलाविरूद्ध हुने सबै प्रकारको भेदभावविरूद्धको अधिकार (सीड) सम्बन्धी संयुक्त राष्ट्रसंघको जिआर थर्टिनाईनको प्रावधानलाई कार्यान्वयन गर्ने ।

१९. संसारको सभ्यता र ज्ञानको अविष्कारसँगै मानव स्वास्थ्यलाई निरोगी राख्न आबिष्कार भएको चिकित्सकीय पद्धति सम्बन्धित क्षेत्र र समुदायको विशिष्ट सीप र ज्ञानमा आधारित हुन्छ । नेपालको हिमाली क्षेत्रमा त्यहाँका हिमाली आदिवासी जनजातिको रैथाने ज्ञान र सीपमा आधारित चिकित्सकीय पद्धति सोवा रिग्पा (आम्ची) पद्धतिलाई संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि स्वास्थ्य क्षेत्रको कर्मचारी दरबन्दीमा आम्चीलाई पनि समावेश गर्ने ।

२०. आदिवासी जनजाति समुदायको परम्परागत भूमिमा कुनै पनि आयोजना र परियोजना सञ्चालन गर्दा सम्बन्धित समुदायको स्वतन्त्र, पूर्व सूचित सहमति नलिई परियोजना निर्माण गर्दा आदिवासी जनजाति अधिकार हनन् भएको र समुदायले परियोजनाविरूद्ध प्रतिकार गर्दा परियोजना निर्माण अवधि लामो समय हुँदा निर्माणमा खर्च बढ्न गई सम्बन्धित समुदाय र परियोजना सञ्चालक दुबैलाई धार्मिक, सांस्कृतिक तथा आर्थिक क्षति हुने हुँदा परियोजना सञ्चालनपूर्व सम्बन्धित आदिवासी जनजाति समुदायको स्वतन्त्र पूर्व सूचित सहमति (एफपिक) लिने कानुन निर्माण गर्ने ।

आयोगले विगतका वार्षिक प्रतिवेदन मार्फत् गरिएका सिफारिस र ती सिफारिस कार्यान्वयनको अवस्था निम्नानुसार रहेका छन्:

७.३ आयोगका विगतका सिफारिसहरु र कार्यान्वयनको अवस्था

७.३. १ आ.व. ०७७।७८ को वार्षिक प्रतिवेदनको सिफारिस र कार्यान्वयनको अवस्था

क्र.सं.	सिफारिसहरु	जिम्मेवार निकाय	कार्यान्वयनको अवस्था
१.	समावेशी चरित्रको राष्ट्रिय सभामा आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित नगरिएकोले संविधान तथा सम्बन्धित कानूनको संशोधन गरी प्रतिनिधित्व सुनिश्चित गराउने ।	संघीय संसद र निर्वाचन आयोग	हालसम्म कार्यान्वयन नभएको ।

२.	व्यवस्थापिकामा सांसदको निर्वाचन तथा छनौट (कार्यपालिका, न्यायपालिका, संवैधानिक निकाय र राजदूतहरुको सिफारिस) मा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउन संविधानको संशोधन र कानूनको निर्माण गर्ने ।	संघीय संसद् र कानून न्याय तथा, संसदीय मामिला मन्त्रालय	हालसम्म कार्यान्वयन नभएको ।
३	प्रतिनिधि सभा र प्रदेश सभामा समानुपातिक उम्मेदवारको बन्द सूचीमा आदिवासी जनजाति प्रतिनिधि अनिवार्यताको साथै उम्मेदवारहरुको प्रथामिकताक्रम निर्धारणमा नै आदिवासी जनजाति जनसंख्या अनुपातको प्रतिनिधित्व सुनिश्चित हुने गरी प्रथामिकताक्रम निर्धारण गर्ने कानूनी प्रबन्ध मिलाउने ।	संसद्, कानून न्याय तथा, संसदीय मामिला मन्त्रालय र निर्वाचन आयोग	आंशिक कार्यान्वयन भएको ।
४.	संविधानको धारा २२२ र २२३ अनुसार गठन हुने गाउँसभा र नगरसभामा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्न हरेक वडामा महिला सहित २ सदस्य आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित गर्न र जिल्ला समन्वय समितिमा प्रतिनिधित्व सुनिश्चित गर्न संविधान संशोधन गरी कानून निर्माण गर्नुपर्ने ।	संसद्, कानून, न्याय तथा, संसदीय मामिला मन्त्रालय र निर्वाचन आयोग	हालसम्म कार्यान्वयन नभएको ।
५	संविधानको धारा ३२ अनुसार मातृभाषामा शिक्षा, सरकारी कामकाजको माध्यम भाषा र सूचना प्राप्त गर्ने आदिवासी जनजातिको अधिकार कार्यान्वयन गरी आदिवासी जनजातिलाई मातृभाषाको हक दिलाउने ।	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तह	निरन्तर कार्यान्वयन भइरहेको ।
६	संविधानको धारा ५६(६) ले व्यवस्था गरेको संघीय कानून बमोजिम आदिवासी जनजातिको सामाजिक साँस्कृतिक संरक्षण, विशेष, संरक्षित, स्वायत्त क्षेत्र हालसम्म व्यवस्था नभएकोले यथाशिघ्र कानून निर्माण गरी कार्यान्वयन गराउने ।	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय	हालसम्म कार्यान्वयन नभएको ।
७.	आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ मा व्यवस्था भएको आयोगको काम, कर्तव्य र अधिकार संवैधानिक आयोगको जस्तो नभई सरकारी निकायको जस्तो भएकोले अधिकार सम्पन्न गराउन आदिवासी जनजातिको अधिकार संरक्षणको लागि उजुरी लिने, अनुसन्धान गर्ने र सम्बन्धित अड्डा अदालतमा मुद्दा दायर गर्ने आयोगलाई अधिकार हुने गरी हालको कानूनमा भएको व्यवस्था संशोधन गर्ने ।	संघीय संसद् र कानून न्याय तथा, संसदीय मामिला मन्त्रालय	हालसम्म कार्यान्वयन नभएको ।
८.	आदिवासी जनजाति आयोग ऐन २०७४ को दफा १८ अनुसार आयोगको संगठनात्मक संरचना आयोगले तयार तथा संशोधन गरे अनुसार हुने गरी आयोगको सहमतिमा विशिष्ट श्रेणीको कर्मचारी सरकारले पठाउने र अन्य कर्मचारी आवश्यकता अनुसार आयोग आफैले नियुक्त गर्ने गरी विद्यमान ऐन संशोधन गर्ने ।	संघीय संसद् र कानून न्याय तथा, संसदीय मामिला मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आयोग	O &M तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको र हाल सम्म कार्यान्वयन नभएको।

९.	अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि (आइ.एल.ओ.) नं १६९, आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, जैविक विविधता सम्बन्धी महासन्धि लगायतले व्यवस्था गरेको आदिवासी जनजातिको अधिकारलाई कार्यान्वयन गर्न आवश्यक कानून र कार्ययोजना निर्माण गर्ने ।	नेपाल सरकार	आदिवासी जनजाति अधिकार र दिगो विकास कार्ययोजना, २०७९ तर्जुमा भई कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गरेको ।
१०	उदयपुर, धनकुटा, खोटाङ, सुनसरी र भोजपुरको सिमानामा अवस्थित किराँती समुदायको धार्मिक तथा साँस्कृतिक प्रतीक खुवालुङ लगायतका आदिवासी जनजातिका साँस्कृतिक सम्पदालाई अवरोध होइन विकासको रुपमा लिई साँस्कृतिक, धार्मिक तथा पर्यटकीय विकास गर्न कानूनको निर्माण गर्ने ।	संघीय संसद् र कानून न्याय तथा, संसदीय मामिला मन्त्रालय	कोशी प्रदेशको नीति तथा कार्यक्रममा समावेश ।
११	पुस्तौं पुस्तादेखि अर्काको भनिएको ऐलानी जग्गामा वस्दै आएका र जग्गा धनीबाट विभिन्न प्रकारको यातना खेपिरहेका रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं २ मा अवस्थित दनुवारहरु जस्ता देशभरका भूमिहीन आदिवासी जनजाति समुदायलाई आवासको लागि भूमिको व्यवस्था गर्ने ।	भूमि व्यवस्था तथा गरिवी निवारण मन्त्रालय, भूमि आयोग	सुकुम्बासी आयोग मार्फत कार्यान्वयनको चरणमा रहेको ।
१२	उदयपुर जिल्लाको बेलका नगरपालिकाको कोशी टप्पुका आदिवासी जनजाति तथा स्थानीय समुदायले प्रयोग गर्दै आएको जग्गा सरकारले उनीहरुको मञ्जुरी विना व्यापारिक संस्थालाई लामो समयको लागि भाडामा दिने निर्णयले आदिवासी जनजातिको "स्वतन्त्र, पूर्व सुसूचित र सहमतिको अधिकार "हनन् भएकोले सम्झौता रद्ध गरी समुदायको सहमति अनुसार गर्ने ।	नेपाल सरकार	आदिवासी जनजाति आयोगको सिफारिस अनुसार भाडामा दिने निर्णय वदर भएको ।
१३	आदिवासी जनजातिको परम्परागत संस्था (गुठी, बइघर, भेजा आदि) लाई मान्यता नदिँदा परम्परागत संस्थाको लोप भई आदिवासी जनजातिको पहिचान संकटमा परेकोले यी संस्थाको संरक्षण र प्रवर्धन गर्न कानून बनाउने ।	संघीय संसद् र कानून न्याय तथा, संसदीय मामिला मन्त्रालय	स्थानीय पालिका मार्फत आंशिक कार्यान्वयन भएको ।
१४	घरेलु मदिरा जस्ता आदिवासी जनजातिको परम्परागत ज्ञान र सीपबाट गरिएको उत्पादनलाई व्यवसायिक बनाई बजारीकरण गर्न सम्बन्धित कानूनको संसोधन र आवश्यक कानूनको तर्जुमा गर्ने ।	संघीय संसद् र कानून न्याय तथा, संसदीय मामिला मन्त्रालय	स्थानीय पालिकाहरुले प्रवर्द्धन गर्न कानुन निर्माणको प्रयास गरिरहेको ।
१५	विकास र उद्योगको नाममा आदिवासी जनजातिको ऐतिहासिक भूमिलाई स्वतन्त्र पूर्वसूचित सहमति बिना राज्यले लोकमार्ग, हाइड्रोपावर र सार्वजनिक भवन जस्ता पूर्वाधार निर्माण गरी आदिवासी जनजातिलाई विस्थापित गरेकोले यस्तो कार्यलाई तुरुन्तै रोकी उनीहरुको अधिकार सुनिश्चित गर्न आवश्यक कानून निर्माण गर्ने ।		हालसम्म कार्यान्वयन नभएको ।
१६	राउटे, कुसुण्डा लगायत लोपोन्मुख आदिवासी जनजातिलाई निःशुल्क स्वास्थ्य, शिक्षा र रोजगारीको व्यवस्था सुनिश्चित गरी उनीहरुलाई संरक्षण गर्ने ।	नेपाल सरकार	हालसम्म कार्यान्वयन नभएको ।

१७	आदिवासी जनजाति आयोगको पदाधिकारीको नियुक्ति, कार्यबाही र आवश्यक कार्य संवैधानिक परिषद्बाट हुने र परिषद्को अध्यक्ष प्रधानमन्त्री हुने संवैधानिक व्यवस्था भएकोले आयोगको सम्पर्क मन्त्रालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हुने व्यवस्था गर्ने ।	नेपाल सरकार	हालसम्म कार्यान्वयन नभएको ।
१८	आदिवासी जनजाति सम्बन्धी अध्ययनको लागि विद्यालयदेखि विश्वविद्यालयसम्म पाठ्क्रम तयार गरी लागू गर्ने ।	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विभिन्न विश्वविद्यालय	शैक्षिकसत्र २०७९ देखि काठमाडौ विश्वविद्यालयमा स्नाकोत्तर तहमा "Indigenous-led research and education in Nepal" अध्ययन शुरु भएको ।
१९	विगतमा सबै तहका सरकारले कूल वजेटको ३५ प्रतिशत बजेट लक्षित समुदायलाई छुट्याउने व्यवस्था हाल कार्यान्वयनमा नभएको र उक्त वजेट लक्षित समुदायको उत्थानका लागि आवश्यक हुने भएकोले त्यसलाई निरन्तरता दिने ।	अर्थ मन्त्रालय	हालसम्म कार्यान्वयन नभएको ।
२०	चाड पर्वको विदा सबै समुदायलाई समान बनाउन आफ्नो आफ्नो पर्वमा मात्रै विदा दिने ।	गृह मन्त्रालय	कार्यान्वयन नभएको ।
२१	आदिवासी जनजाति पहिचानको प्रमाणीकरण आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले मात्रै गर्न पाउने गरी आवश्यक व्यवस्था गर्ने।		हालसम्म कार्यान्वयन नभएको ।
२२	आदिवासी जनजाति पहिचान र संरक्षणको लागि केन्द्र, प्रदेश र स्थानीय तहमा संग्रहालयको व्यवस्था गर्ने ।	केन्द्र, प्रदेश र स्थानीय तह	केही स्थानमा जातिगत संग्रहालयको स्थापना भएको ।

७.२.२ आ.व. ०७८।७९ को वार्षिक प्रतिवेदनको सिफारिस र कार्यान्वयनको अवस्था

क्र.सं.	सिफारिसहरु	जिम्मेवार निकाय	कार्यान्वयनको अवस्था
१.	सिन्धुली र रामेछाप जिल्लामा सञ्चालित सुनकोशी-मरिण डाइभर्सन बहुउद्धेश्यीय परियोजना र सुनकोशी-२ जल विद्युत परियोजना प्रभावित रामेछाप जिल्लाका माझी लगायतका स्थानीय समुदायको गुनासो सम्बन्धमा स्थलगत अध्ययन गर्दा उनीहरुको सामाजिक, साँस्कृतिक र धार्मिक स्थलको संरक्षण र उचित मुआब्जा लगायतका मागहरु सम्बोधन भएको नपाइएकोले सरकारले सरोकारवालाहरुसँग छलफल गरी जायज मागहरु पूरा गर्नु पर्ने र यस प्रकारका विकास निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा परियोजना प्रभावित स्थानीय समुदायको स्थानान्तरण गर्नु पर्ने भएमा "स्वतन्त्र र सुसूचित मन्जुरी" लिने व्यवस्था गर्ने ।	गृह मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय, विद्युत प्राधिकरण	केही मुआव्जा दिइएको, आंशिक रुपमा कार्यान्वयन भएको ।

२	चितवन राष्ट्रिय निकुञ्जको कुसुमखोला क्षेत्रका चेपाङ बस्ती लगायत आदिवासी जनजातिको घर, टहरा जलाएकोमा आयोगबाट अनुगमन गरी प्रतिवेदन तयार गरी विस्थापित परिवारलाई तत्कालीन एवं दीर्घकालीन व्यवस्थापनका सम्बन्धमा गृहमन्त्रीलाई ध्यानाकर्षण गराइएकोमा सिफारिस कार्यान्वयन गर्नु पर्ने र यस्ता निकुञ्जभित्र परेका बस्तीमा बसोबास गर्ने जनताको सर्वपक्षीय समस्याहरुको दीर्घकालीन समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।	गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज	आंशिक कार्यान्वयन भएको ।
३	आदिवासी जनजाति समुदायको भौतिक, अभौतिक सँस्कृति संरक्षण एवं सम्वर्द्धनका लागि संघीय स्तरको १ र प्रादेशिक स्तरका ७ वटा खुल्ला जीवन्त सङ्ग्रहालय (Open Air Living Museum) स्थापना तथा सञ्चालन गर्ने र सम्भाव्य जिल्ला एवं पालिकामा परम्परागत मौलिक गाउँलाई नमूना साँस्कृतिक सम्पदा गाउँ (Model Cultural Heritage Village) को रुपमा संरक्षण र व्यवस्थापन गर्न सम्बन्धित निकायले तत्काल कार्यक्रम प्रारम्भ गर्ने।	सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश र स्थानीय सरकार	नमूना कार्यविधि तयार गरी कार्यान्वयनको लागि सम्वन्धित निकायमा पठाइएको र केही प्रदेश र पालिकामा अध्ययन भइरहेको ।
४	नेपालले सन् २०१० मा अनुमोदन गरेको अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि (२००३) कार्यान्वयन गर्न सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत आदिवासी जनजाति समुदायका अमूर्त (अभौतिक) साँस्कृतिक सम्पदाहरु युनेस्कोमा सूचीकरण गर्ने प्रक्रिया तत्काल प्रारम्भ गर्ने।	सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	मन्त्रालयबाट मूर्त तथा अमूर्त सँस्कृतिको पहिचान र संकलन गरी अभिलेखिकरण गर्ने कार्य भइरहेको ।
५	आदिवासी जनजातिको परम्परागत सँस्कृतिमा आधारित पर्यटन प्रवर्द्धन गर्न आवश्यक नीति र कानून निर्माण गरी कार्यान्वयन गर्ने ।	सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	मन्त्रालयबाट सँस्कृति ऐन निर्माणको कार्य भइरहेको ।
६	सम्माननीय राष्ट्रपति मार्फत सरकारलाई दिइएको आयोगको प्रतिवेदन उपर ढिलो गरी छलफल तथा निर्देशन हुँदा सिफारिस कार्यान्वयनमा ढिलाइ भएर यसको औचित्य समेत समाप्त हुने देखिएकोले सिफारिसलाई समयमै कार्यान्वयनमा लैजान आयोगको प्रतिवेदन प्रतिनिधि सभामा प्राप्त भएको ३ महिनाभित्र महिला तथा सामाजिक समितिबाट छलफल गरी सम्बन्धित निकायहरुलाई निर्देशन दिई सक्नुपर्ने र सम्बन्धित निकायले निर्देशन प्राप्त भएको बढीमा ६ महिनाभित्र सिफारिस कार्यान्वयनको प्रारम्भिक कारवाही शुरु गरिसक्नु पर्ने।	प्रतिनिधि सभा	हाल सम्म कार्यान्वयन नभएको ।
७	संघ, प्रदेश र स्थानीय तहबाट आदिवासी जनजाति लक्षित कार्यक्रम सम्पादन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेशका सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा आदिवासी जनजाति समन्वय शाखा रहने गरी संगठन संरचना पुनर्गठन गरी आवश्यक निर्देशिका बनाउनु पर्ने।	संघीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालय	हालसम्म कार्यान्वयन नभएको ।

८	आयोगको संगठन संरचना O & M स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको। आयोगको सिफारिस बमोजिम संविधान र कानूनले निर्दिष्ट गरेको कार्य सम्पादन गर्न आयोगलाई कार्यमुखी बनाउनु पर्ने भएकाले प्रदेशस्तरीय कार्यालय समेत खोल्ने गरी नयाँ संगठन संरचना स्वीकृत गरी कार्यान्वयन गर्ने।	संघीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालय	हाल सम्म कार्यान्वयन नभएको ।
९	समावेशीकरण एवं आरक्षणको अवसर पहुँचवाला, निश्चित वर्ग, लिङ्ग, जातजाति र समुदाय विशेषले मात्र उपभोग गरिरहेको वर्तमान अवस्थामा यसलाई प्रभावकारी बनाउन राज्यका सबै अङ्ग र निकायमा सूचीकृत सबै आदिवासी जनजाति समुदाय एवं त्यसभित्रका सबै समूह (लोपोन्मुख, अति सिमान्तकृत, सिमान्तकृत, सुविधा वन्चित र उन्नत समूह) का सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी समावेशीकरण एवं आरक्षण सम्बन्धी वर्तमान नीतिको पुनरावलोकन हुनुपर्ने। एकै व्यक्तिले पटक-पटक आरक्षणको सुविधा उपभोग गर्ने अवस्थाको अन्त्य गरी एक पटक तथा महिलाले जन्म र विवाह दुवै आधारमा दोहोरो सुविधा पाउने अवस्थाको अन्त्य गर्ने।	नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय राज्य व्यवस्था समिति, संसद,	संघीय निजामती सेवा विधेयकमा आंशिकरुपमा सम्बोधन गर्ने प्रयास भएको
१०	नेपाल सरकारले आदिवासी जनजातिको सरोकार रहने नीति तर्जुमा गर्दा आदिवासी जनजाति आयोगको संलग्नता अनिवार्य गराउने व्यवस्था गर्ने।	नेपाल सरकार	क्रमश: कार्यान्वयन भइरहेको ।
११	आदिवासी जनजाति आयोगले तयार गरेको "आदिवासी जनजातिको अधिकार र दिगो विकास कार्ययोजना, २०७९" नेपाल सरकारले स्वीकृत गरी तत्काल कार्यान्वयन गरिनु पर्ने।	नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, र अर्थ मन्त्रालय	नेपाल सरकारलाई सिफारिस गरेको तर हाल सम्म कार्यान्वयन नभएको ।
१२	आदिवासी जनजातिको स्वायत्तता र स्वशासनको अधिकार सुनिश्चित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आवश्यक संशोधन गरी विशेष, संरक्षित र स्वायत्त क्षेत्र निर्धारण गरी उनीहरुको पुर्ख्यौली थातथलोमा गरिने विकास कार्यक्रम कार्यान्वयन गर्दा स्थानान्तरण गर्नु पर्ने भएमा "स्वतन्त्र र सुसूचित मञ्जुरी" लिने व्यवस्था कार्यान्वयन गर्ने।	नेपाल सरकार र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामीला मन्त्रालय र संघीय संसद	हालसम्म कार्यान्वयन नभएको ।
१३	आदिवासी जनजाति लक्षित आर्थिक, शैक्षिक, सामाजिक, साँस्कृतिक एवं धार्मिक क्रियाकलाप तथा विकास आयोजना सम्बन्धी कार्यहरुमा उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।	नेपाल सरकार	आंशिक रुपमा कार्यान्वयन भएको ।

१४	समन्यायिक प्रणाली र न्यायको अधिकार सुनिश्चित गर्न प्रथाजनित कानून, संस्था तथा न्याय प्रणालीको अध्ययन गरी प्रचलित कानूनमा समायोजन गर्ने।	कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र संघीय संसद	हालसम्म कार्यान्वयन नभएको।
१५	आदिवासी जनजातिको अधिकारलाई सुनिश्चित गर्न सरकारका सबै तहका निर्णय प्रक्रियामा सम्बन्धित आदिवासी जनजातिको परम्परागत संस्थाको प्रतिनिधित्व गराउन मौजुदा कानूनको संशोधन गर्ने र परम्परागत संस्थाको सुदृढीकरण गर्ने।	सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र संघीय संसद	हालसम्म कार्यान्वयन नभएको।
१६	आदिवासी जनजातिको अस्तित्व, पहिचान र सर्वाङ्गिण विकासको लागि उनीहरुले परम्परागत रुपले भोगी चर्ची आएको भूमि माथिको स्वामित्व प्रत्याभूत गर्न भूमिको पहिचान, भूमिसम्बन्धी कानूनको पुनरावलोकन, वर्तमान भूमिसम्बन्धी कानूनहरुमा संशोधन (भूमिसम्बन्धी ऐन, २०२१, भू-उपयोग ऐन, २०७६, भू तथा जलाधार संरक्षण ऐन, २०३९), स्वामित्व छुटेका भूमिहरुको नापी नक्सा र स्वामित्व प्रदान गर्ने।भूमि एवं प्रकृतिसँगको धार्मिक र साँस्कृतिक सम्बन्धलाई प्रबर्धन गर्न उनीहरुको सहकार्य र सहभागितामा सम्वन्धित क्षेत्रको प्राकृतिक स्रोतको व्यवस्थापन, संरक्षण, दिगो विकास र लाभांशको समन्यायिक वितरण हुने व्यवस्था गर्ने।	भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामीला मन्त्रालय र संघीय संसद	हालसम्म कार्यान्वयन नभएको।
१७	आदिवासी जनजातिका परम्परागत ज्ञान, सीपमा आधारित आर्थिक क्रियाकलापलाई कानूनी तथा नीतिगत रुपमा संरक्षण गर्दै उनीहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन आयमूलक कार्यक्रम संचालन गरी परम्परागत पेशा–व्यवसायको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण गर्न संस्थागत व्यवस्था गर्ने। परम्परागत पेशा व्यवसाय र उद्यमशीलताको संरक्षण एवं प्रवर्द्धन तथा परम्परागत व्यवसायिक समूह गठन र सञ्चालनको व्यवस्था गर्ने।	उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्थानीय पालिका,	पालिका स्तरमा कार्य भइरहेको।
१८	आदिवासी जनजातिको पेशा र रोजगारीलाई सुनिश्चित र मर्यादित बनाउन कानूनी र नीतिगत सुधार गर्नुका साथै आवश्यक संयन्त्र निर्माण तथा आदिवासी जनजाति समुदाय लक्षित रोजगार कार्यक्रम सञ्चालन गर्ने।	श्रम तथा रोजगार मन्त्रालय	आंशिक रुपमा कार्यान्वयन भएको।
१९	आदिवासी जनजातिलाई मातृभाषाको माध्यमबाट आधारभूत शिक्षा प्रदान गर्न सँस्कृतिमैत्री पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गरी आधारभूत तहमा मातृभाषा शिक्षक दरबन्दीको व्यवस्था गर्ने र उच्च तथा प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्न छात्रवृत्ति, कोटा वृद्धि, प्रोत्साहन भत्ता, छात्रबास सुविधा, शैक्षिक ऋण आदि कार्यक्रम सञ्चालन गर्ने।	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	स्थानीय पालिकामा आंशिक रुपमा कार्यान्वयन भइरहेको।

२०	आदिवासी जनजाति समुदायको भाषा, सँस्कृति र परम्परागत ज्ञान-सीपको संरक्षण एवं प्रवर्धनको लागि 'आदिवासी जनजाति विश्वविद्यालय' (Indigenous Nationalities University) स्थापनाको तयारी स्वरुप तत्काल त्रिभुवन विश्वविद्यालय अन्तर्गत 'आदिवासी जनजाति अध्ययन संस्थान' (Institute of Indigenous Peoples Studies) संचालनमा ल्याउनु पर्ने।	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, त्रिभुवन विश्वविद्यालय	हालसम्म कार्यान्वयन नभएको ।
२१	आदिवासी जनजातिलाई आधारभूत स्वास्थ्य सेवा प्रत्याभूत गर्न नि:शुल्क स्वास्थ्य सेवा कार्यक्रम र परम्परागत उपचार विधिको प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने।	स्वास्थ्य मन्त्रालय	हालसम्म कार्यान्वयन नभएका ।
२२	विपन्न आदिवासी जनजातिको सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न विशिष्ट आवश्यकता पहिचान गरी प्रगतिशील सामाजिक सुरक्षाको व्यवस्था विस्तार गर्ने।	श्रम तथा रोजगार मन्त्रालय र अर्थ मन्त्रालय	हालसम्म कार्यान्वयन नभएको ।
२३	सीमा क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजाति समुदायलाई सीमा आवागमनमा परेको समस्याको विषयमा अध्ययन गरी सहजरुपमा आवत जावतको लागि कुटनीतिक पहल गर्ने।	नेपाल सरकार	हालसम्म कार्यान्वयन नभएको।
२४	आदिवासी जनजाति महिलाको पहिचानलाई सम्मान गर्दै सामाजिक तथा आर्थिक रुपमा सशक्तीकरण गर्ने तथा आदिवासी जनजाति बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासको वातावरण सुनिश्चित गर्ने र अपाङ्गता भएका आदिवासी जनजातिको पहिचान र सम्मानलाई प्रत्याभूत गर्दै आवश्यकता अनुसार सामाजिक संरक्षण गर्न नीति तथा कानून तर्जुमा र संशोधन गरी विशेष कार्यक्रम सञ्चालन गर्ने। सार्वजनिक तथा निजी सेवाप्रवाहलाई अपाङ्ग मैत्री बनाउने।	नेपाल सरकार	हालसम्म कार्यान्वयन नभएको ।
२५	राष्ट्रिय विकासमा आदिवासी जनजातिको योगदान जुटाउन उनीहरुको उत्पादन, ज्ञान, सीप आदिको संरक्षण तथा प्रवर्द्धन गरी सशक्तीकरण गर्न आ.व. २०७९/०८० को वजेट, नीति र कार्यक्रमको व्यवस्थाको लागि संघीय अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सबै प्रदेश र सबै पालिकामा सिफारिस गरिएका कार्यक्रम र क्रियाकलापहरु शीघ्र र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। (अनुसूची-११)	नेपाल सरकार	स्थानीय पालिकावाट केही मात्रामा पहल भएको ।
२६	आदिवासी जनजातिका परम्परागत ज्ञान सीप समेतमा आधारित रोजगारमूलक उत्पादन कार्य गर्ने गरी संघ, प्रदेश र स्थानीय तहमा विकास खर्चमा विनियोजित रकमको आदिवासी जनजातिको जनसंख्याको प्रतिशतको अनुपातमा कम्तीमा एक तिहाई रकम उत्पादनमा आधारित (Output Based) अनुदान दिने र एक तिहाई रकम उत्पादनशील रोजगारी प्रदान गर्ने कार्यमा अनिवार्य रुपमा विनियोजन गर्ने व्यवस्था मिलाउने।	संघ प्रदेश र स्थानीय सरकार	केही स्थानीय पालिकाले शुरुवात गरेको ।

२७	आदिवासी जनजाति समुदायको परम्परागत ज्ञान, सीप र कच्चा पदार्थमा आधारित स्थानीय तथा घरेलु वस्तुको व्यावसायिक उत्पादन र प्रवर्द्धन गर्न स्थानीय सामूदायिक सहकारी मार्फत सामुहिक ट्रेडमार्क र ब्रान्डिङ्गको व्यवस्था गर्ने । स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न संघ, प्रदेश र स्थानीय सरकार मार्फत आवश्यक कार्यक्रम र पर्याप्त बजेट व्यवस्था गर्दै उत्पादित वस्तुहरुलाई आवद्ध केन्द्रीय सहकारी संस्था मार्फत बजारीकरण गरी विक्री गर्ने व्यवस्था मिलाउने।	उद्योग विभाग, सहकारी विभाग र स्थानीय पालिका	केही स्थानीय पालिकाले उत्पादन र प्रवर्द्धनको कार्य शुरुवात गरेको तर सामुहिक ट्रेडमार्कको कार्य हालसम्म नभएको ।
२८	स्थानीय तहको अधिकांश बजेट, आधुनिक यन्त्र र औजारको प्रयोग गरी सार्वजनिक निर्माणमा खर्च हुँदा स्थानीय आदिवासी जनजाति लगायतका विपन्न जनताको जीविकोपार्जनका लागि खर्च हुनुपर्ने रकम सदुपयोग हुन नसकी उनीहरुको रोजगारीको अवसर गुमेको, व्यापक मात्रामा वातावरण विनास भएको, खेत बारीको उर्वर माटो पुरिएर उत्पादनमा ह्रास भई उनीहरु वसाँइ सर्न वा विदेशिन बाध्य हुनु परेकोले विकासको ढाँचा परिवर्तन गरी स्थानीय स्तरमा अनावश्यक यान्त्रिक प्रविधिको प्रयोगमा सङ्कुचन गरी परम्परागत श्रममूलक विधिबाट स्थानीय साधन श्रोतको उपयोग गरी सार्वजनिक निर्माण कार्य सम्पन्न हुने व्यवस्था मिलाई विकासमा स्थानीय साधन श्रोतको परिचालन गर्न स्थानीय तहले आवश्यक कार्यक्रम र बजेट व्यवस्थापन गर्ने।	नेपाल सरकार	हालसम्म कार्यान्वयन नभएको ।

७.२.३ आ.व. ७९।८० को वार्षिक प्रतिवेदनको सिफारिस र कार्यान्वयनको अवस्था

क्र.सं.	सिफारिसहरु	जिम्मेवार निकाय	कार्यान्वयनको अवस्था
१	राष्ट्रिय जनगणना २०७८ को त्रुटिपूर्ण तथ्याङ्क सच्याउने ।	राष्ट्रिय तथ्याङ्क कार्यालय	हालसम्म कार्यान्वयन नभएको ।
२	आदिवासी जनजाति विश्वविद्यालय स्थापना र सञ्चालन गर्ने ।	शिक्षा मन्त्रालय	हालसम्म कार्यान्वयन नभएको ।
३	आदिवासी जनजाति महिलाको समानुपातिक राजनीतिक प्रतिनिधित्व सुनिश्चित गर्ने ।	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय संसद	आंशिक कार्यान्वयन भएको ।
४	आदिवासी जनजाति मन्त्रालय गठन गर्ने ।	नेपाल सरकार. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	हालसम्म कार्यान्वयन नभएको ।
५	आदिवासी जनजातिको भाषालाई सरकारी कामकाजको भाषा बनाउने र प्रदेश लोकसेवा आयोगमा लागु गर्ने ।	प्रदेश संसद, प्रदेश मन्त्रिपरिषद् र प्रदेश लोकसेवा आयोग	आंशिक कार्यान्वयन भएको ।
६	आदिवासी जनजाति पहिचानसँग जोडिएका परम्परागत स्थान नामलाई पुनःस्थापना गर्ने ।	स्थानीय सरकार	हालसम्म कार्यान्वयन नभएको ।

७	विश्व आदिवासी जनजाति भाषा दशक (सन् २०२२-२०३२) कार्यक्रम कार्यान्वयन गर्ने ।	सँस्कृति पर्यटन तथा नागरिक उड्यनयन मन्त्रालय	कार्यान्वयन भैरहेको ।
८	आदिवासी जनजाति समुदायको प्राकृतिक स्रोत (जल,जमिन र जंगल) माथिको अधिकार स्थापित गर्ने ।	नेपाल सरकार, संघीय संसद	कार्यान्वयन भईरहेको ।
९	धर्म निरपेक्षताको संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न कानून संशोधन गर्ने ।	नेपाल सरकार, सघीय संसद	कार्यान्वयन भईरहेको ।
१०	समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने ।	नेपाल सरकार, सघीय ससद	कार्यान्वयन भईरहेको
११	अपाङ्गता भएका आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित गर्ने ।	तीनै तहका सरकार	सशक्तीकरणका कार्यक्रमहरु भइरहेका ।
१२	आदिवासी जनजातिको पहिचानको हक सुनिश्चित गर्ने ।	नेपाल सरकार	कार्यान्वयन भइरहेको ।
१३	आदिवासी जनजातिको स्व-पहिचानको अधिकार कार्यान्वयन गराउने ।	नेपाल सरकार, सम्वन्धित समुदाय	कार्यान्वनय भइरहेको
१४	आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई सुदृढिकरण गर्ने ।	नेपाल सरकार	कार्यान्वनय भइरहेको ।
१५	आदिवासी जनजाति अधिकार र दिगो विकास कार्ययोजना २०७९ कार्यान्वयन गर्ने ।	नेपाल सरकार	लागू नभएको ।
१६	प्रदेश स्तरमा आदिवासी जनजाति प्रज्ञा प्रतिष्ठान स्थापना गर्ने ।	प्रदेश सरकार	केही प्रदेशमा लागू भएको ।
१७	आदिवासी जनजाति विषयलाई प्रचारप्रसार गर्ने सञ्चार माध्यमलाई संरक्षण र सम्वर्द्धन गर्ने ।	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	लागू भएको ।
१८	लोपोन्मुख राउटे समुदायका संरक्षित क्षेत्र कायम गर्ने	नेपाल सरकार	कार्यान्वयन नभएको
१९	विद्यालय शिक्षाको कक्षा ११ को पाठ्यक्रममा 'नेपाली समाज र सँस्कृति' विषय समावेश गर्ने ।	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	आंशिक रुपमा कार्यान्वयन भएको ।
२०	आदिवासी जनजाति पहिचानको लागि स्वघोषणा कार्यान्वयन गर्ने ।	आदिवासी जनजाति आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान	कार्यान्वयन भएको ।
२१	आदिवासी जनजातिका हक, अधिकार र संविधानसँग तादम्यता नभएका कानूनहरु संशोधन, खारेज र आवश्यकता अनुसार नयाँ कानून निर्माण गर्ने।	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, संघीय संसद र नेपाल सरकार	निरन्तर भैरहेको ।

७.२.४ आ.व. ०८०।८१ को वार्षिक प्रतिवेदनको सिफारिस र कार्यान्वयनको अवस्था

क्र.सं.	सिफारिसहरु	जिम्मेवार निकाय	कार्यान्वयनको अवस्था
१.	राज्यको नीति निर्माण र कार्यान्वयन गर्ने निकायमा अहिलेसम्म सहभागी हुन नसकेका अल्पसङ्ख्यक र लोपोन्मुख आदिवासी जनजाति समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न विशेष व्यवस्था गर्ने ।	प्रदेश सरकार	केही प्रदेशमा लागू भएको ।
२.	गरिबीको रेखामुनी रहेका आदिवासी जनजाति समुदायको पहिचान गरी तीनै तहका सरकारले विशेष गरिबी उन्मूलन कार्यक्रमहरु तयार गरी गरिबी निवारण गर्ने।	संघ, प्रदेश र स्थानीय सरकार	आंशिक रुपमा कार्यान्वयन भएको ।
३.	लोपोन्मुख तथा सिमान्तकृत आदिवासी जनजाति समुदायलाई शिक्षा र स्वास्थ्य सेवा निःशुल्क गर्ने।	प्रदेश सरकार	आंशिक रुपमा कार्यान्वयन भएको ।
४.	आदिवासी जनजातिको साँस्कृतिक सम्पदाको संरक्षण, अभ्यास र निरन्तरताका लागि उपयुक्त संरचना तयार गरी कार्यान्वयन गर्ने ।	प्रदेश सरकार	आंशिक रुपमा कार्यान्वयन भएको ।
५.	हरेक स्थानीय तहले आफ्नो विकास बजेटबाट आदिवासी जनजातिको जनसंख्याको एक तिहाइ बजेट आदिवासी जनजाति लक्षित कार्यक्रमको लागि विनियोजन गर्ने ।	स्थानीय सरकार	आंशिक रुपमा कार्यान्वयन भएको ।
६.	संविधान, कानून तथा अन्तर्राष्ट्रिय अनुबन्ध घोषणा, सम्झौता लगायतका अन्तर्राष्ट्रिय कानुनप्रदत्त आदिवासी जनजाति अधिकारका कार्यान्वयनको लागि आदिवासी जनजाति समुदाय र प्रदेश तथा पालिका कर्मचारी र जन प्रतिनिधिलाई प्रशिक्षण दिने कार्ययोजना तयार गरी लागू गर्ने ।	संघ, प्रदेश र स्थानीय सरकार	आंशिक रुपमा कार्यान्वयन भएको ।

आ.व. ०८१।८२ को वार्षिक प्रतिवेदनको सिफारिस र कार्यान्वयनको अवस्था

क्र.सं.	सिफारिसहरु	जिम्मेवार निकाय	कार्यान्वयनको अवस्था
१	आयोगको अध्ययन (२०८१) ले नेपालको सार्वजनिक निकायमा आदिवासी जनजातिको प्रतिनिधित्व ज्यादै न्यून देखाएको छ । शिक्षक सेवामा ११.३ र निजामति सेवामा १६.९ प्रतिशत मात्र प्रतिनिधित्व छ । जनगणना (२०७८) को तथ्याङ्क अनुसार ३४.८७ प्रतिशत आदिवासी जनजातिको लागि संविधानको प्रावधान अनुसार समानुपातिक समावेशीता सुनिश्चित गर्न विशेष नीति ल्याउने ।	संघ, प्रदेश र स्थानीय सरकार	आंशिक रुपमा कार्यान्वयन भएको ।
२	आयोगको कार्यसम्पादन नतिजा सरकारको कार्यसम्पादनसँग प्रत्यक्ष सम्बन्धित भएकोले आयोगले गरेको सिफारिस सरकारले कार्यान्वयन नगरेसम्म आयोगको कार्यसम्पादनले सार्थक नतिजा दिन सक्दैन । आयोगले गरेको सिफारिस कार्यान्वयन नहुँदा आदिवासी जनजाति समुदायको राज्य र सरकारप्रतिको विश्वास र अपनत्व नहुने भएकोले आयोगको सिफारिस कार्यान्वयनलाई सरकारी निकाय र पदाधिकारीको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउन आवश्यक कानुनी व्यवस्था गर्ने ।	संघ र प्रदेश सरकार	कार्यान्वयन नभएको

३	नेपाल सरकारले आदिवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणा पत्र (२००७) र अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धि नं. १६९ (ILO169) को हस्ताक्षर र अनुमोदन गरेकोले कार्यान्वयनको लागि आवश्यक पर्ने कानुन निर्माण गर्न सर्वोच्च अदालतको मिति २०८२ जेष्ठ २२ को फैसलाले समेत निर्देशन गरेकोले आदिवासी जनजातिको अधिकार र पहिचानसँग सम्बन्धित अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप आन्तरिक कानुन निर्माण गरी लागू गर्ने ।	संघीय सरकार	कार्यान्वयन नभएको
४	देशमा बेरोजगारीको समस्या बढ्दै गएको र वैदेशिक रोजगारीमा जाने अधिकांश युवाहरु आदिवासी जनजाति समुदायको रहेकोले उनीहरुलाई शिक्षा, रोजगारी, स्वास्थ्य र उद्यमशीलतालाई प्राथमिकता दिई स्वदेशमै रोजगार तथा स्वरोजगारका अवसरहरु सृजना गर्न तीनै तहका सरकारहरुले लक्षित कार्यक्रम सञ्चालन गर्ने ।	संघ, प्रदेश र स्थानीय सरकार	आंशिक रुपमा कार्यान्वयन भएको ।
५	आदिवासी जनजाति समुदायको समग्र विकासको लागि लक्षित नीति तथा कार्यक्रम संचालन गर्न उनीहरुको भाषिक, सांस्कृतिक, सामाजिक र आर्थिक सूचकाङ्कको छुट्टै तथ्यांक प्रणाली विकास गरी लागू गर्ने ।	संघ र प्रदेश सरकार	कार्यान्वयन नभएको
६	आदिवासी जनजाति नीति तथा कार्यक्रम कार्यान्वयनको लागि संविधान कानुन तथा अन्तर्राष्ट्रिय अनुवन्ध घोषणा, सम्झौता लगायतका अन्तर्राष्ट्रिय कानुनसँग सम्बन्धित आदिवासी जनजाति अधिकार नीति निर्माता जनप्रतिनिधि र कार्यान्वयन गर्ने कर्मचारीलाई अवगत हुन आवश्यक भएकोले उनीहरुको लागि अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।	संघ, प्रदेश र स्थानीय सरकार	कार्यान्वयन नभएको
७	आदिवासी जनजाति समुदायका जातीय संघ संस्थाहरुको दर्ता, सञ्चालन, व्यवस्थापन र अनुगमनको लागि विद्यमान कानुनी व्यवस्था अपर्याप्त भएकोले हालको जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्ने प्रावधानको सट्टा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा आदिवासी जनजातिसँग सम्बन्धित उपयुक्त निकाय स्थापना गरी उक्त संस्थालाई जिम्मेवारी दिने ।	संघ, प्रदेश र स्थानीय सरकार	कार्यान्वयन नभएको

आयोगको समस्या, चुनौति र आगामी कार्यदिशा

८.१ पृष्ठभूमि

संविधानले समानुपातिक प्रतिनिधित्व, समावेशीकरण तथा सहभागितामूलक शासन प्रणालीको परिकल्पना गरेको छ। पछिल्लो समय शासकीय संरचनाको विभिन्न तहहरुमा आदिवासी जनजातिहरुको सहभागिताको अवस्था विगतको तुलनामा केही सुधारोन्मुख देखिए तापनि राज्यको नीतिगत तहमा उनीहरुको प्रतिनिधित्व अत्यन्त न्यून रहेको तथ्य यस आयोगले गरेको अध्ययनले समेत पुष्टि गरेको छ । यस्तो अवस्थामा सारभूत समावेशीकरण र सहभागिता केवल नारामा मात्र सीमित हुन गई आर्थिक, राजनीति, तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका आदिवासी जनजातिहरूको अवस्थामा सुधार हुन नसकी मुलुक थप अशान्ति र पछौटेपनतर्फ धकेलिन सक्ने अवस्था देखिन्छ ।

आदिवासी जनजातिहरुको हक, अधिकारको संरक्षण, सम्वर्धन र उक्त समुदायको सशक्तीकरणको अभिभारा बोकेको अभिभावक संस्था आदिवासी जनजाति आयोग विभिन्न नीतिगत, कानूनी र संस्थागत जटिलताका कारण पूर्णरुपमा चलायमान हुन नसकेको अवस्था छ। यसबाट आदिवासी जनजाति समुदायले यस संस्थाबाट राखेको अपेक्षा र आयोगको कार्यसम्पादनबीच तालमेल नहुँदा आदिवासी जनजाति समुदायको राज्य र शासनप्रणाली प्रतिको अपनत्व र विश्वास नै कमजोर हुने अवस्था सृजना भएको छ। समष्टिगतरुपमा यस आयोगले कार्यसम्पादनको क्रममा भोगेका समस्या, चुनौतीहरु र समस्याहरु समाधानार्थ चाल्नुपर्ने कदमहरु सहितको सिफारिसहरुलाई बुँदागतरुपमा तल प्रस्तुत गरिएको छ ।

८.२ समस्या तथा चुनौतीहरु

आयोगलाई प्राप्त कानुनी अधिकार बाध्यकारी नभएको कारण प्रभावकारी कार्यान्वयनमा असर परेको छ र संवैधानिक मर्म अनुसार स्वायत्तता अनुभूत गर्न सकेको छैन । आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ (ङ) मा आदिवासी जनजाति समुदायको हक अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्ध उजुरी लिई सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था छ। आयोगलाई उजुरी संकलन गर्ने र संकलित उजुरीलाई सिफारिस गर्ने सामान्य अधिकार मात्र भएकोले सिफारिस कार्यान्वयन गर्ने निकायलाई जिम्मेवार बनाउन चुनौतीपूर्ण रहेको छ।

आदिवासी जनजातिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डलाई पूर्णरूपमा आन्तरिक कानुनमा हालसम्म पनि रूपान्तरण गर्न नसकिएको छैन । अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि नं. १६९ (ILO169-), आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र र जैविक विविधता सम्बन्धी महासन्धिलाई नेपाल सरकारले अनुमोदन गरेकोले आदिवासी जनजातिको अधिकारलाई कार्यान्वयन गर्न आदिवासी जनजाति आयोगको पञ्चवर्षीय रणनीतिक योजना (२०७८-०८३) र आयोगले तर्जुमा गरेको आदिवासी जनजातिको अधिकार र दिगो विकास कार्ययोजना, २०७९ यथाशिघ्र स्वीकृत गरी कार्यान्वयनका कार्यक्रम गर्न सरकार गम्भीर नभएकोले आदिवासी जनजातिको अधिकार संरक्षणमा समस्या रहेको छ ।

संविधानले परिपल्पना गरेको समानुपातिक सहभागिता सुनिश्चित गर्न समावेशीकरण सम्बन्धी एकीकृत नीति वन्न सकेको छैन । जसले गर्दा समावेशीकरण, समानुपातिक प्रतिनिधित्व र सशक्तीकरणसम्बन्धी नीतिहरू स्पष्ट, दीर्घकालीन र व्यवहारमै प्रभावकारी बन्न नसकेको अवस्था छ । आदिवासी जनजातिका भाषा, लिपि, शिक्षा, धर्म, सँस्कृति, प्रथा र परम्परा सम्बन्धी एकीकृत राष्ट्रिय नीति निर्माण गरी कार्यान्वयन गर्नु गराउनु अर्को चुनौती रहेको छ । यसले गर्दा आयोग र अन्य संवैधानिक निकायबीच कार्यक्षेत्र र अधिकार क्षेत्र स्पष्ट नहुदा समन्वय र सहकार्य गर्न समस्या रहेको छ ।

आदिवासी जनजातिको वैज्ञानिक अध्ययन गरी सूचीकरण अद्यावधिक हुन सकिएको छैन । आदिवासी जनजाति समुदायको परिचय, पहिचान र परिभाषाको सन्दर्भमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा भएको व्यवस्थालाई वर्तमान सन्दर्भमा परिमार्जन गरी आदिवासी जनजाति आयोग ऐन, २०७४ अनुसार पुन परिभाषित गरी मौजुदा सूचीमा परिमार्जन र सूचीकरण हुन आवेदन गरेका समुदायको विस्तृत रुपमा समाज वैज्ञानिक अध्ययन गर्न आवश्यक विज्ञ तथा वजेटको अभाव रहेको छ ।

आयोगले वार्षिक प्रतिवेदनहरुमार्फत संघ प्रदेश र स्थानीय सरकारलाई आदिवासी जनजातिको हक, अधिकारको संरक्षण र सम्बर्धन तथा उक्त समुदायको सशक्तीकरणसँग सम्बन्धित विषयहरुमा सिफारिसहरु गर्दै आएको छ। त्यसै गरी विभिन्न अध्ययन, अनुसन्धान तथा अनुगमनमार्फत पनि आयोगले सम्बन्धित निकायहरुलाई सुझावहरु कार्यान्वयनका लागि सिफारिस गर्दै आएको छ। यद्यपि सम्बन्धित निकायले आयोगका सिफारिसहरुलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने तत्परता नदेखाउँदा एकातिर आयोगकै कार्यसम्पादन नतिजामा प्रतिकूल असर पर्न गएको छ भने अर्कोतिर यसले समग्र आदिवासी जनजातिका हक अधिकारको संरक्षण, संवर्धन र उपभोग र सशक्तीकरणलाई कमजोर बनाएको छ ।

आयोगले मानव संसाधन, बजेट र प्रविधिगत क्षमता अपर्याप्त जस्ता समस्याहरु भोग्नु परेको अवस्था छ । आदिवासी जनजातिका भाषा, सँस्कृति, भेष-भूषा, रीतिरिवाज, चालचलन आदिमा बहुलता र विविधता छ। विविधताको मर्म अनुसार कार्य सम्पादन गर्न आवश्यक विषयगत विशेषज्ञता भएका दक्ष मानव संसाधन पर्याप्त नहुँदा आयोगको निर्धारित कार्यक्षेत्र बमोजिमको कार्य सम्पादन गर्न आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्नु आयोगलाई समस्या र चुनौती छ।

प्रदेश र स्थानीय तहमा आयोगको संरचनाको अभावले गर्दा प्रदेश र स्थानीय तहबीच समन्वय गर्न कठिन भएको छ । ऐनमा व्यवस्था भएपनि आयोगको प्रदेश कार्यालय हुन नसक्दा सबै प्रदेशमा आयोगको कार्य सम्पादन गर्न बाधा पुगेको र प्रादेशिक तहमा आदिवासी जनजातिका हक अधिकार तथा सशक्तीकरणका सवालहरुलाई संस्थागत गर्न चुनौतीपूर्ण देखिएको छ ।

आयोगभित्रै अध्ययन, अनुसन्धान, अनुगमन, नीति विश्लेषण जस्ता प्राविधिक अवस्था कमजोर रहेको छ । तथ्यांक संकलन, वर्गीकरण र उपयोगमा एकरूपता तथा अद्यावधिक प्रणालीको कमी छ । आयोगको आफ्नै भवन तथा पर्याप्त भौतिक पूर्वाधार नहुँदा दैनिक प्रशासनिक कामकाज, अभिलेख व्यवस्थापन गर्न, कर्मचारीलाई उपयुक्त कार्य वातावरण सिर्जना गर्नु चुनौतीपूर्ण रहेको छ ।

आयोगको वार्षिक बजेटको कार्यक्रम खर्च शीर्षकमा पर्याप्त बजेटको व्यवस्था नहुँदा अपेक्षित लक्ष्य तथा उद्देश्य पूरा गर्ने गरी कार्यक्रम संचालन गर्नु समस्या र चुनौती रहेको छ । नीतिहरूको कार्यान्वयनमा प्रभावकारी अनुगमन तथा मूल्यांकन हुन सकेको छैन ।

लक्षित कार्यक्रमहरू सबै आदिवासी जनजातिसम्म समान रूपमा पुग्न सकेको छैन । आदिवासी जनजाति समुदायको हक हित र अधिकारको संरक्षण तथा संवर्द्धनका कार्यक्रमलाई सरकारका तीनै तहमा संस्थागत र आन्तरिकीकरण गर्न, सरकारी तथा गैरसरकारी तवरबाट हुने आदिवासी जनजाति समुदाय लक्षित कार्यक्रममा एकरुपता ल्याउन नीतिगत र कार्यक्रमगत समन्वय गर्न पनि चुनौती छ ।

आदिवासी जनजातिसँग सम्बन्धित कार्यक्रमहरु एक भन्दा बढी निकायमा छरिएको, संरचनागत दोहोरोपना रहेको र सो र अनुरुप कानूनहरुमा समयानुकूल कानून निर्माण तथा संशोधन नहुँदा कानुन बमोजिम लागू गर्न वाध्य नहुने ।

आयोगले सम्पादन गर्नुपर्ने काम तथा जिम्मेवारीहरुको दायरा तथा फेहरिस्त ठूलो भएको तर सो अनुरुप अधिकार तथा स्रोत-साधन विनियोजन नहुँदा आयोगलाई तोकिएको जिम्मेवारी कुशलतापूर्वक वहन गर्न असहज भएको छ ।

आयोगको आगामी कार्यदिशा

९.१ पृष्ठभूमि

नेपालमा आदिवासी जनजातिको हक अधिकार संवैधानिक रूपमा सुनिश्चित गरिए तापनि यसको कार्यान्वयनबाट प्राप्त उपलब्धिको प्रभावकारिता अझै पनि कमजोर रहेको देखिन्छ । उनीहरूको सार्थक सहभागिता, नीति निर्माणमा प्रभावकारी भूमिका तथा नेतृत्व विकासका अवसरहरू सुनिश्चित गर्नु अहिलेको प्रमुख आवश्यकता हो । समावेशीकरणलाई केवल संख्यात्मक उपलब्धिमा सीमित नराखी गुणात्मक रूपमा प्रभावकारी बनाउन राजनीतिक प्रतिबद्धता, नीतिगत सुधार तथा संस्थागत पुनर्संरचनाका प्रयास आवश्यक छन्। यदि आदिवासी जनजातिको सशक्त प्रतिनिधित्व सुनिश्चित गरिएन भने संविधानले परिकल्पना गरेको समतामूलक समाज निर्माणको लक्ष्य अपूर्ण नै रहनेछ। आदिवासी जनजातिको सार्थक सहभागिता सुनिश्चित गर्नु केवल संवैधानिक दायित्व मात्र होइन, लोकतन्त्रको सुदृढीकरण, सामाजिक न्याय तथा दिगो विकासका लागि अनिवार्य हुन्छ । तसर्थ, नीति निर्माताहरू, अनुसन्धानकर्ता तथा सरोकारवालाहरूले समावेशीकरणलाई केवल सांकेतिक उपलब्धिको रूपमा मात्र नभई व्यवहारिक र प्रभावकारी रणनीतिका रूपमा स्थापित गरी दीर्घकालीन सुधारका उपायहरू अवलम्बन गर्न आवश्यक छ। यसै सन्दर्भमा संविधान तथा ऐन कानून प्रदत्त जिम्मेवारीको परिधिभित्र रही आदिवासी जनजाति समुदायको हक, अधिकारको संरक्षण, सम्वर्धन र ती समुदायको सशक्तीकरणको लागि आयोगका आगामी कार्यक्रम तथा क्रियाकलापहरु तल प्रस्तुत गरिएको छ।

९.१ आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन र राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गर्ने;

- आदिवासी जनजातिसँग सम्बन्धित विवरण सङ्कलन गरी अभिलेख निर्माण गर्ने
- आदिवासी जनजाति सम्बन्धी प्रकाशित सामग्रीहरु सङ्कलन गरी सङ्कलित सामग्रीको विधागत रुपमा समीक्षा गर्ने । समीक्षा प्रतिवेदनका आधारमा विधागत र विषयगत रुपमा अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजातिको अधिकारका लागि भएका प्रयासको अध्ययन गरी अभिलेखीकरण गर्ने,
- आदिवासी जनजाति राष्ट्रिय नीति तर्जुमा गर्ने र
- आदिवासी जनजातिको सूची तथा वर्गीकरण परिमार्जन सम्बन्धमा अध्ययन गर्ने।

९.२ आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संवर्द्धन सम्बन्धमा विद्यमान कानून,नीति तथा कार्यक्रम

कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र नयाँ कानून निर्माण तथा मौजुदा कानूनको परिमार्जनका लागि सिफारिस गर्ने;

- आदिवासी जनजातिसँग सरोकार राख्ने कानूनको पहिचान गर्ने,
- विद्यमान कानूनहरुको अध्ययन गरी सुधारको क्षेत्र र सम्बोधन हुन नसकेका विषयहरु पहिचान गर्ने,
- कानूनमा गर्नुपर्ने सुधारका विषय र थप नीतिगत रुपमा सम्बोधन गर्नुपर्ने विषय नेपाल सरकारलाई सिफारिस गर्ने,
- पहिचान भएका कार्यक्रमको कार्यान्वयन पक्षको अध्ययन, अनुगमन र मूल्याङ्कन गर्ने,
- आदिवासी जनजातिसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनको लागि आवश्यक संरचनाको अवस्था अध्ययन गर्ने,
- कार्यक्रम कार्यान्वयन सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिने र
- आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासहरूको अध्ययन गर्ने।

९.३ आर्थिक, सामाजिक विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गर्ने;

- परम्परागत प्रथा, ज्ञान, कला, सीपलाई संरक्षण संवर्द्धन गर्ने तथा सामाजिक, आर्थिक र भाषिक लगायतका विषयमा विशेष नीति तथा कार्यक्रम तर्जुमा गरी छलफल, गोष्ठी तथा अन्तक्रिया सञ्चालन गर्ने,
- आदिवासी जनजातिको साँस्कृतिक सम्पदामा आधारित पर्यटन प्रवर्द्धनका लागि सम्भाव्यता अध्ययन गर्ने,
- प्रादेशिक तथा स्थानीय तहका कार्यालयमा आदिवासी जनजाति भाषामा नागरिक वडापत्र तयार गरी लागू गर्न सम्बन्धित पक्षहरूसँग कार्यान्वयनको अवस्थाको विषयमा समन्वय गर्ने,
- आदिवासी जनजातिले परापूर्वकालदेखि वैयक्तिक र सामूहिक रुपमा भोगचलन गर्दै आएको भूमि, भू-क्षेत्रको स्वामित्व र नियन्त्रण स्थापित गर्ने सम्बन्धमा अध्ययन गर्ने,
- आदिवासी जनजातिको भूमिमा सञ्चालन हुने परियोजनामा उनीहरूको हिस्सेदारी एवं स्वतन्त्र र अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) को कार्यविधिको मस्यौदा तयार गरी कार्यान्वयनको लागि सिफारिस गर्ने,
- आदिवासी जनजातिको आर्थिक, सामाजिक र साँस्कृतिक विकासका लागि विशेष, स्वायत्त र संरक्षित क्षेत्र निर्धारणका लागि अध्ययन गर्ने ।

९.४ आदिवासी जनजाति समुदायको भौतिक तथा अभौतिक संस्कृति जगेर्ना र प्रवर्द्धन गर्ने;

- आदिवासी जनजाति समुदायको भौतिक र अभौतिक सँस्कृतिको पहिचान गरी वर्गीकरण गर्ने,
- आदिवासी जनजातिको पुर्ख्यौली उद्गमस्थलको पहिचान गर्ने,
- आदिवासी जनजातिको जीवित सङ्ग्रहालय स्थापनाको लागि अध्ययन गर्ने,
- साँस्कृतिक सम्पदा संरक्षण महासन्धी कार्यान्वयन सम्बन्धमा अनुगमन तथा सम्बन्धित निकायसँग छलफल गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- प्रदेश तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा आदिवासी जनजाति समुदायको साँस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धनका कार्यक्रम अघि बढाउने र
- विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रम/पाठ्यपुस्तकमा आदिवासी जनजातिसँग सम्बन्धित सम्पदाका विषयवस्तु समावेश गराउनका लागि सहकार्य गर्ने।

९.५ आदिवासी जनजातिको मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने;

- मानव अधिकार सम्बन्धी नेपाल पक्ष भएका आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, सम्झौताहरूको दायित्व कार्यान्वयनको अध्ययन गर्ने,
- आदिवासी जनजाति समुदायको अधिकार उलङ्घन सम्बन्धमा उजुरी सङ्कलन तथा अनुगमन गरी सम्बन्धित निकायमा कारवाहीका लागि सिफारिस गर्ने र
- आदिवासी जनजाति समुदायको अधिकार उलङ्घन सम्बन्धमा मानव अधिकार आयोग लगायत अन्य आयोगसँग सहकार्य गर्ने।

९.६ आयोगको सिफारिस कार्यान्वयन भए नभएको अनुगमन गर्ने;

- आयोगद्वारा नेपाल सरकार र सम्बन्धित निकायलाई दिइएको सिफारिस कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

९.७ आयोगको संस्थागत विकास गर्ने;

- स्थानीय तह लगायत त्यहाँ क्रियाशील जातीय तथा परम्परागत संघ संस्थासँग आवश्यक समन्वय र सहकार्य गर्न सबै स्थानीय तहसम्म आयोगको सम्पर्क स्थापना गर्ने,
- आयोगमा कार्यरत जनशक्तिहरूका लागि तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरी क्षमता विकास गर्ने,
- आयोगको आफ्नै भवनको व्यवस्थाका लागि पहल गर्ने,
- आयोगको प्रादेशिक सम्पर्क कार्यालय स्थापनाको पहल गर्ने,
- अन्तर्राष्ट्रिय अनुभव र असल अभ्यास आदान प्रदान गर्ने, र
- आदिवासी जनजाति सम्बद्ध क्रियाकलापमा स्थानीय सरकारसँग समन्वय गर्ने।

९.८ आदिवासी जनजातिका हक अधिकारको संरक्षण र सशक्तीकरण गर्न साझेदारी गर्ने,

- आदिवासी जनजातिको अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा क्रियाशील सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग कार्यगत समन्वय र साझेदारी गर्ने।
- आदिवासी जनजाति मामिलासँग सम्बन्धित अन्य मुलुकको सरकारी संयन्त्रसँग द्विपक्षीय समझदारी र सम्बन्ध स्थापित गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा आदिवासी ज्ञान, सीप र अनुभवहरुको आदान प्रदान गर्ने,
- अध्ययन अनुसन्धान कार्यमा बहुपक्षीय र द्विपक्षीय सहभागिता अभिवृद्धि गर्ने र
- अन्तर्राष्ट्रिय मञ्चहरुलाई आदिवासी जनजातिको अधिकारको संरक्षण, संवर्धन र कार्यान्वयनका पक्षमा उपयोग गर्ने।

९.९ अन्य

- गैर आदिवासी समुदायमा आदिवासी जनजातिका सवालहरुका ऐक्यबद्धता वृद्धि गर्न अन्तरक्रियात्मक कार्यक्रमहरु सञ्चालन गर्ने र
- साझा र समान बुझाई विकास गर्न सबै आदिवासी जनजाति तथा गैर आदिवासी जनजाति समुदायसँग समन्वय, सहकार्य र सहयोग विकास गर्ने।

आदिवासी जनजाति आयोग द्वारा आ.व. २०८२/२०८३ मा प्रेषित प्रेस विज्ञप्ती

क्र.स.	मिति	विषय	कैफियत
१.	२९ भाद्र २०८२	जेन जी आन्दोलन पश्चात आदिवासी जनजाति को मानव अधिकार संरक्षण सम्बन्धमा	
२.	३० असोज २०८२	हुम्ला जिल्ला निवासी टासी ल्हाजोमको जाति पहिचान माथि भएको दुर्व्यवहार सम्बन्धमा	
३.	१३ पौष २०८२	तत्काल उत्पन्न परिस्थितिबारे राजनीतिक दलका प्रमुखहरुसँग अन्तरक्रिया र दलहरुलाई गाम्भीर हुन आग्रह ।	
४.	२५ जेठ २०८३	नेपाल सरकारद्वारा प्रतिष्ठान, गुम्बा विकास लगायतका संस्थाहरुको खारेजी गर्ने निर्णय सच्चाउने वारे ध्यानाकर्षण ।	
५.	२३ असार २०८३	चितवन राष्ट्रिय निकुन्ज संरक्षित हात्तीको आक्रमणबाट वोट समुदायका २ सदस्यको ज्यान लिएको सम्बन्धी ध्यानाकर्षण ।	
६.	३२ असार२०८३	आयोगको सिफारिस कार्यान्वयनको अवस्था जानकारी सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूलाई ध्यानाकर्षण	

अनुसूची- १

१) आ.ब. २०८२/८३ को खर्चको फाटवारी (व.उ.शी. नं. २२८०००१३)

बजेट उपशीर्षक नम्बर: २२८०००१३ **आर्थिक वर्ष:** २०८२/८३

आयोजना/कार्यक्रम नाम: आदिवासी जनजाति आयोग **महिना:** असार

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि								
21112पारिश्रमिक पदाधिकारी					**६,०१४,३८१.००**	**६,०१४,३८१.००**	**४,७४८,१९६.००**	**१,२६६,१८५.००**	**६,०१४,३८१.००**	**0.00**	**६,०१४,३८१.००**	**0.00**
1.1.7.1अध्यक्ष	1100001-नेपाल सरकार	01-नगद			१,२०७,६१०.००	१,२०७,६१०.००	१,०२०,५१६.००	१८७,०९४.००	१,२०७,६१०.००	0.00	१,२०७,६१०.००	0.00
1.1.7.2सदस्य	1100001-नेपाल सरकार	01-नगद			४,४११,०८८.००	४,४११,०८८.००	३,७२७,६८०.००	६८३,४०८.००	४,४११,०८८.००	0.00	४,४११,०८८.००	0.00
1.1.8.1पदाधिकारीको संचित विदा	1100001-नेपाल सरकार	01-नगद			३९५,६८३.००	३९५,६८३.००	0.00	३९५,६८३.००	३९५,६८३.००	0.00	३९५,६८३.००	0.00
21142पदाधिकारी अन्य सुविधा					**९९८,३१७.००**	**९८०,०००.००**	**८२५,०००.००**	**१५५,०००.००**	**९८०,०००.००**	**0.00**	**९८०,०००.००**	**१८,३१७.००**
1.3.2.1पदाधिकारीको पोशाक खर्च	1100001-नेपाल सरकार	01-नगद			५०,०००.००	५०,०००.००	५०,०००.००	0.00	५०,०००.००	0.00	५०,०००.००	0.00
2.1.11.2संचार खर्च	1100001-नेपाल सरकार	01-नगद			५७,०००.००	४८,०००.००	४०,०००.००	८,०००.००	४८,०००.००	0.00	४८,०००.००	९,०००.००
8.1.4.1घर भाडा	1100001-नेपाल सरकार	01-नगद			८८२,०००.००	८८२,०००.००	७३५,०००.००	१४७,०००.००	८८२,०००.००	0.00	८८२,०००.००	0.00
8.1.4.2भवन मर्मत	1100001-नेपाल सरकार	01-नगद			९,३१७.००	0.00	0.00	0.00	0.00	0.00	0.00	९,३१७.००
21149पदाधिकारी अन्य भत्ता					**१००,०००.००**	**१००,०००.००**	**१००,०००.००**	**0.00**	**१००,०००.००**	**0.00**	**१००,०००.००**	**0.00**
1.2.12.1पदाधिकारीको लागि महंगी भत्ता	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	१००,०००.००	१००,०००.००	0.00	१००,०००.००	0.00	१००,०००.००	0.00
22211इन्धन (पदाधिकारी)					**१,१७९,२१९.००**	**१,१७९,२१९.००**	**९४२,७१९.००**	**२३६,५००.००**	**१,१७९,२१९.००**	**0.00**	**१,१७९,२१९.००**	**0.00**
2.2.1.1पेट्रोल- चार पाङ्ग्रे	1100001-नेपाल सरकार	01-नगद			१,१७९,२१९.००	१,१७९,२१९.००	९४२,७१९.००	२३६,५००.००	१,१७९,२१९.००	0.00	१,१७९,२१९.००	0.00
जम्मा					**८,२९१,९१७.००**	**८,२७३,६००.००**	**६,६१५,९१५.००**	**१,६५७,६८५.००**	**८,२७३,६००.००**	**0.00**	**८,२७३,६००.००**	**१८,३१७.००**

स्रोतगत जम्मा

1100001-नेपाल सरकार	**८,२९१,९१७.००**	**८,२७३,६००.००**	**६,६१५,९१५.००**	**१,६५७,६८५.००**	**८,२७३,६००.००**	**0.00**	**८,२७३,६००.००**	**१८,३१७.००**
01-नगद	८,२९१,९१७.००	८,२७३,६००.००	६,६१५,९१५.००	१,६५७,६८५.००	८,२७३,६००.००	0.00	८,२७३,६००.००	१८,३१७.००
जम्मा	**८,२९१,९१७.००**	**८,२७३,६००.००**	**६,६१५,९१५.००**	**१,६५७,६८५.००**	**८,२७३,६००.००**	**0.00**	**८,२७३,६००.००**	**१८,३१७.००**

तयार गर्ने : .....
नाम:
पद :
मिति :

पेस गर्ने : .....
नाम:
पद :
मिति :

प्रमाणित गर्ने: .....
नाम :
पद:
मिति :

2) आ.ब. २०८१/८२ को खर्चको फाँटवारी (व.उ.शी. नं. २२८०००११३)

बजेट उपशीर्षक नम्बरः २२८०००११३ **आर्थिक वर्षः** २०८२/८३

आयोजना/कार्यक्रम नामः आदिवासी जनजाति आयोग **महिनाः** असार

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि								
21111पारिश्रमिक कर्मचारी					**५,५००,०००.००**	**५,०७१,७०९.००**	**४,३२२,५२९.८०**	**७४९,१७९.२०**	**५,०७१,७०९.००**	**०.००**	**५,०७१,७०९.००**	**४२८,२९१.००**
1.1.1.3रा.प. प्रथम	1100001-नेपाल सरकार	01-नगद			९९५,०००.००	९०३,८०२.८०	८२६,७६१.००	७७,०४१.८०	९०३,८०२.८०	०.००	९०३,८०२.८०	९१,१९७.२०
1.1.1.4रा.प. द्वितीय	1100001-नेपाल सरकार	01-नगद			८७७,०००.००	७०९,१०७.००	५७३,२८५.६०	१३५,८२१.४०	७०९,१०७.००	०.००	७०९,१०७.००	१६७,८९३.००
1.1.1.5रा.प. तृतीय	1100001-नेपाल सरकार	01-नगद			१,६५५,०००.००	१,४८९,६९५.८०	१,२४५,१३२.८०	२४४,५६३.००	१,४८९,६९५.८०	०.००	१,४८९,६९५.८०	१६५,३०४.२०
1.1.1.6रा.प.अनं. प्रथम	1100001-नेपाल सरकार	01-नगद			१,९७३,०००.००	१,९६९,१०३.४०	१,६७७,३५०.४०	२९१,७५३.००	१,९६९,१०३.४०	०.००	१,९६९,१०३.४०	३,८९६.६०
21121पोशाक					**१००,०००.००**	**६०,०००.००**	**६०,०००.००**	**०.००**	**६०,०००.००**	**०.००**	**६०,०००.००**	**४०,०००.००**
1.3.1.1निजामती कर्मचारीहरुको पोशाक खर्च	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	६०,०००.००	६०,०००.००	०.००	६०,०००.००	०.००	६०,०००.००	४०,०००.००
21132महंगी भत्ता					**४०५,०००.००**	**४०५,०००.००**	**३४०,०००.००**	**६५,०००.००**	**४०५,०००.००**	**०.००**	**४०५,०००.००**	**०.००**
1.2.2.1स्थायी कर्मचारीको महंगी भत्ता	1100001-नेपाल सरकार	01-नगद			४०५,०००.००	४०५,०००.००	३४०,०००.००	६५,०००.००	४०५,०००.००	०.००	४०५,०००.००	०.००
21141पदाधिकारी बैठक भत्ता					**३३२,०००.००**	**२८४,०००.००**	**१७८,०००.००**	**१०६,०००.००**	**२८४,०००.००**	**०.००**	**२८४,०००.००**	**४८,०००.००**
1.2.11.1पदाधिकारी बैठक भत्ता	1100001-नेपाल सरकार	01-नगद			२००,०००.००	१७८,०००.००	१७८,०००.००	०.००	१७८,०००.००	०.००	१७८,०००.००	२२,०००.००
1.2.11.1पदाधिकारी बैठक भत्ता	1100001-नेपाल सरकार	02-नगद (आन्तरिक ऋण)			१३२,०००.००	१०६,०००.००	०.००	१०६,०००.००	१०६,०००.००	०.००	१०६,०००.००	२६,०००.००
21212योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च					**१००,०००.००**	**३४,६०१.०४**	**२८,८३४.२०**	**५,७६६.८४**	**३४,६०१.०४**	**०.००**	**३४,६०१.०४**	**६५,३९८.९६**
1.6.2.1कर्मचारीको योगदानमा आधारित निवृतभरण खर्च(कर्मचारी/पदाधिकारी सामाजिक सुरक्षा)	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	३४,६०१.०४	२८,८३४.२०	५,७६६.८४	३४,६०१.०४	०.००	३४,६०१.०४	६५,३९८.९६
21213योगदानमा आधारित बीमा कोष खर्च					**१००,०००.००**	**३२,४००.००**	**२७,२००.००**	**५,२००.००**	**३२,४००.००**	**०.००**	**३२,४००.००**	**६७,६००.००**
1.6.4.1कर्मचारीको योगदानमा आधारित बीम	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	३२,४००.००	२७,२००.००	५,२००.००	३२,४००.००	०.००	३२,४००.००	६७,६००.००
22111पानी तथा बिजुली					**२००,०००.००**	**१४९,०७९.६५**	**४२,९९८.६५**	**१०६,०८९.००**	**१४९,०७९.६५**	**०.००**	**१४९,०७९.६५**	**५०,९२०.३५**
2.1.2.1बिद्युत महसुल	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	१००,०००.००	०.००	१००,०००.००	१००,०००.००	०.००	१००,०००.००	०.००
2.1.3.1आरको पिउने पानी	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	४९,०७९.६५	४२,९९८.६५	६,०८१.००	४९,०७९.६५	०.००	४९,०७९.६५	५०,९२०.३५
22112संचार महसुल					**४००,०००.००**	**१२३,८७०.००**	**८४,५८०.००**	**३९,२९०.००**	**१२३,८७०.००**	**०.००**	**१२३,८७०.००**	**२७६,१३०.००**
2.1.6.1टेलिफोन महसुल	1100001-नेपाल सरकार	01-नगद			१५०,०००.००	१२,०००.००	१०,०००.००	२,०००.००	१२,०००.००	०.००	१२,०००.००	१३८,०००.००
2.1.7.1ईमेल/ इन्टरनेट/वेवसाइट महसुल	1100001-नेपाल सरकार	01-नगद			२५०,०००.००	१११,८७०.००	७४,५८०.००	३७,२९०.००	१११,८७०.००	०.००	१११,८७०.००	१३८,१३०.००
22212इन्धन (कार्यालय प्रयोजन)					**१,०००,०००.००**	**९६८,०९४.३०**	**६९६,८४६.९४**	**२७१,२३७.३६**	**९६८,०९४.३०**	**०.००**	**९६८,०९४.३०**	**३१,९०५.७०**
2.2.2.1पेट्रोल- चार पाङ्ग्रे	1100001-नेपाल सरकार	01-नगद			५०१,०००.००	५०१,०००.००	४४०,४९२.८१	६०,५०७.१९	५०१,०००.००	०.००	५०१,०००.००	०.००
2.2.2.2पेट्रोल- दुई पाङ्ग्रे	1100001-नेपाल सरकार	01-नगद			२९४,०००.००	२९३,४६३.१७	१६५,५७३.८०	१२७,८८९.३७	२९३,४६३.१७	०.००	२९३,४६३.१७	५३६.८३
2.2.2.6सचिवको इन्धन सुविधा	1100001-नेपाल सरकार	01-नगद			२०५,०००.००	१७३,६३१.१३	९०,७९०.३३	८२,८४०.८०	१७३,६३१.१३	०.००	१७३,६३१.१३	३१,३६८.८७

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि								
22213सवारी साधन मर्मत खर्च					**१,२००,०००.००**	**१,१९०,५७८.९३**	**८५०,००८.९३**	**३४०,५७०.००**	**१,१९०,५७८.९३**	**०.००**	**१,१९०,५७८.९३**	**९,४२१.०७**
2.3.1.2हुलुका सवारी साधन मर्मत खर्च	1100001-नेपाल सरकार 01-नगद				१,०५०,०००.००	१,०४९,९४९.९३	७४१,२३३.९३	३०८,७१६.००	१,०४९,९४९.९३	०.००	१,०४९,९४९.९३	५०.०७
2.3.1.3दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च	1100001-नेपाल सरकार 01-नगद				१५०,०००.००	१४०,६२९.००	१०८,७७५.००	३१,८५४.००	१४०,६२९.००	०.००	१४०,६२९.००	९,३७१.००
22214बीमा तथा नवीकरण खर्च					**७००,०००.००**	**२६३,६१६.१७**	**२३७,६४८.५०**	**२५,९६७.६७**	**२६३,६१६.१७**	**०.००**	**२६३,६१६.१७**	**४३६,३८३.८३**
2.9.1.1विमा	1100001-नेपाल सरकार 01-नगद				५७५,०००.००	२६३,६१६.१७	२३७,६४८.५०	२५,९६७.६७	२६३,६१६.१७	०.००	२६३,६१६.१७	३११,३८३.८३
2.9.4.1कार्यालयको वेभसाइट अपडेट तथा नवीकरण	1100001-नेपाल सरकार 01-नगद				१२५,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१२५,०००.००
22221मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च					**७००,०००.००**	**११८,४५५.००**	**७२,४३९.००**	**४६,०१६.००**	**११८,४५५.००**	**०.००**	**११८,४५५.००**	**५८१,५४५.००**
2.3.2.1कम्प्यूटर/ल्यापटप मर्मत खर्च	1100001-नेपाल सरकार 01-नगद				२८०,०००.००	४१,१३२.००	४१,१३२.००	०.००	४१,१३२.००	०.००	४१,१३२.००	२३८,८६८.००
2.3.2.2फोटोकपी/स्क्यानर मर्मत खर्च	1100001-नेपाल सरकार 01-नगद				२२०,०००.००	१,४६९.००	१,४६९.००	०.००	१,४६९.००	०.००	१,४६९.००	२१८,५३१.००
2.3.2.4एयर कन्डिसन मर्मत	1100001-नेपाल सरकार 01-नगद				२००,०००.००	७५,८५४.००	४६,०१६.००	७५,८५४.००	७५,८५४.००	०.००	७५,८५४.००	१२४,१४६.००
22311मसलन्द तथा कार्यालय सामाग्री					**१,३००,०००.००**	**१,१३५,०८०.८०**	**८३०,३६९.८०**	**३०४,७११.००**	**१,१३५,०८०.८०**	**०.००**	**१,१३५,०८०.८०**	**१६४,९१९.२०**
2.4.1.1कार्यालय सामान तथा सेवा	1100001-नेपाल सरकार 01-नगद				१,३००,०००.००	१,१३५,०८०.८०	८३०,३६९.८०	३०४,७११.००	१,१३५,०८०.८०	०.००	१,१३५,०८०.८०	१६४,९१९.२०
22314इन्धन - अन्य प्रयोजन					**१००,०००.००**	**११,४६०.००**	**११,४६०.००**	**०.००**	**११,४६०.००**	**०.००**	**११,४६०.००**	**८८,५४०.००**
2.2.3.6सवारी साधन बाहेकका मेशिनरी औजारमा प्रयोग हुने इन्धन खर्च	1100001-नेपाल सरकार 01-नगद				१००,०००.००	११,४६०.००	११,४६०.००	०.००	११,४६०.००	०.००	११,४६०.००	८८,५४०.००
22315पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च					**१,३००,०००.००**	**८५६,२७७.३०**	**५८८,७४९.३०**	**२६७,५२८.००**	**८५६,२७७.३०**	**०.००**	**८५६,२७७.३०**	**४४३,७२२.७०**
2.4.12.1छपाई खर्च	1100001-नेपाल सरकार 01-नगद				४००,०००.००	३२४,७४९.००	३२४,७४९.००	०.००	३२४,७४९.००	०.००	३२४,७४९.००	७५,२५१.००
2.4.12.3आयोगको प्रोफायल, रणनीतिक योजना, वार्षिक प्रतिवेदन र आदिवासी जनजातिको मानव अधिकार उल्लङ्घनको उजुरी र सो उपर भएका कारवाहीको वर्ष पुस्तिका लगायतका सामाग्री छपाई तथा प्रकाशन र विरतण	1100001-नेपाल सरकार 01-नगद				७२०,०००.००	४३३,७४९.३०	१८३,७४९.३०	२५०,०००.००	४३३,७४९.३०	०.००	४३३,७४९.३०	२८६,२५०.७०
2.4.13.1पत्रपत्रिका तथा पुस्तिका	1100001-नेपाल सरकार 01-नगद				१००,०००.००	८६,०२७.००	६८,४९९.००	१७,५२८.००	८६,०२७.००	०.००	८६,०२७.००	१३,९७३.००
2.4.14.2सूचना प्रकाशन	1100001-नेपाल सरकार 01-नगद				८०,०००.००	११,७५२.००	११,७५२.००	०.००	११,७५२.००	०.००	११,७५२.००	६८,२४८.००
22411सेवा र परामर्श खर्च					**१,९००,०००.००**	**१,३५०,७५१.००**	**६४२,२९७.००**	**७०८,४५४.००**	**१,३५०,७५१.००**	**०.००**	**१,३५०,७५१.००**	**५४९,२४९.००**
2.5.2.33विकास परियोजना संचालन गर्दा आदिवासी जनजाति समुदायको स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी (FPIC)को सुनिश्चितताको सम्बन्धमा एकरुपता कायम गर्न कार्यविधि तर्जुमा गर्ने	1100001-नेपाल सरकार 01-नगद				२००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	२००,०००.००
2.5.2.34आयोगको प्रकाशनको सम्पादन Peer review आदि	1100001-नेपाल सरकार 01-नगद				२००,०००.००	१९६,०००.००	१०,०००.००	१८६,०००.००	१९६,०००.००	०.००	१९६,०००.००	४,०००.००
2.5.2.35आदिवासी जनजाति समुदायको समग्र स्थितिको समाज वैज्ञानिक अध्ययन गर्ने।	1100001-नेपाल सरकार 01-नगद				९२८,०००.००	७२६,७५९.००	२१५,३०५.००	५११,४५४.००	७२६,७५९.००	०.००	७२६,७५९.००	२०१,२४१.००
2.5.2.36जनवादी गणतन्त्र चीनको राष्ट्रिय जातिय मामिला आयोगसँग भएको समझदारीपत्र बमोजिम आदिवासी जनजाति समुदायको शैक्षिक तथा सांस्कृतिक विकास सम्बन्धमा आवश्यक कियाकलाप गर्ने।	1100001-नेपाल सरकार 01-नगद				५००,०००.००	४२७,९९२.००	४१६,९९२.००	११,०००.००	४२७,९९२.००	०.००	४२७,९९२.००	७२,००८.००
2.5.2.37आन्तरिक नियन्त्रण दिग्दर्शन/कार्यविधि तर्जुमा गर्ने	1100001-नेपाल सरकार 01-नगद				७२,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	७२,०००.००
22413करार सेवा शुल्क					**७,७००,०००.००**	**७,५९२,४९८.००**	**६,४९२,७४६.००**	**१,०९९,७५२.००**	**७,५९२,४९८.००**	**०.००**	**७,५९२,४९८.००**	**१०७,५०२.००**
2.5.7.1सवारी चालक	1100001-नेपाल सरकार 01-नगद				२,५२९,०००.००	२,५२२,६९२.००	२,१३६,१२४.००	३८६,५६८.००	२,५२२,६९२.००	०.००	२,५२२,६९२.००	१६,३०८.००
2.5.7.2कार्यालय सहयोगी	1100001-नेपाल सरकार 01-नगद				१,९२९,०००.००	१,८३९,७४०.००	१,५९२,७२०.००	२४७,०२०.००	१,८३९,७४०.००	०.००	१,८३९,७४०.००	८९,२६०.००
2.5.7.3करारका नायि पोसाक	1100001-नेपाल सरकार 01-नगद				२००,०००.००	२००,०००.००	२००,०००.००	०.००	२००,०००.००	०.००	२००,०००.००	०.००
2.5.7.4स्वीपर	1100001-नेपाल सरकार 01-नगद				३२२,०००.००	३२१,१२६.००	२७१,७२२.००	४९,४०४.००	३२१,१२६.००	०.००	३२१,१२६.००	८७४.००

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि								
2.5.7.8कम्प्यूटर अपरेटर	1100001-नेपाल सरकार	01-नगद			४५२,०००.००	४५१,४९०.००	३८२,०३०.००	६९,४६०.००	४५१,४९०.००	०.००	४५१,४९०.००	५१०.००
2.5.7.9पदाधिकारी-निजी सहायक	1100001-नेपाल सरकार	01-नगद			२,२५८,०००.००	२,२५७,४५०.००	१,९१०,१५०.००	३४७,३००.००	२,२५७,४५०.००	०.००	२,२५७,४५०.००	५५०.००
22511कर्मचारी तालिम खर्च					**१००,०००.००**	**७६,३६०.००**	**३३०.००**	**७६,०३०.००**	**७६,३६०.००**	**०.००**	**७६,३६०.००**	**२३,६४०.००**
2.6.2.1क्षमता विकास	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	७६,३६०.००	३३०.००	७६,०३०.००	७६,३६०.००	०.००	७६,३६०.००	२३,६४०.००
22512सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च					**४००,०००.००**	**२५३,९०६.००**	**०.००**	**२५३,९०६.००**	**२५३,९०६.००**	**०.००**	**२५३,९०६.००**	**१४६,०९४.००**
2.6.5.2जनचेतना तालीम	1100001-नेपाल सरकार	01-नगद			२००,०००.००	१९९,७०६.००	०.००	१९९,७०६.००	१९९,७०६.००	०.००	१९९,७०६.००	२९४.००
2.6.6.1योजना तर्जुमा तथा समीक्षा गोष्ठी	1100001-नेपाल सरकार	01-नगद			२००,०००.००	५४,२००.००	०.००	५४,२००.००	५४,२००.००	०.००	५४,२००.००	१४५,८००.००
22522कार्यक्रम खर्च					**३,४००,०००.००**	**२,४९२,८०७.८५**	**२,१४१,३०५.८५**	**३५१,५०२.००**	**२,४९२,८०७.८५**	**०.००**	**२,४९२,८०७.८५**	**९०७,१९२.१५**
2.7.25.5प्रदेश तथा स्थानीय तहहरुसंगको समन्वय र सहकार्यमा आदिवासी जनजाति समुदायका महिलाको परम्परागत ज्ञानको संरक्षण प्रवर्द्धन र पुस्तान्तरण सम्बन्धी ज्ञानमूलक कार्यक्रम सञ्चालन गर्ने	1100001-नेपाल सरकार	01-नगद			३५०,०००.००	३३४,०१०.००	३०८,६५५.००	२५,३५५.००	३३४,०१०.००	०.००	३३४,०१०.००	१५,९९०.००
2.7.7.1आदिवासी जनजाति सम्बन्धमा प्रकाशित भएका सामग्रीहरुको संङ्कलन गर्ने	1100001-नेपाल सरकार	01-नगद			१२०,०००.००	२,४००.००	२,४००.००	०.००	२,४००.००	०.००	२,४००.००	११७,६००.००
2.7.7.13आदिवासी जनजाति समुदायको अधिकार उत्थान सम्बन्धमा उत्तरी संङ्कलन तथा अनुगमन गर्ने	1100001-नेपाल सरकार	01-नगद			५०,०००.००	५०,०००.००	०.००	५०,०००.००	५०,०००.००	०.००	५०,०००.००	०.००
2.7.7.17स्थानीय तह र सरोकारवाला संघ/संस्था संग समपर्क र सहकार्य गर्ने	1100001-नेपाल सरकार	01-नगद			७०,०००.००	२६,७८१.००	०.००	२६,७८१.००	२६,७८१.००	०.००	२६,७८१.००	४३,२१९.००
2.7.7.20आयोगको वार्षिक उत्सव र विश्व आदिवासी दिवस मनाउने	1100001-नेपाल सरकार	01-नगद			४००,०००.००	३९६,२१९.८५	३९६,२१९.८५	०.००	३९६,२१९.८५	०.००	३९६,२१९.८५	३,७८०.१५
2.7.7.25आदिवासी जनजाति राष्ट्रिय ज्ञान सम्मेलन आयोजना गर्ने	1100001-नेपाल सरकार	01-नगद			३००,०००.००	१५४,०८४.००	१५४,०८४.००	०.००	१५४,०८४.००	०.००	१५४,०८४.००	१४५,९१६.००
2.7.7.26आदिवासी जनजातिहरुको अधिकार सम्बन्धमा मानव अधिकार लगायत अन्य आयोगहरुसंग समन्वय र सहकार्य गर्ने	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	७१,२००.००	७१,२००.००	०.००	७१,२००.००	०.००	७१,२००.००	२८,८००.००
2.7.7.31भाषा दलक (२०२२-२०३२) को लागि सम्बद्ध निकाय बिच समन्वयात्मक कार्यहरु गर्ने	1100001-नेपाल सरकार	01-नगद			१५०,०००.००	१३३,८६४.००	१३३,८६४.००	०.००	१३३,८६४.००	०.००	१३३,८६४.००	१६,१३६.००
2.7.7.32खुल्ला जातीय (Ethini) जीवित संग्रहालय स्थापना सम्बन्धी कियाकलाप	1100001-नेपाल सरकार	01-नगद			२००,०००.००	१९०,२२५.००	१३०,३७५.००	५९,८५०.००	१९०,२२५.००	०.००	१९०,२२५.००	९,७७५.००
2.7.7.34अभौतिक सांस्कृतिक सम्पदाको सूचीकरण तथा नमुना सांस्कृतिक सम्पदा गाउँ सम्बन्धमा स्थानीय र प्रदेश तहको सहकार्यमा चेतनामूलक अन्तरकिया कार्यक्रम सञ्चालन गर्ने ।	1100001-नेपाल सरकार	01-नगद			६००,०००.००	५८१,५३७.००	५८१,५३७.००	०.००	५८१,५३७.००	०.००	५८१,५३७.००	१८,४६३.००
2.7.7.35आदिवासी जनजाति अधिकार कार्यान्वयन सम्बन्धमा संयुक्त राष्ट्र संघ तथा सम्बन्धित एजेन्सीसंग समन्वय गर्ने ।	1100001-नेपाल सरकार	01-नगद			१५०,०००.००	५५,६५२.००	०.००	५५,६५२.००	५५,६५२.००	०.००	५५,६५२.००	९४,३४८.००
2.7.7.37आयोगले गरेका सिफारिस कार्यान्वयन सम्बन्धमा विद्यायक तथा नीति	1100001-नेपाल सरकार	01-नगद			७५,०००.००	६४,४१०.००	६४,४१०.००	०.००	६४,४१०.००	०.००	६४,४१०.००	१०,५९०.००
2.7.7.392.7.25.6 संयुक्त राष्ट्रसंघका हरेक वर्ष हुने United Nations Permanent Forum on Indigenous Issues (UN-FPII) को अन्तराष्ट्रिय सम्मेलनमा पदाधिकारीको तर्फबाट एक जना र कर्मचारी तर्फबाट एक जनाको सहभागिता	1100001-नेपाल सरकार	01-नगद			८३५,०००.००	४३२,४२५.००	४३२,४२५.००	०.००	४३२,४२५.००	०.००	४३२,४२५.००	४०२,५७५.००
22611अनुगमन, मूल्यांकन खर्च					**१,७००,०००.००**	**१,३११,७३०.२५**	**९८२,५०५.२५**	**३२९,२२५.००**	**१,३११,७३०.२५**	**०.००**	**१,३११,७३०.२५**	**३८८,२६९.७५**
2.8.1.1अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च	1100001-नेपाल सरकार	01-नगद			१,७००,०००.००	१,३११,७३०.२५	९८२,५०५.२५	३२९,२२५.००	१,३११,७३०.२५	०.००	१,३११,७३०.२५	३८८,२६९.७५
22711विविध खर्च					**२,४००,०००.००**	**९१९,७५१.९०**	**७७२,४१५.९०**	**१४७,३३६.००**	**९१९,७५१.९०**	**०.००**	**९१९,७५१.९०**	**१,४८०,२४८.१०**
2.9.6.1बैठकको लागि खाजा खर्च	1100001-नेपाल सरकार	01-नगद			१,१००,०००.००	२४३,३८३.२०	१९२,४२०.२०	५०,९६३.००	२४३,३८३.२०	०.००	२४३,३८३.२०	८५६,६१६.८०
2.9.9.1अन्य विविध खर्च	1100001-नेपाल सरकार	01-नगद			१,३००,०००.००	६७६,३६८.७०	५७९,९९५.७०	९६,३७३.००	६७६,३६८.७०	०.००	६७६,३६८.७०	६२३,६३१.३०
जम्मा					**३१,०३७,०००.००**	**२४,७०२,०२७.१९**	**१९,४०३,२७५.१२**	**५,२९८,७५२.०७**	**२४,७०२,०२७.१९**	**०.००**	**२४,७०२,०२७.१९**	**६,३३४,९७२.८१**

स्रोतगत जम्मा

1100001-नेपाल सरकार	३०,९०५,०००.००	२४,५९६,०२७.१९	१९,४०३,२७५.१२	५,१९२,७५२.०७	२४,५९६,०२७.१९	०.००	२४,५९६,०२७.१९	६,३०८,९७२.८१
01-नगद	३०,९०५,०००.००	२४,५९६,०२७.१९	१९,४०३,२७५.१२	५,१९२,७५२.०७	२४,५९६,०२७.१९	०.००	२४,५९६,०२७.१९	६,३०८,९७२.८१
1100001-नेपाल सरकार	**१३२,०००.००**	**१०६,०००.००**	**०.००**	**१०६,०००.००**	**१०६,०००.००**	**०.००**	**१०६,०००.००**	**२६,०००.००**
02-नगद (आन्तरिक ऋण)	१३२,०००.००	१०६,०००.००	०.००	१०६,०००.००	१०६,०००.००	०.००	१०६,०००.००	२६,०००.००
जम्मा	**३१,०३७,०००.००**	**२४,७०२,०२७.१९**	**१९,४०३,२७५.१२**	**५,२९८,७५२.०७**	**२४,७०२,०२७.१९**	**०.००**	**२४,७०२,०२७.१९**	**६,३३४,९७२.८१**

तयार गर्ने : .....
नाम:
पद :
मिति :

पेस गर्ने : .....
नाम:
पद :
मिति :

प्रमाणित गर्ने: .....
नाम :
पद:
मिति :

अनुसूची- २

३) आ.ब. २०८१/८२ को खर्चको फाँटवारी (व.उ.शी. नं. २२८०००११४)

बजेट उपशीर्षक नम्बरः २२८०००११४

आयोजना/कार्यक्रम नामः आदिवासी जनजाति आयोग

आर्थिक वर्षः २०८२/८३

महिनाः असार

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि								
31121सवारी साधन					४००,०००.००	३९३,९००.००	३९३,९००.००	०.००	३९३,९००.००	०.००	३९३,९००.००	८६,१००.००
11.3.2.3स्कुटर	1100001-नेपाल सरकार	01-नगद			४००,०००.००	३९३,९००.००	३९३,९००.००	०.००	३९३,९००.००	०.००	३९३,९००.००	८६,१००.००
31122मेशिनरी तथा औजार					१,२००,०००.००	८६५,०८९.००	८२३,२७९.००	४१,८१०.००	८६५,०८९.००	०.००	८६५,०८९.००	३३४,९११.००
11.3.7.11प्रोजेक्टर	1100001-नेपाल सरकार	01-नगद			५०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	५०,०००.००
11.3.7.3कम्प्युटर	1100001-नेपाल सरकार	01-नगद			२००,०००.००	१९६,९५९.००	१९६,९५९.००	०.००	१९६,९५९.००	०.००	१९६,९५९.००	३,०४१.००
11.3.7.4प्रिन्टर	1100001-नेपाल सरकार	01-नगद			३००,०००.००	१४३,८१०.००	१०२,०००.००	४१,८१०.००	१४३,८१०.००	०.००	१४३,८१०.००	१५६,१९०.००
11.3.7.5ल्याप्टप	1100001-नेपाल सरकार	01-नगद			५३०,०००.००	५२४,३२०.००	५२४,३२०.००	०.००	५२४,३२०.००	०.००	५२४,३२०.००	५,६८०.००
11.3.7.6हिटर	1100001-नेपाल सरकार	01-नगद			६०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	६०,०००.००
11.3.7.7पंखा	1100001-नेपाल सरकार	01-नगद			६०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	६०,०००.००
31123फर्निचर तथा फिक्चर्स					३००,०००.००	२२०,८५७.००	२२०,८५७.००	०.००	२२०,८५७.००	०.००	२२०,८५७.००	७९,१४३.००
11.6.13.1फर्निचर तथा फिक्चर्स	1100001-नेपाल सरकार	01-नगद			३००,०००.००	२२०,८५७.००	२२०,८५७.००	०.००	२२०,८५७.००	०.००	२२०,८५७.००	७९,१४३.००
31161निर्मित भवनको संरचनात्मक सुधार खर्च					२००,०००.००	८३,२६९.००	८३,२६९.००	०.००	८३,२६९.००	०.००	८३,२६९.००	११६,७३१.००
11.5.42.1निर्मित भवनको संरचनात्मक सुधार खर्च	1100001-नेपाल सरकार	01-नगद			२००,०००.००	८३,२६९.००	८३,२६९.००	०.००	८३,२६९.००	०.००	८३,२६९.००	११६,७३१.००
जम्मा					२,१००,०००.००	१,४८३,११५.००	१,४४१,३०५.००	४१,८१०.००	१,४८३,११५.००	०.००	१,४८३,११५.००	६१६,८८५.००

स्रोतगत जम्मा

1100001-नेपाल सरकार					२,१००,०००.००	१,४८३,११५.००	१,४४१,३०५.००	४१,८१०.००	१,४८३,११५.००	०.००	१,४८३,११५.००	६१६,८८५.००
01-नगद					२,१००,०००.००	१,४८३,११५.००	१,४४१,३०५.००	४१,८१०.००	१,४८३,११५.००	०.००	१,४८३,११५.००	६१६,८८५.००
जम्मा					२,१००,०००.००	१,४८३,११५.००	१,४४१,३०५.००	४१,८१०.००	१,४८३,११५.००	०.००	१,४८३,११५.००	६१६,८८५.००

तयार गर्ने : .....
नामः
पद :
मिति :

पेस गर्ने : .....
नामः
पद :
मिति :

प्रमाणित गर्नेः .....
नाम :
पदः
मिति :

अनुसूची- ३
आ.व २०८२।८३ का लागि स्वीकृत कार्यक्रम

1. अभौतिक सांस्कृतिक सम्पदाको सूचीकरण तथा नमूना सांस्कृतिक सम्पदा गाउँ सम्बन्धमा स्थानीय र प्रदेश तहको सहकार्यमा चेतनामूलक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने
2. संयुक्त राष्ट्रसंघका हरेक वर्ष हुने United Nations Permanent Forum on Indigenous Issues (UN-FPII) को अन्तराष्ट्रिय सम्मेलनमा पदाधिकारीको तर्फबाट एक जना र कर्मचारीको तर्फबाट एकजनाको सहभागिता ।
3. जनवादी गणतन्त्र चीनको राष्ट्रिय जातिय मामिला आयोगसँग भएको सम्झौतापत्र बमोजिम आदिवासी जनजाति समुदायको शैक्षिक तथा सांस्कृतिक विकास सम्बन्धमा आवश्यक क्रियाकलाप गर्ने
4. आदिवासी जनजाति समुदायको समग्र स्थितिको समाज बैज्ञानिक अध्ययन गर्ने
5. भाषा दशक (२०२२-२०३२) को लागि सम्बद्ध निकाय बीच समन्वयात्मक कार्यहरु गर्ने ।
6. प्रदेश तथा स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा आदिवासी जनजाति समुदायका महिलाको परम्परागत ज्ञानको संरक्षण प्रवर्द्धन र पुस्तान्तरण सम्बन्धी ज्ञानमूलक कार्यक्रम सञ्चालन गर्ने ।
7. योजना तर्जुमा तथा समीक्षा गोष्ठी ।
8. आयोगको वार्षिक उत्सव र विश्व आदिवासी दिवस मनाउने ।
9. आदिवासी जनजातिहरुको प्रदेश स्तरीय खुल्ला जीवित जातीय सङ्ग्रहालय स्थापनाको लागि स्थान पहिचान गर्ने ।
10. आदिवासी जनजाति राष्ट्रिय ज्ञान सम्मेलन सम्मेलन आयोजना गर्ने ।
11. आदिवासी जनजातिहरुको अधिकार समबन्धमा मानव अधिकार लगायत अन्य आयोगहरुसंग समन्वय र सहकार्य गर्ने ।
12. आदिवासी जनजातिका अन्तर्राष्ट्रिय अधिकारको विषय कार्यान्वयन गर्ने सम्बन्धमा संयुक्त राष्ट्र संघको सम्बन्धित एजेन्सी र अन्तर्राष्ट्रिय अन्तरसरकारी निकायसँग समन्वय गर्ने ।
13. स्थानीय तह र सरोकारवाला संघ/संस्थासँग सम्पर्क र सहकार्य गर्ने ।
14. आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन सम्बन्धमा उजुरी सङ्कलन तथा अनुगमन गर्ने ।
15. अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन ।

अनूसुची- ४
चीन र नेपालबीच भएको समझदारीपत्र

Memorandum of Understanding
between
the Indigenous Nationalities Commission of Nepal
and
the National Ethnic Affairs Commission of the People's Republic of China
on
Strengthening Friendly Cooperation

The Indigenous Nationalities Commission of Nepal and the National Ethnic Affairs Commission of the People's Republic of China (hereinafter referred to as the "Parties"), with a view to serving the development of Nepal-China Strategic Partnership of Cooperation Featuring Ever-lasting Friendship for Development and Prosperity, promoting cooperation in the field of ethnic affairs between the Parties, have reached the following understandings based on the principle of equality and reciprocity upon friendly consultation.

Article 1

The Parties agree that exchanges and cooperation between the two countries in the field of ethnic affairs will serve the sustainable development of Nepal-China Strategic Partnership of Cooperation Featuring Ever-lasting Friendship for Development and Prosperity, promote broader cooperation, enhance the well-being of the peoples, and contribute to the building of a community with a shared future for mankind.

Article 2

The Parties agree to strengthen inter-departmental exchanges and cooperation based on respective national conditions and under the existing legal frameworks of the two countries, deepen the exchange of experience in the governance of ethnic affairs, continuously enhance mutual understanding and friendly relations. The Parties also agree to support the implementation of various forms of exchanges and cooperation in the fields of education, academics, culture, art, and youth in ethnic affairs.

Article 3

The Parties agree to cooperate under appropriate conditions in the following areas:

(1) Arrange delegations to pay exchange visits in due course, based on the principle of mutual respect and friendly communication;

(2) Strengthen exchanges and cooperation in the areas of ethnic affairs.

(3) Strengthen exchanges and cooperation in promoting, preserving and innovating development of ethnic cultures, and tourism in ethnic areas, organize cultural exchange activities such as exhibitions, performances and screenings in Nepal and China;

(4) Invite each other to participate in ethnic affairs-themed international conferences, forums, seminars, etc.;

(5) Support educational institutions of the two parties in organizing youth, teaching and academic exchange activities;

(6) Other projects agreed upon by the Parties in writing.

Article 4

In order to ensure that activities are carried out effectively, the Parties shall engage in appropriate communication and negotiation on a case-by-case basis and keep each other informed of the progress of the activities.

Article 5

The relevant costs involved in Article 3 of this Memorandum of Understanding (MOU) shall be agreed upon by the Parties on a case-by-case basis.

Article 6

This MOU does not constitute a treaty between the two countries and does not create any rights or obligations under international law for the Parties.

Article 7

Any dispute arising out of the interpretation or execution of this MOU shall be resolved by the Parties through amicable negotiation.

Article 8

This MOU shall enter into force on the date of signature and shall remain in force for a period of five years. Either Party may terminate this MOU by giving three months' written notice to the other Party through diplomatic channels. This MOU shall be terminated 30 days after the date of receipt of such notice by the other Party. Subject to the written consent of the Parties, this MOU may be renewed two months prior to the expiration of this MOU.

IN WITNESS WHEREOF, the undersigned have signed this MOU on this day [February 25, 2025] in duplicate in the Chinese and English languages, both texts being equally authentic. In case of discrepancy in interpretation, the English text shall prevail.

Representative of Indigenous Nationalities Commission of Nepal	Representative of National Ethnic Affairs Commission of the People's Republic of China
Ram Bahadur Thapa Magar	

आदिवासी जनजाति आयोग
INDIGENOUS NATIONALITIES COMMISSION
पुल्चोक, ललितपुर

पत्र संख्या : ०८२/८३
चलानी नं. : ४३१

मितिः २०८३।०३।३२

सम्माननीय प्रधानमन्त्री बालेन्द्र शाहज्यू,
प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार,काठमाडौं ।

विषयः <u>सिफारिस कार्यान्वयनको अवस्था जानकारी सम्बन्धमा।</u>

सम्माननीय प्रधानमन्त्रीज्यू,

आदिवासी जनजाति समुदायको हक अधिकार संरक्षण र सम्बर्धनको लागि संविधानको धारा २६१ मा संवैधानिक निकाय आदिवासी जनजाति आयोगको व्यवस्था गरिएको हो। सोही बमोजिम स्थापित आयोगले संविधान, आदिवासी जनजाति आयोग ऐन २०७४, अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा सम्झौता र संयुक्त राष्ट्रसंघीय घोषणापत्र बमोजिम कार्य सम्पादन गर्दै आएको व्यहोरा जानकारी गराउँदछु ।

संविधानको धारा २९४ (१) मा संवैधानिक निकायले आफूले गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नु पर्ने र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन संघीय संसदसमक्ष पेश गर्न लगाउने व्यवस्था छ। संसदमा पेश गरिएको प्रतिवेदनमाथि आयोगको पदाधिकारीसहित छलफल गरी आवश्यक कार्यान्वयनको लागि सरकारलाई निर्देशन दिने परम्परा रहि आएको छ। सोही अनुसार आदिवासी जनजाति आयोगले सरकारले कार्यान्वयन गर्नु पर्ने ८४ वटा सिफारिससहित राष्ट्रपति समक्ष आयोगको ५ वटा वार्षिक प्रतिवेदन पेश गरिसकेको छ। तर, प्रतिवेदनमाथि गहन छलफल गरी सिफारिस कार्यन्वयनको लागि संसदबाट आवश्यक निर्देशन नहुँदा आयोगले गरेको सिफारिस १० प्रतिशत पनि कार्यान्वयन नभएकोले आयोगको प्रभावकारीता र आयोगप्रति सरकारको दृष्टिकोणमा सम्बन्धित निकाय र समुदायले गुनासो गर्न थालेको जानकारी गराउँदछु।

त्यसैगरी, आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ (क), (ख), (ग) र (घ) मा आदिवासी जनजाति समुदायको हक हित संरक्षण र सशक्तिकरणको लागि नीति तथा कार्यक्रम तर्जुमागरी कार्यन्वयनको लागि सरकारलाई सिफारिस गर्ने व्यवस्था रहेको छ। सोही बमोजिम आयोगले आदिवासी जनजाति अधिकार र दिगो विकास कार्ययोजना, २०७९, आदिवासी जनजाति समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन-२०८०, अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक(सन् २०२२-२०३२) कार्यान्वयन कार्ययोजना, काठमाडौं-तराई/मधेस द्रुतमार्ग अध्ययन प्रतिवेदन-२०८२, जुगी (सतःछें बासिन्दा) समुदायको बसोबास समस्या समाधान प्रतिवेदन-२०८२, र आदिवासी जनजाति नमुना सांस्कृतिक सम्पदा गाउँ छनौट र जातीय खुल्ला जीवन्त सङ्ग्रहालय स्थापना तथा सञ्चालन सम्बन्धी नमूना कार्यविधि-२०७९ जस्ता महत्वपूर्ण प्रतिवेदन कार्यान्वयनको लागि सरकारलाई सिफारिस गरेको तर त्यसको कार्यान्वयन नहुँदा सम्बन्धित निकाय तथा समुदायले आयोग र सरकार समक्ष प्रश्न उठाएको र आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ (च) मा आयोगले गरेको सिफारिस अनुगमन गर्नु पर्ने कानूनी व्यवस्था भएकोले सरकारसमक्ष आयोगले वार्षिक प्रतिवेदन र विभिन्न अध्ययन प्रतिवेदन मार्फत गरिएका सिफारिस कार्यान्वयनको अवस्था आयोगलाई उपलब्ध गराई दिनु हुन आयोगको मिति २०८३।०३।३१ को निर्णयानुसार अनुरोध गर्दछु।

राम बहादुर थापामगर
अध्यक्ष

<u>सादर अवगतार्थः</u>
सम्माननीय सभामुख, प्रतिनिधि सभा।

टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : info@inc.gov.np

आदिवासी जनजाति आयोग
INDIGENOUS NATIONALITIES COMMISSION
पुल्चोक, ललितपुर

पत्र संख्या : ०८३/८४
चलानी नं. : ८६

मितिः २०८३।०५।२६

सम्माननीय प्रधानमन्त्री बालेन्द्र शाहज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

विषयः सिफारिस कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा यस आयोगको प.सं. ०८२/८३, च.नं. ४३१, मिति २०८३।०३।३२ को सिफारिस कार्यान्वयनको अवस्था जानकारी सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूलाई सम्बोधन गरि प्रेषित पत्र यहाँमा विदितै छ।

संविधानको धारा २९४ (१) मा संवैधानिक निकायले आफूले गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नु पर्ने र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने व्यवस्था छ। सोही अनुसार आदिवासी जनजाति आयोगले पाँचवटा प्रतिवेदन मार्फत सरकारले कार्यान्वयन गर्नु पर्ने ८४ वटा सिफारिससहित राष्ट्रपति समक्ष छैठौं वार्षिक प्रतिवेदन पेश गरेको थियो र सधै झै यसपटकपनि आ.व. २०८२/०८३ को प्रतिवेदन तयारी भइरहेको व्यहोरा अवगत गराउन चाहान्छु।

उक्त प्रतिवेदनमा आयोगले गरेको सिफारिसको कार्यान्वयनको अवस्था समेत उल्लेख गर्नु पर्ने भएकोले आयोगको मिति २०८३।०३।३१ को निर्णयानुसार आयोगद्वारा गरिएका सिफारिस कार्यान्वयनको अवस्था लगायत अन्य प्रतिवेदनहरुका सन्दर्भमा आयोगलाई जानकारी उपलब्ध गराउन अनुरोध गरिएकोमा हालसम्म कुनै सूचना प्राप्त नभएकोले सो को लिखित जानकारी ७ दिन भित्र उपलब्ध गराईदिनुहुन सादर अनुरोध गर्दछु।

राम बहादुर थापामगर
अध्यक्ष

टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : info@inc.gov.np

आदिवासी जनजाति आयोग
INDIGENOUS NATIONALITIES COMMISSION
पुल्चोक, ललितपुर

पत्र संख्या : ०८१।८३
चलानी नं. : ४३०

मितिः-२०८३/०३/३२

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
कोशी प्रदेश, विराटनगर।

विषयः- वार्षिक प्रतिवेदन माथि छलफल सम्वन्धमा।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २९४(१) वमोजिम संवैधानिक निकायहरुले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गरी प्रधानमन्त्री मार्फत संघीय संसदमा पेश गर्ने र त्यसरी पेश गरिएको प्रतिवेदन माथि संसदीय समितिमा छलफल गर्ने गराउने संसदीय अभ्यास रहेको छ। त्यसैगरी, धारा २९४(३)मा "**संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्वन्धमा अलगअलग प्रतिवेदन तयार गरि प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने**" व्यवस्था अनुसार यस आयोगले वार्षिक प्रतिवेदन कोशी प्रदेश प्रमुख समक्ष निरन्तर पेश गरिरहेको छ। त्यस प्रदेशमा पेश गरिएको आयोगको प्रतिवेदन माथि हाल सम्म छलफल नहुँदा आयोगद्वारा सम्पादित कामको वारेमा प्रदेशका जनप्रतिनिधिहरु तथा सरोकारवाला समक्ष सम्प्रेषित नभई आदिवासी जनजाति आयोगको काम कारवाही सम्वन्धमा जनताहरु सुसूचित हुनवाट वञ्चित भएकोले आयोगका प्रतिवेदन प्रदेश सभा वैठकमा छलफल गराई आदिवासी जनजातिका हक अधिकार संरक्षण र सम्वर्दनमा सहयोग गरिदिन हुन आयोगको मिति २०८३/०३/३१को निर्णयानुसार अनुरोध छ।

प्रदिप राज अधिकारी
सचिव

वोधार्थः
श्री प्रदेश सभा सचिवालय, कोशी प्रदेश,विराटनगर।

टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : info@inc.gov.np

आदिवासी जनजाति आयोग
INDIGENOUS NATIONALITIES COMMISSION
पुल्चोक, ललितपुर

पत्र संख्या : ०८१।८३
चलानी नं. : ४३०

मितिः-२०८३/०३/३२

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
वाग्मती प्रदेश, हेटौडा।

विषयः- वार्षिक प्रतिवेदन माथि छलफल सम्वन्धमा।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २९४(१) वमोजिम संवैधानिक निकायहरुले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गरी प्रधानमन्त्री मार्फत संघीय संसदमा पेश गर्ने र त्यसरी पेश गरिएको प्रतिवेदन माथि संसदीय समितिमा छलफल गर्ने गराउने संसदीय अभ्यास रहेको छ। त्यसैगरी, धारा २९४(३)मा "**संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्वन्धमा अलगअलग प्रतिवेदन तयार गरि प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने**" व्यवस्था अनुसार यस आयोगले वार्षिक प्रतिवेदन वाग्मती प्रदेश प्रमुख समक्ष निरन्तर पेश गरिरहेको छ। त्यस प्रदेशमा पेश गरिएको आयोगको प्रतिवेदन माथि हाल सम्म छलफल नहुँदा आयोगद्वारा सम्पादित कामको वारेमा प्रदेशका जनप्रतिनिधिहरु तथा सरोकारवाला समक्ष सम्प्रेषित नभई आदिवासी जनजाति आयोगको काम कारवाही सम्वन्धमा जनताहरु सुसूचित हुनवाट वञ्चित भएकोले आयोगका प्रतिवेदन प्रदेश सभा वैठकमा छलफल गराई आदिवासी जनजातिका हक अधिकार संरक्षण र सम्वर्दनमा सहयोग गरिदिन हुन आयोगको मिति २०८३/०३/३१को निर्णयानुसार अनुरोध छ।

प्रदिप राज अधिकारी
सचिव

वोधार्थः
श्री प्रदेश सभा सचिवालय,वाग्मती प्रदेश, हेटौडा।

टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : info@inc.gov.np

आदिवासी जनजाति आयोग
INDIGENOUS NATIONALITIES COMMISSION
पुल्चोक, ललितपुर

पत्र संख्या : ०८१।८३
चलानी नं. : ४३०

मिति:-२०८३/०३/३२

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर,सुर्खेत।

विषयः- वार्षिक प्रतिवेदन माथि छलफल सम्वन्धमा।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २९४(१) वमोजिम संवैधानिक निकायहरुले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गरी प्रधानमन्त्री मार्फत संघीय संसदमा पेश गर्ने र त्यसरी पेश गरिएको प्रतिवेदन माथि संसदीय समितिमा छलफल गर्ने गराउने संसदीय अभ्यास रहेको छ। त्यसैगरी, धारा २९४(३)मा **"संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्वन्धमा अलगअलग प्रतिवेदन तयार गरि प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने"** व्यवस्था अनुसार यस आयोगले वार्षिक प्रतिवेदन कर्णाली प्रदेश प्रमुख समक्ष निरन्तर पेश गरिरहेको छ। त्यस प्रदेशमा पेश गरिएको आयोगको प्रतिवेदन माथि हाल सम्म छलफल नहुँदा आयोगद्वारा सम्पादित कामको वारेमा प्रदेशका जनप्रतिनिधिहरु तथा सरोकारवाला समक्ष सम्प्रेषित नभई आदिवासी जनजाति आयोगको काम कारवाही सम्वन्धमा जनताहरु सुसूचित हुनवाट वञ्चित भएकोले आयोगका प्रतिवेदन प्रदेश सभा बैठकमा छलफल गराई आदिवासी जनजातिका हक अधिकार संरक्षण र सम्वर्दनमा सहयोग गरिदिन हुन आयोगको मिति २०८३/०३/३१ को निर्णयानुसार अनुरोध छ।

प्रदिप राज अधिकारी
सचिव

बोधार्थः
श्री प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश, सुर्खेत।

टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : info@inc.gov.np

आदिवासी जनजाति आयोग
INDIGENOUS NATIONALITIES COMMISSION
पुल्चोक, ललितपुर

पत्र संख्या : ०८१।८३
चलानी नं. : ४३०

मिति:-२०८३/०३/३२

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सुदुरपश्चिम प्रदेश, धनगढी।

विषयः- वार्षिक प्रतिवेदन माथि छलफल सम्वन्धमा।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २९४(१) वमोजिम संवैधानिक निकायहरुले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गरी प्रधानमन्त्री मार्फत संघीय संसदमा पेश गर्ने र त्यसरी पेश गरिएको प्रतिवेदन माथि संसदीय समितिमा छलफल गर्ने गराउने संसदीय अभ्यास रहेको छ। त्यसैगरी, धारा २९४(३)मा **"संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्वन्धमा अलगअलग प्रतिवेदन तयार गरि प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने"** व्यवस्था अनुसार यस आयोगले वार्षिक प्रतिवेदन सुदुरपश्चिम प्रदेश प्रमुख समक्ष निरन्तर पेश गरिरहेको छ। त्यस प्रदेशमा पेश गरिएको आयोगको प्रतिवेदन माथि हाल सम्म छलफल नहुँदा आयोगद्वारा सम्पादित कामको वारेमा प्रदेशका जनप्रतिनिधिहरु तथा सरोकारवाला समक्ष सम्प्रेषित नभई आदिवासी जनजाति आयोगको काम कारवाही सम्वन्धमा जनताहरु सुसूचित हुनवाट वञ्चित भएकोले आयोगका प्रतिवेदन प्रदेश सभा बैठकमा छलफल गराई आदिवासी जनजातिका हक अधिकार संरक्षण र सम्वर्दनमा सहयोग गरिदिन हुन आयोगको मिति २०८३/०३/३१ को निर्णयानुसार अनुरोध छ।

प्रदिप राज अधिकारी
सचिव

बोधार्थः
श्री प्रदेश सभा सचिवालय, सुदुरपश्चिम प्रदेश,धनगढी।

टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : info@inc.gov.np

आदिवासी जनजाति आयोग
INDIGENOUS NATIONALITIES COMMISSION
पुल्चोक, ललितपुर

पत्र संख्या : ०८२।८३
चलानी नं. : ४३०

मितिः-२०८३/०३/३२

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
मधेश प्रदेश, जनकपुरधाम,धनुषा।

बिषयः- वार्षिक प्रतिवेदन माथि छलफल सम्वन्धमा।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २९४(१) वमोजिम संवैधानिक निकायहरुले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गरी प्रधानमन्त्री मार्फत संघीय संसदमा पेश गर्ने र त्यसरी पेश गरिएको प्रतिवेदन माथि संसदीय समितिमा छलफल गर्ने गराउने संसदीय अभ्यास रहेको छ। त्यसैगरी, धारा २९४(३)मा **"संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्वन्धमा अलगअलग प्रतिवेदन तयार गरि प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने"** व्यवस्था अनुसार यस आयोगले वार्षिक प्रतिवेदन मधेश प्रदेश प्रमुख समक्ष निरन्तर पेश गरिरहेको छ। त्यस प्रदेशमा पेश गरिएको आयोगको प्रतिवेदन माथि हाल सम्म छलफल नहुँदा आयोगद्वारा सम्पादित कामको वारेमा प्रदेशका जनप्रतिनिधिहरु तथा सरोकारवाला समक्ष सम्प्रेषित नभई आदिवासी जनजाति आयोगको काम कारवाही सम्वन्धमा जनताहरु सुसूचित हुनवाट वञ्चित भएकोले आयोगका प्रतिवेदन प्रदेश सभा वैठकमा छलफल गराई आदिवासी जनजातिका हक अधिकार संरक्षण र सम्वर्दनमा सहयोग गरिदिन हुन आयोगको मिति २०८३/०३/३१ को निर्णयानुसार अनुरोध छ।

प्रदिप राज अधिकारी
सचिव

वोधार्थः
श्री प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम।

टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : info@inc.gov.np

आदिवासी जनजाति आयोग
INDIGENOUS NATIONALITIES COMMISSION
पुल्चोक, ललितपुर

पत्र संख्या : ०८२।८३
चलानी नं. : ४३०

मितिः-२०८३/०३/३२

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
गण्डकी प्रदेश, पोखरा।

बिषयः- वार्षिक प्रतिवेदन माथि छलफल सम्वन्धमा।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २९४(१) वमोजिम संवैधानिक निकायहरुले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गरी प्रधानमन्त्री मार्फत संघीय संसदमा पेश गर्ने र त्यसरी पेश गरिएको प्रतिवेदन माथि संसदीय समितिमा छलफल गर्ने गराउने संसदीय अभ्यास रहेको छ। त्यसैगरी, धारा २९४(३)मा **"संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्वन्धमा अलगअलग प्रतिवेदन तयार गरि प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने"** व्यवस्था अनुसार यस आयोगले वार्षिक प्रतिवेदन गण्डकी प्रदेश प्रमुख समक्ष निरन्तर पेश गरिरहेको छ। त्यस प्रदेशमा पेश गरिएको आयोगको प्रतिवेदन माथि हाल सम्म छलफल नहुँदा आयोगद्वारा सम्पादित कामको वारेमा प्रदेशका जनप्रतिनिधिहरु तथा सरोकारवाला समक्ष सम्प्रेषित नभई आदिवासी जनजाति आयोगको काम कारवाही सम्वन्धमा जनताहरु सुसूचित हुनवाट वञ्चित भएकोले आयोगका प्रतिवेदन प्रदेश सभा वैठकमा छलफल गराई आदिवासी जनजातिका हक अधिकार संरक्षण र सम्वर्दनमा सहयोग गरिदिन हुन आयोगको मिति २०८३/०३/३१ को निर्णयानुसार अनुरोध छ।

प्रदिप राज अधिकारी
सचिव

वोधार्थः
श्री प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश,पोखरा।

टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : info@inc.gov.np

आदिवासी जनजाति आयोग
INDIGENOUS NATIONALITIES COMMISSION
पुल्चोक, ललितपुर

पत्र संख्या : ०८१।८३
चलानी नं. : ४३०

मितिः-२०८३/०३/३२

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
लुम्बिनी प्रदेश, रासी उपत्यका।

बिषयः- <u>वार्षिक प्रतिवेदन माथि छलफल सम्वन्धमा।</u>

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २९४(१) वमोजिम संवैधानिक निकायहरुले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गरी प्रधानमन्त्री मार्फत संघीय संसदमा पेश गर्ने र त्यसरी पेश गरिएको प्रतिवेदन माथि संसदीय समितिमा छलफल गर्ने गराउने संसदीय अभ्यास रहेको छ। त्यसैगरी, धारा २९४(३)मा "**संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्वन्धमा अलगअलग प्रतिवेदन तयार गरि प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने**" व्यवस्था अनुसार यस आयोगले वार्षिक प्रतिवेदन लुम्बिनी प्रदेश प्रमुख समक्ष निरन्तर पेश गरिरहेको छ। त्यस प्रदेशमा पेश गरिएको आयोगको प्रतिवेदन माथि हाल सम्म छलफल नहुँदा आयोगद्वारा सम्पादित कामको वारेमा प्रदेशका जनप्रतिनिधिहरु तथा सरोकारवाला समक्ष सम्प्रेषित नभई आदिवासी जनजाति आयोगको काम कारवाही सम्वन्धमा जनताहरु सुसूचित हुनवाट वञ्चित भएकोले आयोगका प्रतिवेदन प्रदेश सभा वैठकमा छलफल गराई आदिवासी जनजातिका हक अधिकार संरक्षण र सम्वर्दनमा सहयोग गरिदिन हुन आयोगको मिति २०८३/०३/३१ को निर्णयानुसार अनुरोध छ।

प्रदिप राज अधिकारी
सचिव

वोधार्थः
श्री प्रदेश सभा सचिवालय, लुम्बिनी प्रदेश,रासी उपत्यका।

टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : info@inc.gov.np

आदिवासी जनजाति आयोग
INDIGENOUS NATIONALITIES COMMISSION
पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

प्रेस विज्ञप्ति

चितवन राष्ट्रिय निकुञ्जद्धारा संरक्षित हात्तीको आक्रमणले भरतपुर महानगरपालिका-१३ बेलहट्टामा आदिवासी जनजाति बोटे समुदायका एकै परिवारका दुईजनाको ज्यान लिएको अत्यन्तै दुःखद घटनाप्रति आदिवासी जनजाति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। आदिवासी जनजाति समुदायको परम्परागत वासस्थान रहेको क्षेत्रमा राज्यले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षणहरू स्थापना गर्ने र त्यहाँका आदिवासी जनजाति समुदायलाई वन्यजन्तुले ज्यान लिने गरेको घटना यो पहिलो नभई बारम्बार दोहोरिरहेको घटना हो । आयोगले सम्बन्धित क्षेत्रमा अनुगमन गर्दा निकुञ्जद्धारा संरक्षित बन्यजन्तुले आदिवासी जनजाति समुदायको परिवारको बारम्बार ज्यान लिएको, कृषिबाली नष्ट गरेको, घरपालुवा जनावरलाई खाइदिएको र सम्बन्धित निकायबाट उचित क्षतिपूर्ति नपाएको विषयमा वारम्वार ध्यानाकर्षण गराउँदा पनि राज्यले यस सम्बन्धमा आदिवासी जनजाति समुदायको कुरा नसुनेको र आदिवासी जनजाति समुदाय उत्पीडनमा परेको गुनासो आदिवासी जनजाति आयोग समक्ष आएको सन्दर्भमा फेरी पनि यस्तो घटना दोहोरिनु उचित होइन । चितवनमा घटेको उक्त घटनाप्रति चितवन राष्ट्रिय निकुञ्ज तथा सम्बन्धित सरकारी निकाय गम्भीर हुन र मृतकको परिवारलाई तुरून्त उचित क्षतिपूर्ति उपलब्ध गराउन आदिवासी जनजाति आयोग गम्भीर ध्यानाकर्षण गराउँदछ ।

२३ असार २०८३

रामबहादुर थापामगर
(अध्यक्ष)

टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : info@inc.gov.np

अध्यक्ष

आदिवासी जनजाति आयोग
Indigenous Nationalities Commission

Chairperson

प्रेस विज्ञप्ति

नेपाल सरकारले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्वा विकास समिति लगायतका आदिवासी जनजातिसँग सम्बन्धित संस्थाहरू खारेजी गरेको गोरखापत्रको समाचारले आदिवासी जनजाति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आफ्नै भाषा, धर्म, संस्कृति, प्रथाजनित कानुन, षरम्परागत ज्ञान र सीपका धनी नेपालका आदिवासी जनजाति समुदाय आधुनिक राज्य व्यवस्थाको स्थापनापछि राज्यको नीति निर्माण तथा कार्यान्वयनका निकायबाट वहिष्कृत हुँदै आए । आफ्नो समुदायको, पहिचान, पहुँच र प्रतिनिधित्वको लागि उनीहरूले गरेको लामो संघर्षको परिणाम र उनीहरूको विकास र समृद्धि तथा पहुँचको लागि तत्कालिन सरकारले आदिवासी जनजाति विकास समिति (२०५२) हुँदै आदिवासी जनजाति उत्थान रष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मार्फत आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना गरेको हो ।

आदिवासी जनजाति समुदायको विकास र समृद्धिको लागि राज्यको कार्यकारी प्रमुखको प्रत्यक्ष नेतृत्व र सहकार्य तथा आदिवासी जनजाति संघ संस्थाको समावेशी प्रतिनिधित्व हुनेगरी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान सञ्चालक परिषद् गठन हुने कानूनी व्यवस्था गरिएको हो । यसले आदिवासी जनजाति समुदायलाई आफ्नो प्रतिनिधित्व राज्यको निकायमा सुनिश्चित भएको र सरकारको प्रत्यक्ष अभिभावकत्व पाएको महसुस गराएको छ ।

आइएलओ महासन्धी नं. १६९ को धारा ३३ ले महासन्धि अनुमोदन गर्ने राष्ट्रले आदिवासी जनजाति समुदायको विकासको लागि उपयुक्त संस्था र संरचना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । छिमेकी देशहरू चीनमा कार्यकारी अधिकारसहितको जातीय मामिला आयोग र भारतमा आदिवासी आयोग तथा आदिवासी मामिला मन्त्रालय स्थापना भई कार्य गरीरहेको परिप्रेक्ष्यमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई अझ सक्षम र साधन श्रोत सम्पन्न गराउनु पर्नेमा खारेजीतिर जानु सान्दर्भिक नभएकोले प्रतिष्ठान खारेज गर्ने निर्णय नगर्न र गरेको भए सच्याउन सरकार समक्ष आदिवासी जनजाति आयोग हार्दिक अपील गर्दछ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान अन्य संस्था तथा निकाय जस्तो भौतिक विकास र श्रोत साधनको लागि नभई देशको ३५ प्रतिशत आदिवासी जनजाति समुदायको ज्ञान र सीपको संरक्षण एवं प्रवर्द्धन र राज्यप्रतिको भावनात्मक सम्बन्ध सुदृढ गर्ने निकाय भएकोले यसको खारेजीले ती समुदायमा राज्यप्रति वितृष्णा बढ्न गई राज्य र समुदायविच द्वन्द्व समेत हुन सक्ने भएकोले आदिवासी जनजाति आयोग सरकारालाई समयमै ध्यानाकर्षण गराउँदछ । धन्यवाद ।

२५ जेष्ठ २०८३

रामबहदुर थापामगर
(अध्यक्ष)

पुल्चोक, ललितपुर, नेपाल, फोन: (+९७७) -१-५५२४७८८, ५५२४४२४, Email: inc.gov.np@gmail.com, Website: www.inc.gov.np

आदिवासी जनजाति आयोग

Indigenous Nationalities Commission

अध्यक्ष

Chairperson

प्रेस विज्ञप्ति

यही भाद्र २३ र २४ गते भएको जेन. जी. समूहको शान्तिपूर्ण आन्दोलन अचानक हिंसात्मक रूपमा परिणत हुँदा अकल्पनीय घटना घट्यो जसले गर्दा सत्तरी जना भन्दा बढीको मृत्यू र हजारौं घाईते भई देशले अपुरणीय मानवीय तथा भौतिक क्षति व्यहोर्नु पर्‌यो । आन्दोलनमा मृत्यूहुने सबैप्रति आदिवासी जनजाति आयोग हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ र शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना तथा घाइतेहरूप्रति शीघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्दछ ।

देश अहिले सङ्क्रमणकालिन अवस्थाबाट गुज्रिरहेको छ । सङ्क्रमणकालिन समय व्यवस्थापनको लागि सम्माननीय राष्ट्रपतिज्यूबाट अन्तरिम सरकारको गठन र आगामी फाल्गुन २१ गते प्रतिनिधिसभा निर्वाचनको मितिसमेत घोषणा भइसकेको छ । यो नयाँ परिस्थितिमा आदिवासी जनजातिले विगत लामो समयदेखि आफ्नो हक अधिकार र राज्य व्यवस्थामा पहुँच र प्रतिनिधित्वको लागि गरेको सङ्घर्ष र बलिदानलाई आत्मसाथ गर्दै आदिवासी जनजाति समुदायको हक अधिकारलाई विशेष ध्यानमा राखि उनीहरूको पहुँच र प्रतिनिधित्वको अधिकार हनन् नहुने गरी अब गठन हुने मन्त्रिमण्डलमा आदिवासी जनजातिको समानुपातिक सहभागिताको अधिकार सुनिश्चित गर्न, गराउन आयोग सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू र नवनियुक्त सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीज्यूसमक्ष हार्दिक अनुरोध गर्दछ ।

भौतिक विज्ञानको नियम अनुसार हरेक द्वन्द्व र सङ्घर्षले नयाँ परिणाम ल्याउँछ । तर, परिवर्तनको परिणाम राजनीति र समाज विज्ञानमा सधै र सबैतिर सुखद् नहुन सक्छ । यसमा मानव समुदायले सकारात्मक परिणामको लागि हरदम परिवर्तनको राम्रो व्यवस्थापन गर्न आवश्यक पर्ने पाठ विश्व इतिहासले सिकाएको छ । यसर्थ, संक्रमणकालको राम्रो व्यवस्थापनमा हरदम प्रयासरत रहनु पर्दछ । यो समयमा आदिवासी जनजाति हक अधिकार संरक्षण, सम्वर्धन र प्रवर्धनको लागि सरकार क्रियाशिल होस् भन्ने आयोगले चाहेको छ । आदिवासी जनजाति समुदायले हाल प्राप्त गरेको पहुँच र प्रतिनिधित्वको अधिकार त्यसै आएको होइन यसमा हाम्रा पूर्वज र अग्रजको ठूलो बलिदानी र सङ्घर्ष रहेको छ । यो सङक्रमणकाललाई कुशलतापूर्वक व्यवस्थापन गर्ने अभिन्न अंग बन्दै आफ्नो समुदायको आदिवासी जनजाति मानव अधिकार संरक्षण र बाँकी थप उपलब्धि हासिल गर्नको लागि सरकार र सम्बन्धित निकायसँग समन्वय गरी निरन्तर अगाडि बढ्न स्वदेश र विदेशमा रहनु भएका आदिवासी जनजाति समुदाय र ती समुदायसँग सम्बन्धित सङ्घ सङ्गठनका प्रतिनिधिहरूलाई यो समयमा जागरूक मात्रै होइन क्रियाशिल रहन सम्बन्धित सबैमा आयोग हार्दिक अपिल गर्दछ । धन्यवाद ।

(रामबहादुर थापामगर)

२९ भाद्र २०८२, पुल्चोक, ललितपुर ।

पुल्चोक, ललितपुर, नेपाल, फोन: (+९७७) -१-५५२४७८८, ५५२४४२४, Email: inc.gov.np@gmail.com, Website: www.inc.gov.np

आदिवासी जनजाति आयोग
Indigenous Nationalities Commission

अध्यक्ष

Chairperson

शोक वक्तव्य

यही मिति २०८३ भाद्र १० गते नेपाल-चीन सीमा रसुवागढी हुँदै भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण हालसम्म करिब एक हजार जनाको अमूल्य ज्यान गएको, करिब चार हजार जना सम्पर्कबिहीन रहेको र सयौं जना घाइते भई खरबौको क्षति भएको घटनाप्रति आदिवासी जनजाति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । प्राकृतिक विपद्को यस विनासकारी रूपले नागरिकहरूले ज्यान गुमाउनुपरेको खबरले आयोग स्तब्ध र मर्माहत भएको छ । ऐतिहासिक रूपमै आवास, भूमि र सामाजिक सुरक्षाको अभाव झेल्दै आएका रसुवा, नुवाकोट र धादिङलगायतका जिल्लाहरुका आदिवासी जनजाति समुदाय नदी किनार तथा पहाडका जोखिमयुक्त क्षेत्रमा बस्न बाध्य हुनु र यस्ता विपदबाट प्रभावित हुनु गम्भीर विषय हो । तीर्थाटन तथा पर्यटक र विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको कामको लागि त्यहाँ पुगेका विभिन्न धर्म र समुदायका मानिसहरुको अकल्पनीय घटना भएको यस दुःखद् घडीमा ज्यान गुमाउने सम्पूर्ण नागरिकहरूप्रति आदिवासी जनजाति आयोग भावपूर्ण श्रद्धाञ्जली र शोकाकूल परिवारजन र मृतकका सम्पूर्ण परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछ ।

यस विषम परिस्थितिमा बेपत्ताहरुको खोजी कार्य तीव्र पार्दै घाइतेहरुको शीघ्र उपचार तथा बाढीबाट विस्थापित भएका परिवारलाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गरी गाँस, बास र कपासको व्यवस्था गर्न; मृतकका परिवारलाई अविलम्ब उचित राहत उपलब्ध गराउन र जोखिमयुक्त क्षेत्रमा रहेका आदिवासी जनजातिलगायत सबै समुदायका लागि सुरक्षित र स्थायी आवासको व्यवस्था मिलाई उनीहरूको सम्मानपूर्वक बस्न र बाँच्न पाउने अधिकार सुनिश्चित गर्न आयोग नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

प्राकृतिक विपदबाट घाइते हुनेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उद्धार कार्यमा खटिनुहुने सुरक्षा निकाय, स्थानीय नागरिक र अधिकारकर्मीलाई आयोग धन्यवाद ज्ञापन गर्दछ । यो विपद्को बेलामा एकजुट भई उद्दार कार्यमा लाग्न सबैमा अनुरोध गर्दछ ।

भाद्र १६, २०८३

रामबहादुर थापामगर
अध्यक्ष

पुल्चोक, ललितपुर, नेपाल, फोन: (+९७७)-१-५५२४७८८, ५५२४४२४, Email: inc.gov.np@gmail.com, Website: www.inc.gov.np

आदिवासी जनजाति आयोग
Indigenous Nationalities Commission
अध्यक्ष
Chairperson

राष्ट्रिय निकुञ्ज तथा हाइड्रोपावर परियोजनाले आदिवासी जनजाति समुदायलाई पारेको असरबारे आयोगको अनुगमन कार्यक्रम सम्बन्धी प्रेस विज्ञप्ति

आदिवासी जनजाति समुदायको हक अधिकार कार्यन्वयनको अनुगमन आयोगको महन्वपूर्ण काम हो । सरकारी तथा गैर सरकारी निकायले सञ्चालन गरेका विभिन्न परियोजनाको असरले आदिवासी जनजाति समुदाय आफ्नो परम्परागत भूमिबाट विस्थापनदेखि जिविकोपार्जनमा भोग्नु परेको कठिनाई र जंगली जनावरबाट मृत्यूवरणसम्म गर्न वाध्य छन् । यसै सन्दर्भमा आयोगबाट राष्ट्रिय निकुञ्ज तथा हाइड्रोपावर परियोजनाद्धारा आदिवासी जनजाति समुदायलाई पारेको असर बारे जेष्ठ २६ देखि असार ३० सम्म संखुवासभाको बरूण हाइड्रोपावर परियोजना र मकालु बरूण राष्ट्रिय निकुञ्ज, सोलुखुम्बुको महाकुलुङ् गाउँपालिकास्थित मकालु बरूण राष्ट्रिय निकुञ्ज तथा गौरिशंकर हाइड्रो डेभलपर्स र एपेक्स मकालु, कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र उदयपुर तथा चितवनको बोटे समुदायको अवस्था र बोटे समुदायको दुई व्यक्तिलाई हात्तिले मारेको घटनाबारे स्थलगत अनुगमन गरीएको थियो । स्थलगत अनुगमन तथा सम्बन्धित निकायका पदाधिकारी, प्रतिनिधि र समुदायसँगको छलफलमा देखे भेटेको मुख्य तथ्य निम्न छन् :

(क) संखुवासभास्थित बरूण नदी हिन्दु तथा बौद्ध धर्मालम्बीको पवित्र धार्मिक आस्थाको केन्द्र भएकोले हाइड्रोपावर परियोजनाले सम्बद्ध धार्मिक तथा स्थानीय आदिवसी जनजाति समुदायको धार्मिक आस्थामा खलल पुग्ने भएकोले निकुञ्ज भित्र हाइड्रोपावर परियोजना सञ्चालन अनुमति प्रदान गर्ने निकाय, निकुञ्ज र स्थानीय सरकारप्रति स्थानिय आदिवासी जनजाति समुदायको रोषपूर्ण विमति र परियोजना हटाउने पर्ने समुदायको माग रहेको ।

(ख) महाकुलुङ गाउँपालिकामा निर्माणाधिन गौरी शंकर हाईड्रो डेभलपर्स र एपेक्स मकालुद्धरा सञ्चालित हाइड्रोपावर परियोजनाले आदिवासी जनजाति समुदायको हक अधिकार स्वतन्त्र, पूर्व सूसुचित सहमति र सामाजिक तथा आर्थिक अधिकार पूर्णरूपमा पालन नभएको । मकालु बरूण राष्ट्रिय निकुञ्जद्धारा आदिवासी जनजातिको परम्परागत भूमि, संस्कृति र पेशामा खलल पुर्‍याएको र संरक्षित वन्य जन्तुले मानिसको ज्यान लिदा पनि उचित व्यवस्थापनमा वेवास्ता गर्दा ३ दिनसम्म मृतकको लाश निकुञ्जमा प्रदर्शन गर्न परेको, आवश्यक बन पैदावार उपभोगको लागि निकुञ्जबाट हैरानी र दुर्व्यवहार खेप्नु परेकोले निकुञ्ज प्रशासनको स्थानीय समुदायप्रतिको व्यवहारमा परिवर्तन र निकुञ्ज सञ्चालन ऐन, नियम तथा नियमावली संसोधन गर्नु पर्ने ।

(ग) शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट विस्थापित १९६१ घरपरिवारलाई ससम्मान क्षतिपूर्तीसहित यथाशिघ्र पुनरस्स्थापित गराउनु पर्ने, यथाशिघ्र समस्या समाधानमा ढिलाई भए नयाँ नयाँ विस्थापित जन्मिरहने देखिएकोले तुरून्तै समस्या समाधान हुनु पर्ने र अन्य व्यवस्था नहुञ्जेल निकुञ्ज भित्रको शिविरमा बस्ने समुदायलाई उनीहरूको पेशा, व्यवशाय र जिविकोपार्जनमा संघीय, प्रदेश र स्थानीय सरकाले आवश्यक सहजिकरण गर्नु पर्ने ।

(घ) उदयपुर र चितवनका बोटे समुदायको परम्परागत पेशा र व्यवसायको हक अधिकार सुरक्षित गर्दै निकुञ्जद्धारा संरक्षित हात्तिको आक्रमणबाट भरतपुर २३ बेलहट्टानिवासी पुनु बोटेको हजुर बा र आमाको १४ वर्ष अगाडि मृत्यू भएको र असार २० गते घटना दोहोरिएर श्रीमति आशिका बोटे (२५) र छोरा भरत बोटे (४) को मृत्यु भएकोले यस्तो दुःखद घट्ना दोहोरिन नदिन निकुञ्जले अत्यावश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ङ) उल्लेखित घटनाको साथै देशका अन्य स्थानमा सञ्चालित हाइ्रोपावर परियोजना र राष्ट्रिय निकुञ्जले आदिवासी जनजाति समुदायलाई परम्परागत भूमिबाट विस्थापन र जिविकोपार्जनमा गम्भिर असर पुर्‍याएको अनुगमनको क्रममा भेटिएकोले उनीहरूको सम्मानपूर्वक बाँच्न र वस्न पाउने संवैधानिक अधिकार संरक्षणको उचित व्यवस्था गर्न आदिवासी जनजाति आयोग सरकार (संघीय, प्रदेश र स्थानीय) र सम्बन्धित निकायको गम्भिर ध्यानाकर्षण गराउँदछ ।

३२ असार २०८३, ललितपुर ।

(रामबहादुर थापामगर)
अध्यक्ष

पुल्चोक, ललितपुर, नेपाल, फोन: (+९७७) -१-५५२४७८८, ५५२४४२४, Email: inc.gov.np@gmail.com, Website: www.inc.gov.np

अनुसूची ५

केही महत्वपूर्ण कार्यक्रमका तस्वीरहरु



आयोगको छैठौं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल समक्ष पेश गर्नुहुँदै आयोगका अध्यक्ष माननीय रामबहादुर थापामगर । ३१ असोज २०८२ ।






आयोगको पाँचौं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल समक्ष पेश गर्नुहुँदै आयोगका अध्यक्ष माननीय रामबहादुर थापामगर । २०८१, असोज ।



आयोगको दोस्रो वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष पेश गर्नुहुँदै आयोगका अध्यक्ष माननीय रामबहादुर थापामगर । २०७८, असोज ।



आयोगको दोस्रो वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष पेश गरेपश्चात् ।
आयोगका पदाधिकारी तथा कर्मचारीहरू । २०७८, असोज ।



३२औं विश्व आदिवासी दिवस समारोहमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेललाई स्वागत गर्नुहुँदै
आयोगका अध्यक्ष माननीय रामबहादुर थापामगर । २४ साउन २०८३, जमल, काठमाडौं ।



३२औं विश्व आदिवासी दिवस समारोहमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलद्वारा डम्फु बजाई कार्यक्रमको उद्घाटन गर्नुहुँदै । (तल) साथै सोही कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सम्माननीय राष्ट्रपति ।





आयोगको पाँचौं वार्षिक उत्सव समारोहलाई सम्बोधन गर्नुहुँदै सम्माननीय उपराष्ट्रपति रामसहायप्रसाद यादव । २१ माघ २०८२ ।



आयोगको पाँचौं वार्षिक उत्सव समारोहमा अतिथि तथा सहभागीहरू ।





आदिवासी जनजाति आयोगलगायत संवैधानिक आयोगहरुबीच समसामयिक विषयमा अन्तक्रिया ।



नेपाल सरकारका विभिन्न मन्त्रालयका मन्त्री तथा आदिवासी जनजाति समुदायका प्रतिनिधिहरुबीच उच्चस्तरीय छलफल कार्यक्रम ।



धार्मिक तथा अल्पसंख्यक समुदायको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय समाधिक्षक प्रोफेसर निकोलस लेभ्रान्टसँगको छलफलपश्चात्, आयोगको कार्यालय, पुल्चोक, ललितपुर ।



संयुक्त राष्ट्र संघ, आदिवासी जनजाति मामिलासम्बन्धी स्थायी मञ्चको कार्यक्रममा सहभागी हुँदै आयोगका तत्कालीन सचिव बुद्धबहादुर गुरुङ । न्यूयोर्क, अमेरिका ।


Marking the Signing of the Memorandum of Understanding
between the Indigenous Nationalities Commission of Nepal
and the National Ethnic Affairs Commission of the
People's Republic of China.
Commemoration Programme
February 25, 2026
Kathmandu, Nepal
Organizer:
Indigenous Nationalities Commission
Pulchowk, Lalitpur











रसुवाको भोटेकोशी बाढीले आदिवासी जनजाति समुदायमा पुऱ्याएको क्षतिको अनुगमन तथा आदिवासी जनजाति समुदायसँग अन्तर्क्रिया ।



सिजाङ प्रान्तका बुद्धिजिवि महिलाहरुसँग अन्तर्क्रिया, चीन ।



सदस्य शरण राईद्वारा विश्व आदिवासी दिवसको अवसरमा कार्यक्रम उद्घाटन, हङकङ ।





आदिवासी जनजाति समुदायको अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणसम्बन्धी छलफल कार्यक्रम । काठमाडौं ।



संविधानको धारा ५६ (५) को प्रावधान अनुसार आदिवासी जनजाति समुदायको विशेष, संरक्षित वा स्वायत्त क्षेत्र विषयक आदिवासी जनजाति ज्ञान सम्मेलन २०८२ कार्यक्रम, काठमाडौं ।



राष्ट्रिय सभाका अध्यक्ष, नेपाल सरकारका मन्त्री, संघीय संसदका सांसद र आदिवासी जनजाति प्रतिनिधिहरूसँगको अन्तरक्रिया कार्यक्रम । ललितपुर ।







जेनजी आन्दोलन र आदिवासी जनजातिहरूको सरोकारबारे जेनजी र आदिवासी जनजाति प्रतिनिधिहरूसँग अन्तरक्रिया कार्यक्रम ।





मातृभाषा, सांस्कृतिक सम्पदा र पहिचान र अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण तथा व्यवस्थापन विषयक अन्तरक्रिया कार्यक्रम ।





संसदीय समितिमा आदिवासी जनजाति आयोगको कार्यप्रगतिबारे छलफल । सिंहदरबार, काठमाडौं ।




प्रतिनिधि सभामा आदिवासी जनजाति प्रतिनिधित्व विषयमा अन्तरक्रिया ।



संविधान संशोधनसम्बन्धी आयोगद्वारा सरकारलाई गरेको सिफारिस सार्वजनिकीकरण कार्यक्रम ।



संयुक्त राष्ट्रसंघ, नेपाल सरकार र सम्बन्धित निकायबीचको समीक्षा कार्यक्रम । जमल, काठमाडौं ।



नेपालका लागि चीनका महामहिम राजदुत चेन सङ (माथि)
र डा. माओ मिङ (तल) सँगको भेटवार्ता तथा छलफल ।



आयोगको मुख्य काम, कर्तव्य र अधिकार

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ मा आयोगका १९ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था छ। तिनका आधारमा आयोगका प्रमुख काम, कर्तव्य र अधिकार निम्न छन् :

- संविधान र कानूनमा उल्लेखित आदिवासी जनजातिका हक अधिकार सरकारी तथा गैरसरकारी निकायले कार्यान्वयन गरे/नगरेको अनुगमन गर्ने र कार्यान्वयनका लागि सरकारलाई सिफारिस गर्ने।
- आदिवासी जनजातिका अधिकारसम्बन्धी विभेदपूर्ण कानूनहरूको संशोधन तथा आवश्यक नयाँ कानून निर्माणका लागि सरकारलाई सिफारिस गर्ने।
- आदिवासी जनजाति समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि-सम्झौता र घोषणा कार्यान्वयनका लागि सिफारिस गर्ने।
- आदिवासी जनजाति अधिकारको बहस, पैरवी र सशक्तीकरणका कार्यक्रम गर्ने।
- आदिवासी जनजाति नीति तथा कार्यक्रमको अध्ययन गरी आवश्यक सिफारिस गर्ने।
- आदिवासी जनजातिको समग्र विकाससम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी सरकारलाई कार्यान्वयनका लागि सिफारिस गर्ने।





आदिवासी जनजाति आयोग

पुल्चोक, ललितपुर, नेपाल

फोनः (+९७७)-१-५४२४७८८, ५४२००५८

इमेलः info@inc.gov.np

वेभसाइटः www.inc.gov.np